# कोल्हबी  नगरपालिकाको शैक्षिक योजना

## २०८१ -२०८७



**प्रकाशक**

**कोल्हबी नगरपालिका,बारा**

**२०८१**

**तयारकर्ता:** **कार्यदल**

१. श्री सलाउदीन अन्सारी -संयोजक
२. श्री मंजु राम-कार्यपालिका सदस्य
३. श्री चन्द्रदेव कुशवाहा प्र अ
४. श्री भुनेश्वर चौधरी -प्र अ
५. श्री किशोरी चौधरी-बि. व्य. स अदक्ष
६. श्री रिद्धीराज शर्मा-शिक्षा विद्ध
७. श्री मिश्री लाल साह -सदस्य सचिब
८. श्री प्रमोद महत

| | |
|---|---|
| प्रकाशकः | कोल्हबी नगरपालिका,बारा |
| प्रकाशन प्रतिः | |
| सर्वाधिकारः | प्रकाशकमा |
| मुद्रणः | |
| प्रमाणित मितिः | २०८१ |
| प्रकाशन मितिः | २०८१ |
| प्राविधिक सहयोग | शिक्षा विकास तथा समन्वय इकाई,<br>प्रारम्भिक कक्षा सिकाई कार्यक्रम (श्री प्रमोद महत (LEU Coordinator-EGL,बारा) |

# हाम्रो भनाई



देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरु हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरुप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र नगरपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो कोल्हबी सुम्पन नगरपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको सर्वविदित नै छ। कोल्हबी नगरपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना (२०२४—२०३०) तयार गरी कार्यान्वयन हुने क्रममा रहेको छ।

शिक्षा क्षेत्रको योजना यस नगरपालिकाको समग्र शैक्षिक क्षेत्रको मार्गदर्शन हो। यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरुमा शैक्षिक कार्यक्रमहरु तयार गर्दै अगाडि बढ्ने अपेक्षा नगरपालिकाले राखेको छ। यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरुको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु।


राम प्रसाद चौधरी

नगर प्रमुख

कोल्हबी नगरपालिका,बारा

# मेरो भनाई



देश विकासका लागि योजनाले मार्गदर्शन गर्दछ । यो निरन्तर चलिरहने प्रक्रिया हो । यसैका आधारमा राष्ट्रले अपेक्षा गरेका उपलब्धिहरू हासिल भई समृद्धि तर्फ उन्मुख हुन्छ । स्थानीय तहको निर्वाचन पश्चात स्थानीय तहमा दिएको अधिकार अनुरूप स्थानीय सरकार सञ्चालन ऐनले आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अधिकारहरू स्थानीय तहलाई हस्तान्तरण गरेको अवस्थामा विद्यालय शिक्षा लगायत समग्र नगरपालिकाको शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरू तयार गरी वर्तमान एवम् भावी पुस्तालाई सुनौलो कोल्हबी नगरपालिकाले स्थानीय तहको शिक्षामा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको सर्वविदित नै छ। कोल्हबी नगरपालिकाले यस पालिकाको शैक्षिक सुधार गरी गुणस्तरीयता ल्याउन शिक्षा क्षेत्रको योजना (२०२१—२०३०) तयार गरी कार्यान्वयन हुने क्रममा रहेको । शिक्षा क्षेत्रको योजना यस नगरपालिकाको समग्र शैक्षिक क्षेत्रको १० वर्ष मार्गदर्शन हो । यहि मार्गदर्शनका आधारमा आगामी वर्षहरूमा शैक्षिक कार्यक्रमहरू तयार गर्दै अगाडि बढ्ने अपेक्षा नगरपालिकाले राखेको छ । यस शिक्षा क्षेत्रको योजना निर्माणमा सामाजिक विकास समिति, शिक्षा युवा तथा खेलकुद शाखा, शिक्षा क्षेत्रको योजना निर्माण समिति, प्राविधिक समिति र सम्पूर्ण महानुभावहरूको सहयोग, सुझाव, सल्लाहप्रति विशेष धन्यवाद दिन चाहन्छु।

लक्ष्मी कुमारी चौधरी
नगर उप प्रमुख
कोल्हबी नगरपालिक,बारा

# प्राक्कथन



शिक्षामा सबैको पहुँच,गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री,समान सहभागिता,शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभावरहित अवसर,प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो । दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन,शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ । कोल्हबी नगरपालिका शिक्षा,युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ। शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नु हुने कोल्हबी नगरपालिका तथा प्राविधिक सहयोग रुपामा सहयोग गर्ने सामाजिक विकास मन्त्रालय योजना महाशाखा (शिक्षा) र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय प्रति धन्यवाद व्यक्त गर्दछौ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्त्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह-सुझाव प्रदान गरी सहयोग पुऱ्याउने नगरपालिका परिवार,नगर शिक्षा समिति,नेपाल शिक्षक महासंघ,शिक्षकका पेशागत संघ संगठन, विद्यार्थी,अभिभावक शिक्षाप्रेमी राजनीतिक दल,तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ।

पितानाथ लुइँटेल
प्रमुख प्रशासकीय अधिकृत
कोल्हबी नगरपालिका,बारा

# केहि कुरा



शिक्षामा सबैको पहुँच, गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता, शिक्षामा लैङ्गिक तथा सामाजिक भेदभाव रहित अवसर, प्रभावकारी शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो। दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन, शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवाला पक्षहरु सँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुऱ्याउँछ । कोल्हबी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्ननयका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ । शिक्षा क्षेत्रको योजना तयारका लागि प्राविधिक रुपमा सहयोग गर्ने **USAID÷s Early Grade Learning** (प्रारम्भिक कक्षा सिकाई) कार्यक्रमका शिक्षा इकाई संयोजक श्री प्रमोद महत प्रति धन्यवाद व्यक्त गर्दछौ ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्त्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समय-समयमा सल्लाह-सुझाव प्रदान गरी सहयोग पुऱ्याउने नगरपालिका परिवार, नगर शिक्षा समिति, नेपाल शिक्षक महासंघ, शिक्षकका पेशागत संघ संगठन,विद्यार्थी, अभिभावक, शिक्षाप्रेमी राजनीतिक दल, तथ्याङ्क संकलनकर्ता महानुभावहरुप्रति आभार प्रकट गर्दै आगामी दिनमा पुरुष्कृत गर्दै अगाडि बढ्नका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ।

मिश्रीलाल साह
शिक्षा अधिकृत
कोल्हबी नगरपालिका,बारा

# बिषय सुची

योजनाको सारांश

क) बिषय प्रवेश

ख) शिक्षा योजना निर्माणको आबस्यकता र औचित्य

ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

घ) शिक्षा योजना निर्माणका आधार

ङ) शिक्षा योजना निर्माण प्रक्रिया

च) योजनाको लेखाजोखा

छ) योजनाको दस्तावेजको स्वरूप

**परिक्षेद १ : परिचय**

१.१ बर्तमान अवस्था

१.२ मुख्य समस्या तथा चुनौतीहरुको बिश्लेषण

१.३ शिक्षा क्षेत्रका चुनौतिको (SWOT) बिश्लेषण

१.४ अबसर

**परिक्षेद २ : दुर दृश्टी, उदेश्य, रणनिति तथा लक्ष निर्धारण**

२.१ स्थानीय तहमा योजना निर्माण गर्दा लिनु पर्ने आधार

२.२ दुर दृष्टी

२.३ लक्ष्य

२.४ उदेश्य

२.५.रणनिति

२.६ कार्यनीति

२.७ अपेक्षित उपलब्धि

२.८ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण

**परिक्षेद ३ बिद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र**

३.१ प्रारम्भिक बाल बिकास र शिक्षा

३.२ आधारभूत शिक्षा

३.३ माध्यमिक शिक्षा

३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाई

**परिक्षेद ४ अन्तर सम्बन्धित बिषय तथा क्षेत्र**

४.१ पाठ्यक्रम,पाठ्यपुस्तक,सिकाई सामग्री तथा मुल्यांकन

४.२ शिक्षक ब्यबस्थापन र बिकास

४.३ शैक्षिक समता र समावेशीकरण

४.४ बिद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

४.५ बिद्यालय सुरक्षा,  विपद न्युनिकरण तथा उत्पादनशीलता

४.६ बिद्यालय भौतिक पूवाधार बिकास

४.७ बिद्यालयमा सूचना तथा संचार प्रविधी

**परिक्षेद ५ सुशासन तथा ब्यबस्थापन**

**५.१** शिक्षाको ब्यबस्थापन तथा संस्थागत क्षमता बिकास

५.२ स्थानीय शिक्षा योजनाको कार्यान्यनको प्रवन्ध

**परिक्षेद ६ लगानी र श्रोत व्यवस्थापन**

**परिक्षेद ७ अनुगमन र मुल्यांकन**

**परिक्षेद ८ प्रमुख कार्य सम्पादन सूचकहरु**

# योजनाको सारांश

## क) विषय प्रवेश

शैक्षिक सेवाहरु प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको शिक्षा योजना निर्माण भै कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भैरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हाँसिल गर्नका लागि स्थानीय सरकारहरूले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकताहरूलाई प्राथमिकतामा राखी स्थानीयस्तरमा शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । यसै सन्दर्भमा शिक्षा योजना तयार गरिएको छ ।

## ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य तथा विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यहरुलाई संघीय संरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ । नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभुत तथा माध्यमिक तहको लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानहरुलाई कार्यान्वयन गर्न यस नगरपालिकाले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य ठानेको छ । विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन,सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय

शिक्षा क्षेत्र योजना (School Education Sector Plan) तयार गरेको छ । यसै आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । यसै परिवेशमा सबै स्थानीय तहहरूले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नु पर्ने आवश्यकतालाई महशुस गरी स्थानीय शिक्षा योजना तयार गरिएको हो ।

## १.१ स्थानीय तहको शिक्षा योजना निर्माणको औचित्य र यससँग सम्बन्धित प्रमुख नीतिगत र योजना/कार्यक्रमगत पक्षहरू:

- संघ र प्रदेशबाट प्रदान गरिने स्रोतलाई योजनामा आधारित बनाइ व्यवस्थापन, परिचालन र उपयोग गर्न,
- तीनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्धन स्थापित गर्न,
- कार्यक्रम र स्रोतमा देखिएका अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमताआदि जस्ता समस्याहरूलाई न्यूनीकरण गर्न,
- साझा बिषयहरुमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।

## १. शिक्षा योजना निर्माण प्रक्रिया

स्थानीय तहको शिक्षा योजना निर्माण गर्न शिक्षा समितिको निर्णय र नेतृत्वमा गरिएको छ । यो योजना निर्माण गर्न सम्पूर्ण सरोकारवालाहरुको भेला बाट कार्यदल गठन गरी आबस्यक निर्णय गरी कार्य अगाढी बढाएको छ । शिक्षा योजना निर्माण कार्यदलमा शिक्षा विद,समाजसेवी लागे अन्य व्यक्तित्व हरुको सहभागितामा तयार गरिएको छ । कार्यदलको पटक पटकको बैठक, छलफल, फिल्ड अनुगमन, मस्यौदा तयारी, सुझाब संकलन र पुनर्लेखन पश्चात यो मस्यौदा तयार गरिएको छ ।

## २.१ योजना निर्माणका आधारहरुः

शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजहरुको अध्यावधिक प्रतिलाइ मूल आधार लिएको छ । यसका अतिरिक्त अन्य सान्दर्मिक सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ ।

क) नेपालको संविधान

ख) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन लगायत विद्यमान विद्यालय शिक्षा सम्वन्धी ऐन, नियमावली,

ग) विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)

घ) शिक्षा नीतिहरु मूलतः राष्ट्रिय शिक्षा नीति, शिक्षाको सोचपत्र, सोह्रौं योजना लगायत आवधिक योजना,

ङ) दीगो विकास लक्ष्य राष्ट्रिय प्रारूप

च) स्थानीय विकास योजना

छ) स्थानीय तहको मध्यमकालिन खर्च संरचना, वार्षिक विकास कार्यक्रम तथा बजेट

ज) Recovery and Accelerated Learning (ReAL) Plan२०२३-२०२८

झ) विद्यालय शिक्षामा समता रणनीति

ञ) राष्ट्रिय जनगणनाको प्रतिबेदन २०७८

ट) विद्यालयगत भए गरेका आयव्यय विवरण (सकेसम्म सबै विद्यालयको)

ठ) अन्य सरकारी र गैरसरकारी संघसंस्थाहरूको शिक्षासम्बन्धी कार्यक्रमहरू, आदि ।

स्थानीय शिक्षा योजना निर्माण गर्दा स्थानीयतहले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य,पूर्वाधार विकास,आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमूना विद्यालय विकास योजना जस्ता विभिन्न योजनाहरूलाई पनि मध्यनजर गरी यस्ता विभिन्न योजनाहरूबीचको अन्तर्सम्बन्धमा जोड दिइएको छ । यसका साथै शिक्षा योजना निर्माण गर्दा स्थानीय बालमैत्री र अपाङ्गमैत्री,विभिन्न प्रकोप तथा जलवायु परिवर्तनप्रति उत्थानशील, सफा तथा स्वच्छ भौतिक पूर्वाधार निर्माण गरी अनुकुल सिकाई वातावरणको सुनिश्चितता समेत गरेको छ ।

## २.२ योजना निर्माण प्रक्रिया

नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट नीतिगत मार्गदर्शन पश्चात् सन् २०२० को मे महिनाबाट यो योजनाको शुरुवात भएको हो । यस स्थानीय शिक्षा योजनाको निर्माण कार्य सहभागितामूलक प्रक्रिया बाट गर्दा प्रभावकारी र राम्रो हुने भएकोले सोहि अनुसार निम्न प्रक्रियाहरु अबलम्बन गरि तयार गरिएको छ । योजना निर्माण गर्ने क्रममा कोल्हबीले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेको छ । समग्रमा योजनाको कार्यलाई ब्यवस्थित बनाउनको लागि तलको चरणहरु पुरा गरिएको थियो । यस शिक्षा योजना निर्माणको क्रममा अवलम्वन गरिएका प्रक्रियाहरुमा समाबेश भएका सहभागीहरु तथा बैठकका निर्णयहरुअनुसूचीमा समावेश गरिएको छ ।

- प्रारम्भिक कक्षा सिकाई कार्यक्रमको प्राविधिक सहयोग र शिक्षा विकास तथा समन्वय इकाइ बाराको आबश्यक सल्लाह बमोजिम कार्य अगाढी बढाएको ।
- कार्यपालिकाको बैठकले शिक्षा योजना निमार्णका लागि कार्यदेश सहितको योजना निर्माण कार्यदलको गठन भएको ।
- कार्यदलको बैठक बसी शिक्षा योजनाको लागि कार्ययोजना बनाइ कामको बाँडफाड गरिएको ।
- कार्यदलले शिक्षा योजना लेखनको लागि लेखन समुह निर्माण गरी लेखन समुहलाई अभिमूखीकरण गरी कामको विभाजन गरिएको ।
- विभिन्न चरणको छलफल तथा अन्तरक्रियाबाट शिक्षा योजना प्रमाणित गरिएको ।
- शिक्षा योजना लेखन समुहबाट योजनाको लेखन तथा लेखन समुहको छलफल तथा अन्तरक्रियाबाट पहिलो डाफ्ट तयार गरिएको ।
- पालिकाको टिम र कार्यदल र प्राबिधिक सहयोग गर्ने संस्थाको सहयोगमा लेख अध्ययन तथा डाफ्टको अन्तिमिकरण गरिएको ।

- मुख्य सरोकारवालाहरुबाट योजनामा सुझाबको लागि १ दिने कार्यशाला सञ्चालन गरिएको ।
- तयार भएको शिक्षा योजनाको डाफ्टलाई मुख्य सरोकारवालाहरु माझ अन्तिम सुझाबको लागि १ दिने कार्यक्रम सञ्चालन गरिएको ।
- कार्यपालिकाबाट स्वीकृति तथा सिफारिस हुँदै गाँउसभाबाट प्रमाणित गरिएको ।

## २. योजनाको दस्तावेजको स्वरूप

यस शिक्षा योजनाको स्वरूप तथा संगठनको सन्दर्भमा स्थानीय शिक्षा योजना निर्माणको लागि स्थानीय तहको शिक्षा योजना निर्माण सम्वन्धी मार्गदर्शन २०७९लाई आधार मानी अनुसूची-१ बमोजिमको ढाँचाभित्र रही तयार गरिएको छ ।

# परिच्छेद एकः परिचय

## १.१ पृष्ठभूमि

नेपाली जनताको चाहना र बीर सहिद हरुको बलिदानी पश्चात प्राप्त नेपालको संविधान, २०७२ ले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखे अनुरुप शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरु स्थापित गरेको छ। उक्त संवैधानिक शिक्षा सम्बन्धी हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ र बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकहरुलाई प्रत्याभूत गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ।

नेपालको शिक्षा क्षेत्रमा राणाकालको उत्तरार्धदेखि प्रयास हुँदै आएको पाइएता पनि व्यवस्थित रुपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ। यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ जस्ता आयोगका प्रतिवेदनहरु तयार गरी कार्यान्वयन भइसकेका र हुने क्रममा छन्। यसका अलवा शिक्षा क्षेत्रमा विभिन्न योजना, परियोजना र कार्यक्रम लागू भएका छन्। जस अन्तरगत रेडियो शिक्षा शिक्षक तालिम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो २०४९ दोश्रो २०५६), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा आयोजना (२०५९-२०६५), माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००३-२००८), सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२०५९-२०६६), व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (२०६८-२०७२) का साथै सबैका लागि शिक्षा कार्यक्रम (सन् २००१-२०१५), सहश्राब्दी विकास लक्ष्य (२०००-२०१५), दीगो विकासका लागि शिक्षा कार्यक्रम (२०१५-२०३०) मा उल्लिखित उद्देश्य एवम् सूचकहरुलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५), विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२२) को समाप्तिसँगै कोल्हबी नगरपालिकाले शिक्षा क्षेत्रको योजना (Eduction Sector Plan -ESP) आगामी ५ वर्षे शिक्षा विकासको दृष्टिकोण सहित सन् २०७८-२०८३ का लागि तयार गरेको छ।

## १.२ कोल्हबी नगरपालिकाको समग्र परिचय

कोल्हवी नगरपालिका नेपालको साविकको मध्यमाञ्चल बिकास क्षेत्र, नारायणी अञ्चल अन्तरगत पर्ने बारा जिल्लामा पर्दछ । प्रदेश नं. २ मा अवस्थित यस नगरपालिका, साविकको कोल्हवी, सपही, प्रसोना, ककडी, अमाव, वछनपुर्वा र रामपुर्वा गाविसको सम्पुर्ण वडाहरु र सिंहासनीको १ र २, हरैया गाविसको ६ नं. वडा, करैयाको ८ नं. वडा र सिहर्वाको ५ नं. वडालाई मिलाई यस नगरपालिकाको पुनरसंरचना गरिएको छ । कोल्हवी नगरपालिकाको पुर्वमा रौतहत जिल्ला, पश्चिममा जीतपुर

सिमरा उप-महानगरपालिका,कलैया उप–महानगरपालिका र करैयामाई गाँउपालिका, उत्तरमा कोल्हबी नगरपालिका र दक्षिणमा बारा गढी गाँउपालिका र करैयामाई गाँउपालिका रहेको छ।

कुल क्षेत्रफल १५७.४० वर्ग किलोमिटर रहेको यस नगरपालिकामा पुर्व पश्चिम राजमार्गबाट ग्रावेलसडक सपहिमार्ग हुदै प्रवेश गर्न सकिन्छ। कोल्हवी नगरपालिकामा ६ वटा वडा कार्यालयहरु स्थापना भएका छन्। वडा नं.१ को वडा कार्यालय कोल्हवी , वडा नं.२ को वडा कार्यालय पुरानो कट्टा (निकास), वडा नं.३ र ४ को वडा कार्यालय सपही कलेज, वडा नं.४, वडा नं ५,८ र ६ को वडा कार्यालय पर्सौनी वडा नं ६, वडा नं.७ र १०को वडा कार्यालय अमाव वडा नं.१० र वडा नं.९ र ११ को वडा कार्यालय वडा नं.११ रमपूर्वामा अवस्थित छन्। यस नगर क्षेत्रमा इलाका प्रहरी कार्यालय, शशस्त्र प्रहरी कार्यालय, पशुसेवा केन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, नगरपालीका कार्यालय र उच्च माध्यामिक तह सम्म पढाइ हुने सरकारी विद्यालयहरु रहेका छन् । राष्ट्रिय जनगणना २०६८ को अनुसार जम्मा ८१११ घरधुरी र ४४०३५ जनसंख्याको यहाँ बसोबास रहेको छ । यस नगरपालिकामा मुख्य रुपमा थारु समुदायको बसोबास रहेको छ भने अन्य सम्पुर्ण समुदायको मिश्रित रुपमा बसोबास रहेको छ

यस नगरपालिकामा पर्यटकीय सम्भावना बोकेका शहिद हिरालाल पार्क, भ्यू टावर, मोहरी पार्क, हरि डाँडा, शिव सत्येश्वर मन्दिर, पर्वतनाथ महादेव मन्दिर, कृष्ण मन्दिर, रामजानकी मन्दिर, पल्युन साम्तेलिङ गुम्बा, हलखोरिया दह लगायत अन्य मठ मन्दिर, गुम्बा चर्च, मदरसा आदि रहेका छन् भने यस क्षेत्रमा बसोबास रहेको आदिवासी जनजाति कछडिया समुदायको संग्राहलय समेत निर्माणको क्रममा रहेको छ। दशैं, तिहार, ल्होसार, फागु पुर्णिमा, बुद्ध पूर्णिमा, माघी यस नगरपालिकामा मनाइने मुख्य चाडपर्वहरु हुन्। प्रत्येक बर्ष बाला चतुर्दशीका दिन यस नगरपालिका क्षेत्रको बकैया खोला किनारमा ठूलो मेला लाग्ने गर्दछ।

कोल्हबी नगरपालिका निर्माणाधीन तराई मधेस द्रुत मार्ग एवं कोल्हबी अन्तर्राष्ट्रिय विमानस्थल जस्ता राष्ट्रिय गौरवका आयोजनाहरु सँग जोडिएको विकासको दृष्टिकोणले उच्च सम्भावनायुक्त नगरपालिका हो। यस नगरपालिकालाई स्मार्ट सिटीको रुपमा विकास गर्ने परिकल्पना गरी सोही अनुरुप स्थानीय सरकारको रुपमा कोल्हबी नगरपालिकाद्वारा विभिन्न कार्यहरु अघि बढिरहेको छ।

नेपालमा २०५२ देखि २०६२/६३ सम्म चलेको द्वन्द्व पश्चात वि.सं. २०७० को संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान (२०७२) जारी भई संघ, प्रदेश र स्थानीय तहको कानुनी तथा व्यवस्थापकीय संरचना अनुरुप स्थानीय तहको निर्वाचन २०७४ सँगै कोल्हबी नगरपालिकामा पनि निर्वाचित स्थानीय सरकार गठन भएको हो। यो पालिकाले यस अवधिमा शैक्षिक, भौतिक, प्रशासनिक तथा व्यवस्थापकीय क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको छ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक अवस्था

कोल्हबी नगरपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो। यस नगरपालिकामा दशैं, तिहार, ल्होसार, फागु पुर्णिमा, बुद्ध पूर्णिमा, माघी यस नगरपालिकामा मनाइने मुख्य चाडपर्वहरु हुन्। प्रत्येक बर्ष बाला चतुर्दशीका दिन यस नगरपालिका क्षेत्रको बकैया खोला किनारमा ठूलो मेला लाग्ने गर्दछ।

यस नगरपालिकामा पहाडी आदिबासी जनजाति, ब्राह्मण क्षेत्री, मधेशी आदिबासी जनजाति (कछडिया), पहाडि दलित र अल्पसंख्यक चेपाङ जातिको बसोबास रहेको छ। हिन्दु, बौद्ध, क्रिस्चियन तथा इस्लाम, धमालम्बीहरूको बसोबास रहेको छ। पहाडी र तराई मुलका विविध जातिको बसोबास रहेको यस नगरपालिकामा सामाजिक तथा सांस्कृतिक विविधता रहेको छ। नेपाली, थारु, भोजपुरी, तामाङ्ग, कछडिया भाषा यस क्षेत्रमा बोलिने प्रमुख भाषाहरू हुन । धार्मिक रुपमा हिन्दु

धर्मालम्बीहरूको उच्च बाहुल्यता रहेको यो क्षेत्रमा मनाइने चाडपर्वहरूमा कृष्णाष्टमी, तिज, राखी, दशै, तिहार, माघे सक्रान्ती, चैते दशैं, महाशीवरात्री, फागुपूर्णिमा, जितिया पर्व आदि रहेका छन्। मुस्लिमहरूले इद मनाउने गर्दछन।

### १.२.२ आर्थिक अवस्था

कम आय भएको मुलुकबाट नेपाललाई मध्यम आय भएको राष्ट्रमा पुऱ्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन कोल्हबी नगरपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएको छ। यस नगरपालिकाको सिंगौलमा रहेको झरना तथा वडा नं. १३ स्थित शक्ति खोला क्षेत्र पर्यटकीय दृष्टिकोणले निकै आकर्षक रहेको छ । जीविकोपार्जनको मुख्य श्रोत कृषि पेशा रहेको यस नगरपालिकाको अधिकांश क्षेत्र वनजंगल तथा खोलानालाहरुले ओगटेको छ। कोल्हबी नगरपालिका केरा क्षेत्र (Banana Zone) को रुपमा समेत विकसित भइरहेको छ। यस नगरपालिकामा माउन्टेन बाइकिङ, जिपलाइन, ट्रेकिङ तथा इको टुअरिज्म, होमस्टे लगायतका  पर्यटकीय एडभेन्चरहरु प्रबर्द्धन गरी नेपालकै एक उत्कृष्ट पर्यटकीय गन्तव्य (Tourist Destination) बनाउन सकिने प्रचुर संभाव्यताका साथै यस नगरपालिकालाई औद्योगिक तथा शैक्षिक हबको रुपमा विकास गर्न सकिने समेत उत्तिकै संभावनाहरु विद्यमान् रहेको छ । यसका अलवा वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ भने महामारीको रुपमा फैलिएको कोभिड-१९ ले समग्र आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव पारेको छ।

### १.२.३ भौगोलिक तथा जनसाङ्ख्यिक स्वरुप

यस  नगरपालिकाको कूल क्षेत्रफल २८९.४० वर्ग किलोमिटर छ। यहाँको भूस्वरुप समथर तराई क्षेत्र अन्तरगत पर्दछ। यहाँको हावापानी उष्ण खालको छ। यस नगरपालिकाको हावापानीलाई सुख्खा वर्षायाम, वर्षा याम र हिउँद याम गरी तीन भागमा विभाजन गर्न सकिन्छ। वर्षायाम मार्च महिनादेखि मध्य जुन महिनासम्म सुख्खा याम रहन्छ। वर्षायाम जुन महिनादेखि शुरु भई सेप्टेम्बर महिनासम्म रहन्छ। त्यसपछि हिउँद याम शुरु भई फेब्रुअरी महिनासम्म रहन्छ।

जनगणना २०६८ का अनुसार यस नगरपालिकाको कूल जनसंख्या ३५,३३५ जना रहेको छ जसमा पुरुषको १७,०२६ जना (४८.२०%), महिलाको १८,३०९ जना (५१.८०%) रहेको छ। महिलाको भन्दा पुरुषको जनसंख्या १२८३ जना (३.६३) ले बढी देखिन्छ। यहाँको लैङ्गिक अनुपात १.०७ छ। विभिन्न उमेर समूहको जनसंख्यालाई तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका १.२ उमेर समूहमा जनसंख्याको वितरण**

| निजगढ | | | | |
|---|---|---|---|---|
| Sex | | Both Sex | Male | Female |
| Age groups | ०० – ०४ | २,९८१ | १,५१७ | १,४६४ |
| | ०५ – ०९ | ३,९८८ | २,००८ | १,९८० |
| | १० – १४ | ४,८१९ | २,४०४ | २,४१५ |
| | १५ – १९ | ४,०७८ | १,९५६ | २,१२२ |
| | २० – २४ | ३,०९१ | १,२९६ | १,७९५ |
| | २५ – २९ | २,६५९ | १,१७१ | १,४८८ |
| | ३० – ३४ | २,३२६ | १,०१८ | १,३०८ |
| | ३५ – ३९ | २,२३१ | १,०६६ | १,१६५ |
| | ४० – ४४ | २,००१ | ९७० | १,०३१ |
| | ४५ – ४९ | १,६२४ | ८१९ | ८०५ |
| | ५० – ५४ | १,३७१ | ६९८ | ६७३ |

| | | | | |
|---|---|---|---|---|
| | ५५ – ५९ | १,०९६ | ५५० | ५४६ |
| | ६० – ६४ | १,०२८ | ५०७ | ५२१ |
| | ६५ – ६९ | ७७४ | ३८७ | ३८७ |
| | ७० – ७४ | ५२१ | २८१ | २४० |
| | ७५ + | ७४७ | ३७८ | ३६९ |
| जम्मा | | ३५,३३५ | १७,०२६ | १८,३०९ |

स्रोत: पालिका स्तरीय पाश्र्वचित्र, २०७८

## तालिका १.३ जातीयताको आधारमा जनसंख्याको वितरण

प्रस्तुत तालिकाको जातीयताको आधारमा जनसंख्या अध्ययन गर्दा यस पालिकामा थारु जनसंख्या सबैभन्दा बढी क्रमशः ३५.५७ प्रतिशत र अन्य रहेको छ। तथ्याङ्कको आधारमा कोल्हबी नगरपालिका तामाङ् ब्राम्हण तथा क्षेत्रीहरुको बाहुल्यता रहेको देखिन्छ।

### तालिका १.४ मातृभाषाको आधारमा जनसंख्याको वितरण

| कोल्हबी नगरपालिका | | | | |
|---|---|---|---|---|
| **मातृभाषा** | **जम्मा** | **पुरुष** | **महिला** | **प्रतिषत** |
| **All Mother Tongue** | ३५,३३५ | १७,०२६ | १८,३०९ | १०० |
| **Nepali** | १६,७८३ | ७,९८७ | ८,७९६ | ४७.५० |
| **Maithili** | ३,०८० | १,५४१ | १,५३९ | ८.७२ |
| **Bhojpuri** | ६११ | ३३१ | २८० | १.७३ |
| **Tharu** | ६३ | ३६ | २७ | ०.१८ |
| **Tamang** | १२,२२८ | ५,८५६ | ६,३७२ | ३४.६१ |
| **Newar** | ८६६ | ४३६ | ४३० | २.४५ |
| **Magar** | ८३१ | ४११ | ४२० | २.३५ |
| **Gurung** | ४७ | २७ | २० | ०.१३ |
| **Urdu** | १६६ | ८८ | ७८ | ०.४७ |
| **Hindi** | १८ | ११ | ७ | ०.०५ |
| **Chamling** | ११ | ७ | ४ | ०.०३ |
| **Chepang** | १०२ | ४३ | ५९ | ०.२९ |
| **Danuwar** | ६७ | ३४ | ३३ | ०.१९ |
| **Majhi** | १२५ | ६२ | ६३ | ०.३५ |
| **Rai** | २५५ | ११८ | १३७ | ०.७२ |
| **Others** | ३० | १८ | १२ | ०.०८ |
| **Not Reported** | ५२ | २० | ३२ | ०.१५ |

स्रोत: पालिका स्तरीय पाश्र्वचित्र

मातृभाषाको आधारमा जनसंख्याको आकारलाई विश्लेषण गरेर हेर्दा यस पालिकामा नेपाली मातृभाषीहरुको जनसंख्या सबैभन्दा बढी ४७.५० प्रतिशत त्यसपछि तामाङ् भाषा बोल्नेहरु ३४.६१ प्रतिषत रहेका छन् । मातृभाषाको आधारमा यो नगरपालिका नेपाली मातृभाषीको बाहुल्यता रहेको तथ्याङ्कले देखाउँछ।

## १.३ कोल्हबी शैक्षिक अवस्था

नेपालमा विद्यालय क्षेत्र अन्तरगत एकवर्षे प्रारम्भिक बालविकास शिक्षामा ४ वर्ष उमेरका बालबालिका सहभागी हुन्छन्। ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा र १३-१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा दिने दायित्व नेपाल सरकारको रहेको छ। नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको छ। यसले स्थानीय तहलाई जिम्मेवार बनाएको संवैधानिक व्यवस्था छ। नेपालमा निजी स्तरबाट सञ्चालन भएका सशुल्क र सरकारी लगानीमा सञ्चालन भएका निःशुल्क गरी दुई प्रकारका शिक्षा प्रणाली सञ्चालनमा आएका छन्। यसै गरी कोल्हबी नगरपालिकाभित्र पनि यी दुवै प्रकृतिका शैक्षिक पद्धतिहरु सञ्चालनमा आएको छन्। यस खण्डमा कोल्हबी नगरपालिकाको संक्षिप्त शैक्षिक अवस्था अन्तर्गत नीतिगत व्यवस्था, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन र दीगो विकासका लक्ष्यहरुको सन्दर्भ चर्चा गरीएको छ।

### १.३.१ नीतिगत प्रवन्ध

नेपालको संविधान २०७२ मा शिक्षालाई प्राथमिकतामा राखेको छ साथै संविधानको भाग ३ मा मौलिकहकको व्यवस्था गरीएको छ जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ।धारा ३१ मा शिक्षालाई नागरीकको आधारभुत अधिकारको रुपमा व्यवस्था गरी प्रत्येक नागरीकलाई आधारभूत तह शिक्षा अनिवार्य र निःशुल्क,माध्यामिक तह सम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ साथै अपाङ्गता भएका र आर्थिक रुप ले विपन्न नागरीकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ।त्यस्तै दृष्टीविहिन नागरीकलाई ब्रेललिपि, बहिरा तथा बोलाई सम्बन्धी समस्या भएका नागरीकलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसकालागि शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुने कुरा उल्लेख गरीएको छ।यसै गरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ। यसै गरीनेपालको संविधान २०७२ मा वालवालिकाको हक अन्तर्गत प्रत्येक वालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य, पालनपोषण, उचित स्याहार खेलकुद मनोरञ्जन, तथा व्यक्तित्व विकास तथा बाल सहभागिताको हक रहेको छ साथै बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शरिरीक मानसिक वा कुनै किसिमको यातना दिन पाईने छैन भनि उल्लेख छ त्यसै गरी दलितको हक अन्तर्गत आधारभुत तहबाट उच्च तह सम्म छात्रवृत्ती सहित निः शुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ । त्यसैगरी नेपालको संविधानमा शिक्षालाई बैज्ञानिक प्राविधिक ब्याबसायिक सिपमुलक, रोजगारमुलक जनमुखी बनाउदै सक्षम प्रतिस्पर्धी नैतिक एबं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रनमा राज्यको लागानी अभिबृद्दि गर्ने कुरा उल्लेख छ साथै नागरीकको व्यक्तित्व विकासका लागि पुस्तकालय, सामुदायिक सुचना केन्द्रको स्थापना र प्रबर्द्ध गर्ने कुरा उल्लेख छ। त्यसैगरी संविधानको धारा ३८ मामहिलाको हक अन्तरगत उपधारामा महिलालाई शिक्षा (५), स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ। नेपालको संविधानको धारा ३९ मा बालबालिकाको हक अन्तर्गत उपधारा मा प्रत्येक बालबालिकालाई परिवार तथा (२) राज्यबाट शिक्षा,स्वास्थ्य,पालनपोषण,उचित स्याहार,खेलकूद,मनोरञ्जन तथा व्यक्तित्व विकासको हक हुनेछ भन्नेउल्लेख गरिएको छ। साथै सोही धाराको उपधारा मा प्रत्येक बालबालिकालाई (३)प्रारम्भिकबालविकास तथा बालसहभागिताको हक उल्लेख छ र उपधारा ७ मा कुनै पनि बालबालिकालाई घर,विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्यकुनै किसिमको यातना दिनपाइने छैन भनी उल्लेख गरिएकोछ। त्यसैगरी संविधानको धारा ४० मा दलितको हक अन्तरगत उपधारामा दलित विद्यार्थीलाई प्राथमिक देखि उच्च शिक्षा सम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क (२)

शिक्षाको व्यवस्था गरिने छ साथै प्राविधिकर व्यावसायिक उच्च शिक्षामा दलितको लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ भन्ने व्यवस्था गरिएको छ। संविधानको धारा ४२ मा सामाजिक न्यायको हक अन्तरगत उपधारामा आर्थिक रुपले (२) विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण,उत्थान,सशक्तिकरण र विकासका लागि शिक्षा,स्वास्थ्य,आवास,रोजगारी,खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुनेछ भनी उल्लेख भएको छ। संविधानको धारा ४७ मा मौलिकहकहरुको कार्यान्वियन लागि आवश्यकता अनुसार राज्यले संविधान प्रारम्भ भएको तीनवर्ष भित्र कानुनी व्यवस्था गर्नेछ भनी उल्लेख भएको छ।

त्यस्तै गरी संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त तथा राज्यका नीतिहरु अन्तर्गतधारा५१ मा नागरिकका (ज) आधारभूत आवश्यकता सम्बन्धी नीति भित्र शिक्षालाई वैज्ञानिक,प्राविधिक,व्यावसायिक, सीपमूलक रोजगार मूलक एवं जनमुखी बनाउँदै सक्षम,प्रतिस्पर्धी,नैतिक एंव राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजीक्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,उच्च शिक्षालाई सहज,गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमशःनिःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने भनी उल्लेख भएको छ।

नेपालको संविधानको अनुसूचि ५मा केन्द्र सरकार वा संघको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी अधिकारहरुमा केन्द्रीय विश्वविद्यालय,केन्द्रीयस्तरको प्रज्ञाप्रतिष्ठान,विश्वविद्यालय मापदण्ड र नियमन तथा केन्द्रीय पुस्तकालय तोकिएको छ। त्यस्तै गरी संविधानको अनुसूचि ६ मा प्रदेशको अधिकारसूचि भित्र शिक्षा सम्बन्धी अधिकार मा प्रदेश विश्वविद्यालय,उच्चशिक्षा,पुस्तकालय,संग्रहालय तोकिएको छ साथै संविधानको अनुसूचि ८ मा स्थानीयतहको अधिकार सूचि भित्र शिक्षा सम्बन्धी अधिकारहरुमा आधारभूतर माध्यमिक शिक्षा तोकिएको छ साथै संविधानको अनुसूचि७ र ९ मा संघ,प्रदेश र स्थानीय तहको अधिकारका साझा सूचि भित्र शिक्षा समेत समावेश गरिएको छ। नेपालको संविधानले संघ प्रदेश तथा स्थानीय तहलाई निर्दष्ट गरेका एकल वा साझा अधिकारहरुको व्यवहारिक रुपमा कार्यान्विनय गर्दै राष्ट्रले लिएका शैक्षिक नतिजाहरुको लागि आपसी समन्वय, सहकार्य र सह-अस्तित्व आजको आवश्यकता हो।

त्यसैगरी चालु अवस्थामा रहेको १५ औं आवधिक योजनाले शिक्षा क्षेत्रको विकासको लागि स्पस्ट मार्गनिर्देशन गरेको छ। यस योजनाले पनि गुणस्तरीय शिक्षा मार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादनशील र नवप्रर्तनशील मानव स्रोतको विकास गर्ने लक्ष्य लिएको छ भने उद्देश्यहरुमा सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु, प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु, पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनसुन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माण गर्नु, सबै नागरिकका लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु तथा संघीय संरचना अनुरूप सबै तहका शैक्षिकप्रशासनि-क निकाय र शिक्षण संस्थामा सुशासन कायम गर्नु रहेका छन्।

शिक्षा क्षेत्रको सुधार तथा विकासको लागि नेपाल सरकारले शिक्षा नीति २०७६ पनि जारी गरेको छ । उक्त नीतिले शिक्षा क्षेत्रमा सबै तहको शिक्षालाई प्रतिस्पर्धी,प्रविधिमैत्री,रोजगारमूलक र उत्पादनमुखी बनाई देशको आवश्यकता अनुरुपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ। त्यसैगरी यस नीतिले उद्देश्यहरुमा बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु,आधारभूत शिक्षामा सबैको सहज एवं समतामूलक

पहूँच र निरन्तरता सुनिश्चित गर्दै सर्वव्यापी,जीवनोपयोगी,प्रतिस्पर्धी एवं गुणस्तरयुक्त अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गर्नु,गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता,रचनात्मकता,अध्ययनशीलता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी,सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु,प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई व्यापक विस्तार गरी सबै इच्छुक नागरिकहरूका लागि समावेशी एवं समतामूलक पहूँच स्थापित गर्दै देश विकासका लागि योग्य, सक्षम, सीपयुक्त र उद्यमशील जनशक्ति तयार पार्नु, ज्ञानमा आधारित समाज र अर्थतन्त्र निर्माणका लागि उच्च शिक्षाको पहूँच र गुणस्तर अभिवृद्धि गरी विभिन्न क्षेत्रहरूमा सक्षम नेतृत्व प्रदान गर्न सक्ने योग्य,दक्ष वैज्ञानिक,नवप्रवर्तनात्मक,अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी र अनुसन्धानमुखी मानव संशाधन विकास गर्नु, नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक,वैकल्पिक,परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु ,सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्नु,शिक्षा प्रणालीका विभिन्न अवयवहरूमा रहेर सेवा प्रवाह गर्ने जनशक्तिलाई उत्कृष्ट नतिजा प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता,सक्षमता,इमान्दारिता,प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्नु, सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यास **Best (practices)** लाई सम्मिलन **(fusion)** गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन,नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको प्रक्रियामा सवलीकरण गर्नुर, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव तथा अभ्यास समेतका आधारमा शैक्षिक गुणस्तर मानक तथा मापदण्ड तयार गरी सबै तह र प्रकारका शिक्षाको गुणस्तर अभिवृद्धि गर्नु,औपचारिक,अनौपचारिक र अरीतिक शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशिलता र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारुपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु,शिक्षा प्राप्तिको संवैधानिक र कानूनी दायित्व पूरा गर्न राष्ट्रिय प्राथमिकताका आधारमा पर्याप्तता समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नुर व्यक्तिमा वैज्ञानिक चिन्तन र व्यवहार विकास गर्न विज्ञान तथा प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै परम्परागत एवं आधुनिक प्रविधिलाई राष्ट्रिय विकासको लागि उपयोग गर्न सक्ने क्षमता विकास गर्नु राखेको छ।

दिगो विकास लक्ष्यहरू सन् २०१५ को सेप्टेम्बरमा संसारका १९३ वटा राष्ट्रहरूले संयुक्त रूपमा अङ्गीकार गरेका आवधिक विकासका दस्ताबेजहरू हुन्। संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूको सहमतिमा अघि सारिएका १७ वटा दिगो विकासका लक्ष्यहरू सन् २०१६ को जनवरी १ बाट कार्यान्वय आएको र नेपाल सरकारले पनि यसका लक्ष्यहरु पुरा गर्न प्रतिबद्दता ब्यक्त गरिसकेको अवस्थमा यस ले तय गरेको शिक्षाको लक्ष्य नम्बर चारमा रहेको समावेशी तथा न्यायोचित र गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवद्र्धन गर्ने लक्ष्यले पनि प्रदेशको शिक्षा योजना निर्माणमा निर्देशन प्रदान गर्दछ । त्यस्तै १५औ आवधिक योजनामा गुणस्तरिय शिक्षा मार्फत दक्ष प्रतिस्पर्धी उत्पादनशिल र नबप्रवर्तनशिल मानव स्रोतको विकास गर्ने लक्ष्य राखेको छ यसैगरी विद्यालय क्षेत्रविकास योजना २०७३|०७४-२०७९|०८० ले समाजका विविधता पुर्ण परिवेश तथा आवश्यकताका यथार्थलाई आत्मसाथ गरी सबै नागरीकलाई उत्पादनशिल जिवनयापन गर्न चाहिने पुर्ण कार्यमुलक साक्षरता गणितिय सिप्र तथा आधारभुत जिवनोपयोगी सिपको विकासको अबसर प्राप्त गर्न सहजिकरण गर्दै जनशक्तिको क्षमता विकास निरन्तर एबं समावेशी प्रयत्न मार्फत मुलुकको सामाजिक आर्थिक, विकासमा योगदान दिई विद्मान असमानता हटाउने लक्ष्य तथा राष्ट्रको सामाजिक आर्थिक रुपान्तरणका लागि आवश्यक स्वावलम्बी प्रबर्तनात्मक र मुल्य उन्मुख नागरीकको विकासमा योगदान पुर्याउने दुरदृष्टि राखेकोछ।

सोही अनुसार शिक्षा पाउने संविधानप्रदत्त मौलिक हकलाई सुनिश्चित गर्दै शिक्षाको गुणस्तर अभिवृद्धि गर्न नेपालको संविधान, स्थानीय सरकार संचालन ऐनले  दिएको अधिकार प्रयोग गरी यो गाउँ शिक्षा योजना तयार गरिएको छ। यस गाँउपालिकाको शिक्षा क्षेत्रमा तलका अधिकारहरु रहेकाछन्।

- प्रारम्भिक वाल विकास तथा शिक्षा,आधारभूत शिक्षा,अभिभावक शिक्षा,अनौपचारिक शिक्षा,खुल्ला तथा वैकल्पक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन।
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन र नियमन।
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमती, अनुगमन र नियमन।
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- नगर शिक्षा समिति गठन र व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक एवं कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइको उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरका शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको व्यवस्थापन,विद्यालयको आय व्यायको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ र शिक्षक र कर्मचारीको तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन।

### १.३.२ उपलब्धि, अवस्था र अन्तर

### १.३.२.१ अवस्था

कोल्हबी नगरपालिकाको शिक्षाको अवस्थालाई विश्लेषण गर्दा यस नगरपालिका भित्र सामुदायिक रुपमा संचालित ३२ वटा प्रारम्भिक वालविकास केन्द्र, ३२ वटा आधारभुत विद्यालय, ७ वटा माध्यामिक विद्यालय रहेका छन् । साथै ८ वटा संस्थागत विद्यालय रहेका छन् जसमध्ये ६ वटा आधारभुत तथा २ वटा माध्यमिक विद्यालय रहेका छन । प्राविधिक विषय पढाई १ वटामा विद्यालयमा हुदै आएको छ। तहगत रुपमा हेर्दा आधारभूत तहमा सामुदायिक तर्फ २० वटा तथा संस्थागत तर्फ ६ वटा विद्यालय रहेका छन् भने माध्यमिक तर्फ सामुदायिक तर्फ ७ र संस्थागत तर्फ २ वटा मात्र रहेका छन् । सामुदायिक तर्फ आधारभूतका विद्यालयहरु ७४ प्रतिशत छन् भने माध्यमिक विद्यालयहरु २६ प्रतिशत रहेका छन् । त्यसैगरी कक्षा १-५ का विद्यालयको प्रतिशत आधारभूत भित्र ५५ प्रतिशत छ भने ६-८ का विद्यालयको प्रतिशत ४५ प्रतिशत रहेको छ । त्यसैगरी माध्यमिक तर्फ १-१० का विद्यालयको प्रतिशत २८.५७ रहेको छ भने १-१२ का विद्यालयको प्रतिशत ७१.४३ रहेको छ ।

| शैक्षिक संस्थाको विवरण | | |
|---|---|---|
| जम्मा सामुदायिक तथा संस्थागत विद्यालयहरु | **प्रारम्भिक बाल विकास** | **३२ वटा** |
| | आधारभुत कक्षा १-३ मात्र | वटा |
| | आधारभुत कक्षा १-५ मात्र | वटा |
| | आधारभुत कक्षा १-८ मात्र | वटा |
| | **आधारभुत विद्यालय कक्षा १-८ कुल** | **वटा** |
| | माध्यमिक कक्षा १-१० मात्र | वटा |
| | माध्यमिक कक्षा १-१२ मात्र | वटा |
| | **सामुदायिक कुल विद्यालयहरु** | **वटा** |
| | **संस्थागत बिद्यालय** | |
| | आधारभुत विद्यालय कक्षा १-८ कुल | वटा |
| | माध्यमिक कक्षा १-१० मात्र | वटा |
| | **संस्थागत कुल विद्यालयहरु** | **वटा** |
| | जम्मा सामुदायिक तथा संस्थागत विद्यालयहरु | **वटा** |
| | नमुना विद्यालय | वटा |
| | सामुदायिक सिकाइ केन्द्र | वटा |
| | क्याम्पस | वटा |

कोल्हबी नगरपालिका शिक्षा शाखाको तथ्याङ्क अनुसार शै स २०७८ मा यस नगरपालिका भित्र सामुदायिक विद्यालयको आधारभुत तह (१-८) मा ६१३५ जना माध्यामिक तह (९-१२ ) मा १९१५ जना र निजि विद्यालयमा आधारभुत तह (१-८) मा १,५२४ जना माध्यामिक तह (९-१२ ) मा १७७ जना गरी जम्मा आधारभुत तह (१-८) मा ७,६५९ जना माध्यामिक तह (९-१२ ) मा २,०९७ जना रहेका छन्। समग्रमा यस पालिकाको ईमिस २०७८ अनुसार कक्षा १ देखी १२ सम्म जम्मा ९७५१ जना विद्यार्थी अध्ययनरत रहेका छन् । समग्रमा हेर्दा ८२.५६ प्रतिशत बालबालिकाहरु सामुदायिक विद्यालयहरुमा छन् भने १७.४४ प्रतिशत बालबालिकाहरु संस्थागत विद्यालयमा रहेका छन् ।  त्यस मध्ये पनि सामुदायिक तर्फ आधारभूत तहमा ७६.२१ र माध्यमिक तहमा २३.७९ प्रतिशत रहेकाछन् । लिंगको आधारमा हेर्दा समग्र विद्यालयमा सामुदायिक तर्फ छात्राको

४९.८० प्रतिशत बालबालिकाहरु भर्ना छन् भने छात्र ५०.२० प्रतिशत मात्र छन् । यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्रा तथा छात्र बराबर देखिन्छन् । तर संस्थागत विद्यालय तर्फ हेर्दा छात्राको ४४.२० प्रतिशत बालबालिकाहरु भर्ना छन् भने छात्र ५५.८० प्रतिशत मात्र छन् संस्थागत विद्यालयमा छात्रको प्रतिशत बढी देखिन्छ ।

आधारभुत तह (१-५) मा १४२ जना शिक्षक,आधारभुत तह (६-८) मा ३१ जना शिक्षक माध्यामिक तह (९-१०) मा २३ जना तथा माध्यामिक तह (११-१०) मा ९ जना शिक्षक कार्यरत रहेका छन । यसै गरी ३२ जना वाल विकास सहयोगी कार्यकर्ता रहेका छन् । समग्रमा हेर्दा आधारभूत तहमा ८४.३९ प्रतिशत शिक्षक छन् भने माध्यमिक तहमा १५.६१ प्रतिशत मात्र रहेका छन् । लैङ्गिक रुपमा आधारभूत तहमा ४८.८५ प्रतिशत र माध्यमिक तहमा ६.८९ प्रतिशत महिला शिक्षक रहेका छन् । यस नगरपालिकाको शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गर्ने हो भने आधारभूत तहमा प्रति शिक्षक ३४.४६ जना विद्यार्थी रहेका छन् भने माध्यमिक तहमा ५५.६५ जना र समग्रमा ३६.१७ जना रहेकाछन् । त्यसमा पनि कक्षा १-५ मा प्रति शिक्षक २८.० जना मात्र विद्यार्थी रहेको छ।

## ४.१ शिक्षक विद्यार्थी अनुपात

| कक्षा १-५ | कक्षा ६-८ | कक्षा १-८ | कक्षा ९-१० | समग्र |
|---|---|---|---|---|
| २८.० | ६९.३८ | ३५.४६ | ५५.६५ | ३६.१७ |

कोल्हबी नगरपालिकामा ३२ वटा सामुदायिक र १० वटा संस्थागत गरी जम्मा ४२ वटा विद्यालयहरु छन् । पालिका स्तरीय शिक्षा पार्श्र्वचित्र अनुसार प्रारम्भिक बालविकास शिक्षामा अनुभव लिई कक्षा १ मा नवप्रवेशी प्रतिशत ६७.७ रहेको छ। कक्षा १ मा कूल र खुद भर्ना दर क्रमशः १२७.६ र ९८.० रहेको छ। आधारभूत तह (कक्षा १-५) को कूल भर्ना दर ११२.६, खुद भर्ना दर ९६.६, शिक्षक विद्यार्थी अनुपात २८.०५, कक्षा ५ को टिकाउ दर ९१.४, कक्षा ५ को उतीर्ण दर ९४.०१ प्रतिशत रहेको छ भने अझै पनि कक्षा ५ दोहोऱ्याउने दर २.६२ र कक्षा ५ मा कक्षा छोड्ने दर ३.३७ प्रतिशत रहेको छ ।

आधारभूत तह (कक्षा १-८) को कूल भर्ना दर १०६.७, खुद भर्ना दर ८७.१ कक्षा ६-८ मा शिक्षक विद्यार्थी अनुपात ६९.३८, कक्षा ८ को टिकाउ दर ७६.०, कक्षा ८ को उतीर्ण दर ९१.१७ प्रतिशत रहेको छ भने अझै पनि कक्षा ८ दोहोऱ्याउने दर २.५२ र कक्षा ८ मा कक्षा छोड्ने दर ६.३१ प्रतिशत रहेको छ ।

माध्यमिक तह (कक्षा ९-१०) को कूल भर्ना दर ८१.६, खुद भर्ना दर ५८.७, शिक्षक विद्यार्थी अनुपात ५५.६५, कक्षा १० को टिकाउ दर ६४.४, कक्षा १० को उतीर्ण दर ९९.२७ प्रतिशत रहेको छ भने कक्षा १० दोहोऱ्याउने दर ० र कक्षा १० मा कक्षा छोड्ने दर ०.७३ प्रतिशत रहेको छ।

कोल्हबी नगरपालिकाको विगत वर्षहरुको शैक्षिक उपलब्धि स्तर र शैक्षिक वर्ष २०७७ को उपलब्धि स्तरलाई समीक्षा गर्दा विगतका वर्षहरुको भन्दा हालको उपलब्धि स्तर क्रमशः सुधार हुदै गएको स्थिति छ भएतापनि कोभिड-१९ को महामारीको प्रभावले यहाँको शैक्षिक उपलब्धिको स्तरलाई ह्रास पार्ने सम्भावना देखिन्छ।

### १.३.२.२ उपलब्धी र अन्तर

यस पालिकाको स्थापना सँगै शिक्षामा जोड दिदै आएको छ। हरेक बर्ष शिक्षा क्षेत्रको बजेटमा विस्तार गरिदै आएको छ। विद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भए पनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चतता एक मुख्य चुनौतिको विषय रहेको छ। समग्र शैक्षिक सुचकको अवस्थालाई तलको टेबलमा प्रस्तुत गरिन्छ।

| Dist_Name | | बारा |
|---|---|---|
| Local Level_Name | | |
| GIR in Grade 1 | Girls | १११.०४ |
| | Boys | १०६.९३ |
| | Total | १०९.१३ |
| GER in Lower basic | Girls | १०२.१६ |
| | Boys | १०६.८० |
| | Total | १०४.१७ |
| GER in Upper basic | Girls | ९३.१५ |
| | Boys | ८१.९८ |
| | Total | ८७.७३ |
| GER in Basic | Girls | ९९.३६ |
| | Boys | ९७.९२ |
| | Total | ९८.७१ |
| GER in Secondary (G9-10) | Girls | ७४.३७ |
| | Boys | ६५.०४ |
| | Total | ६९.१५ |
| GER in Secondary (G11-12) | Girls | ५९.१५ |
| | Boys | ६८.५२ |
| | Total | ६३.७६ |
| GER in Secondary (G9-12) | Girls | ६८.५५ |
| | Boys | ६६.१५ |
| | Total | ६७.२७ |
| NIR in Grade 1 | Girls | ९८.१० |
| | Boys | ९८.१९ |
| | Total | ९८.१५ |
| NER in Lower basic | Girls | ९६.५० |
| | Boys | ९८.५९ |
| | Total | ९७.५४ |
| NER in Upper basic | Girls | ८०.३० |
| | Boys | ७६.२६ |
| | Total | ७८.२८ |
| NER in Basic level | Girls | ८८.४० |
| | Boys | ८७.४२ |
| | Total | ८७.९१ |
| NER in Secondary (G9-10) | Girls | ५९.९० |
| | Boys | ५८.५० |

| | | |
|---|---|---|
| | Total | ५९.२० |
| **NER in Secondary (G11-12)** | Girls | ३६.२८ |
| | Boys | ३३.७४ |
| | Total | ३५.०१ |
| **NER in Secondary (G9-12)** | Girls | ४८.०९ |
| | Boys | ४६.१२ |
| | Total | ४७.११ |
| **New Enrolment in Grade 1 with ECD/PPC Experienced, 2076** | Girls | १३१४.०० |
| | Boys | १०५७.०० |
| | Total | २३७१.०० |
| **Percentage of New Enrolment in Grade 1 with ECD/PPC Experienced, 2076** | **Girls** | ७८.७३ |
| | **Boys** | ७५.२८ |
| | **Total** | ७७.१६ |
| **GER ECD/PPC** | **Girls** | ३३.१२ |
| | **Boys** | २६.०५ |
| **NER in ECED/PPE** | Girls | ३२.८१ |
| | Boys | २५.७५ |
| | Total | २९.०३ |

| **District name** | | | **बारा** |
|---|---|---|---|
| **Local Level Name** | | | कोल्हबी नगरपालिका |
| **Grade wise Promotion Rates from 2076 to 2077** | G1 | Girls | ८१.१९ |
| | | Boys | ८५.४५ |
| | | Total | ८३.४५ |
| | G2 | Girls | ९३.४१ |
| | | Boys | ९१.३४ |
| | | Total | ९२.३८ |
| | G3 | Girls | ९३.७९ |
| | | Boys | ९०.२० |
| | | Total | ९२.०४ |
| | G4 | Girls | ९२.२५ |
| | | Boys | ९०.८१ |
| | | Total | ९१.५८ |
| | G5 | Girls | ९४.४२ |
| | | Boys | ९३.५३ |
| | | Total | ९४.०१ |
| | G6 | Girls | ९५.१५ |
| | | Boys | ९२.७२ |
| | | Total | ९३.८५ |
| | G7 | Girls | ९५.२९ |
| | | Boys | ९१.०३ |
| | | Total | ९३.१९ |
| | G8 | Girls | ९१.३८ |

| | | | |
|---|---|---|---|
| | | Boys | ९०.९६ |
| | | Total | ९१.१७ |
| | G9 | Girls | ९६.५१ |
| | | Boys | ९४.२६ |
| | | Total | ९५.४५ |
| | G10 | Girls | ९९.२१ |
| | | Boys | ९९.३५ |
| | | Total | ९९.२७ |
| **Grade wise Repetition Rates in 2077** | G1 | Girls | १६.३९ |
| | | Boys | ९.२६ |
| | | Total | १२.६१ |
| | G2 | Girls | २.६८ |
| | | Boys | ४.७० |
| | | Total | ३.६९ |
| | G3 | Girls | ४.३० |
| | | Boys | ६.०३ |
| | | Total | ५.१४ |
| | G4 | Girls | ३.९९ |
| | | Boys | ५.४१ |
| | | Total | ४.६५ |
| | G5 | Girls | २.३३ |
| | | Boys | २.९६ |
| | | Total | २.६२ |
| | G6 | Girls | १.०८ |
| | | Boys | ३.२९ |
| | | Total | २.२६ |
| | G7 | Girls | १.४९ |
| | | Boys | ५.१३ |
| | | Total | ३.२८ |
| | G8 | Girls | १.७२ |
| | | Boys | ३.३६ |
| | | Total | २.५२ |
| | G9 | Girls | १.८८ |
| | | Boys | ३.९३ |
| | | Total | २.८४ |
| | G10 | Girls | ०.०० |
| | | Boys | ०.०० |
| | | Total | ०.०० |
| **Grade wise Drop out Rates from 2076** | G1 | Girls | २.४२ |
| | | Boys | ५.२९ |

| | | | |
|---|---|---|---|
| | | Total | ३.९४ |
| | G2 | Girls | ३.९० |
| | | Boys | ३.९६ |
| | | Total | ३.९३ |
| | G3 | Girls | १.९१ |
| | | Boys | ३.७७ |
| | | Total | २.८२ |
| | G4 | Girls | ३.७६ |
| | | Boys | ३.७८ |
| | | Total | ३.७७ |
| | G5 | Girls | ३.२६ |
| | | Boys | ३.५० |
| | | Total | ३.३७ |
| | G6 | Girls | ३.७७ |
| | | Boys | ३.९९ |
| | | Total | ३.८९ |
| | G7 | Girls | ३.२३ |
| | | Boys | ३.८५ |
| | | Total | ३.५३ |
| | G8 | Girls | ६.९० |
| | | Boys | ५.६८ |
| | | Total | ६.३१ |
| | G9 | Girls | १.६१ |
| | | Boys | १.८१ |
| | | Total | १.७० |
| | G10 | Girls | ०.७९ |
| | | Boys | ०.६५ |
| | | Total | ०.७३ |
| **Total By level** | G1-5 Promotion | Girls | ९०.५० |
| | | Boys | ८९.७६ |
| | | Total | ९०.१४ |
| | G1-5 Repetition | Girls | ६.४८ |
| | | Boys | ६.०५ |
| | | Total | ६.२७ |
| | G1-5 Dropout | Girls | ३.०२ |
| | | Boys | ४.१९ |
| | | Total | ३.५९ |
| | G6-8 Promotion | Girls | ९३.९० |
| | | Boys | ९१.६० |
| | | Total | ९२.७४ |

| | | | |
|---|---|---|---|
| | G6-8 Repetition | Girls | १.४४ |
| | | Boys | ३.९१ |
| | | Total | २.६९ |
| | G6-8 Dropout | Girls | ४.६६ |
| | | Boys | ४.४९ |
| | | Total | ४.५७ |
| | G9-10 Promotion | Girls | ९७.८८ |
| | | Boys | ९६.७० |
| | | Total | ९७.३४ |
| | G9-10 Repetition | Girls | ०.९३ |
| | | Boys | २.०४ |
| | | Total | १.४४ |
| | G9-10 Dropout | Girls | १.१९ |
| | | Boys | १.२६ |
| | | Total | १.२२ |
| **District name** | | | बारा |
| **Local Level Name** | | | कोल्हबी नगर पालिका |
| **Lower basic Level Indicators of Internal Efficiencies** | Survival Rate to Grade 5 | G | ९३.६ |
| | | B | ८९.२ |
| | | T | ९१.४ |
| | Cohort Graduation in Lower basic level | G | ८७.७ |
| | | B | ८३.३ |
| | | T | ८५.५ |
| | Average no.of pupil-years invested per graduate in Lower basic level | G | ५.७ |
| | | B | ५.७ |
| | | T | ५.७ |
| | Coefficient of internal efficiency at Lower basic level | G | ८८.४ |
| | | B | ८८.१ |
| | | T | ८८.३ |
| **Indicators of Internal Efficiencies at Basic Level** | Survival Rate to Grade 8 | G | ७७.५ |
| | | B | ७४.४ |
| | | T | ७६.० |
| | Cohort Graduation in Basic Level | G | ७३.४ |
| | | B | ७०.१ |
| | | T | ७१.८ |
| | Average no.of pupil-years invested per graduate in in Basic Level | G | १०.७ |
| | | B | १०.५ |
| | | T | १०.६ |
| | Coefficient of internal efficiency in Basic Level | G | ७४.७ |
| | | B | ७५.९ |
| | | T | ७५.८ |
| **Indicators of Internal Efficiencies at Secondary** | Survival Rate to Grade 10 | G | ६६.४ |
| | | B | ६२.४ |

| | | | |
|---|---|---|---|
| Level (Up to 10) | | T | ६४.४ |
| | Cohort Graduation in Secondary Level | G | ६६.२ |
| | | B | ६१.९ |
| | | T | ६४.१ |
| | Average no.of pupil-years invested per graduate in Secondary Level | G | १३.२ |
| | | B | १३.१ |
| | | T | १३.१ |
| | Coefficient of internal efficiency in Secondary Level | G | ६०.६ |
| | | B | ६१.२ |
| | | T | ६१.२ |

स्रोतः पालिका स्तरीय पाश्र्वचित्र, २०७८

### १.३.३ विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयन

विद्यालय क्षेत्र विकास योजना (२०७३-२०७८) ले विभिन्न शिक्षा सम्बन्धी योजना तथा कार्यक्रमहरु परिकल्पना गरि अगाडि सारे पश्चात् सो योजनालाई सहयोग पुऱ्याउने हेतुले कोल्हबी नगरपालिकाले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापनमा केही पहल कदमी चालेता पनि अझै कक्षा ५, ८ र १० को टिकाउ र उतीर्ण दर बढेको छैन भने कक्षा दोहोऱ्याउने र छोड्ने दर घटेको छैन।

यस कोल्हबी नगरपालिकामा विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम न्यून्तम प्याकेज अन्तर्गत विगत २०७७ देखि कार्यन्वयन हुदै आएको छ । उक्त कार्यक्रम अन्तर्गत हरेक विद्यालयको लागि ९००० का दरले विगत २ वर्ष देखि विद्यालयको खातामा पठाइदै आएको छ र उक्त कार्यक्रम कार्यन्वयनको लागि प्रारभिक कक्षा पढाइ कार्यक्रमको सहयोगमा कक्षा १ देखी ३ सम्मका विद्यार्थिका लागि शिक्षण सिकाई सामग्रीहरु जसमा शिक्षक निर्देशिक, पिन व्हिल चार्ट, ३ प्रकारका फ्ल्यास कार्ड, कविता चार्ट, बाराखरी चार्ट आदी खरीद गरिएका छन् ।

त्यसै गरि विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेसागत सहयोगक कार्यक्रम अन्तर्गत विगत २०७७ देखि ५० विद्यालयसम्म भएका स्थानिय तहका लागि जम्मा रु ७५ हजार, १०० विद्यालयसम्म भएका स्थानिय तहका लागि जम्मा रु १ लाख, १५० सम्म विद्यालयसम्म भएका स्थानिय तहका लागि जम्मा रु १ लाख ५० हजार, र सो भन्दा बढी विद्यालयसम्म भएका स्थानिय तहका लागि जम्मा रु २ लाखका दरले व्यवस्थापन र कार्यान्वयन हुंदै आएको व्यवस्था अनुरुप यस पालिकामा पनि ७५ हजार प्राप्त भई उक्त कार्यक्रमका लागि शिक्षक पेशागत सहयोगका लागि नेपाली, गणित, विज्ञान तथा सामाजिक विषयका शिक्षकहरु मध्ये ११ सदस्यीय विषय विज्ञ समुह गठन गरि परिचालन गरिएको छ ।

### १.३.४ दीगो विकास लक्ष्यहरु

दीगो विकास लक्ष्य (२०१५-२०३०) को लक्ष्य नं. ४ "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने" लक्ष्य पूरा गर्न नेपाल सरकारले सन् २०१५ मा दक्षिण कोरियाको इन्चोनमा भएको "दीगो विकासका लागि शिक्षा" कार्यक्रम र सेप्टेम्वरको संयुक्त राष्ट्रसंघको साधारण सभाको बैठकबाट पारित प्रतिवद्धता अनुरुप उक्त लक्ष्य नं. ४ हासिल गर्न कोल्हबी नगरपालिकाले शिक्षा क्षेत्रको योजना निर्माण गरीरहेको छ। सो लक्ष्य प्राप्तिका लागि यस नगरपालिकाले दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति, लक्ष्य र कार्यक्रम सहित ५ वर्षको शिक्षा क्षेत्रको योजना (२०७८-२०८३) तयार गरी कार्यान्वयनमा ल्याउन प्रयासरत छ।

### १.३.४ विद्यालय शिक्षा क्षेत्रका चुनौतिहरु तथा अवसरहरु

विद्यालय शिक्षाको सर्वसुलभता, उपयुक्त पुर्वाधारको विकास गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिबृद्दि गर्नु विद्यार्थी अनुपातमा शिक्षक दरबन्दि मिलान तथा पुनर्वितरण गर्नु शैक्षिक सुसासन उत्तरदायित्व अभिबृद्दि गर्नु गाँउपालिका भित्र रहेका सम्पुर्ण विद्यालयमा भौतिक पुर्वाधार सहितको आकर्षक वातावरण विकास गर्नु शिक्षण सिकाई पद्दतिलाई व्यबहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु विद्यालय बाहिर रहेका सबै वालबालिकालाई विद्यालय भर्ना गराउनु, सबै तहका शिक्षामा कक्षा छाड्ने, दोहोर्याउनेको संख्या अझै वढी हुनु, कक्षा उत्तीर्णदर कम हुनु, शिक्षक व्यवस्थापनमा समस्या रहनु, सामुदायिक विद्यालय शिक्षामा गुणस्तरमा अपेक्षित सुधार नहुनु, संस्थागत विद्यालयको नियमनको प्रभावकारी व्यवस्था नहुनु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमको पहुँच र गुणस्तर कमजोर रहनु यस क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् । साथै अपेक्षित सिकाई उपलब्धी हासिल गर्नु शिक्षा क्षेत्रमा सुसाशन र उत्तरदायित्व अभिबृद्दि गर्दै शिक्षकको पेशागत क्षमता अभिबृद्दिका लागि तालिम गोष्ठिको व्यवस्था गर्नु सम्पुर्ण सामुदायिक विद्यालयहरुमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु, स्थानिय विषयका पाठ्य पुस्तकको निर्माण तथा वितरण, सुचना सञ्चार प्रविधीले ल्याएका विविध अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख समस्या तथा चुनौतिहरु यस प्रकार रहेका छन्-

- पालिकाभित्र गुणस्तरीय शिक्षाको मापदण्ड तयार हुन नसक्नु ।
- तालीमबाट सिकेका व्यवहारिक सिप कक्षाकोठामा प्रयोग गर्ने परिपाटीको अभाव ।
- विद्यालयमा आवश्यक सिकाईमैत्री वातावरण र पर्याप्त भौतिक पूर्वाधारको अभाव ।
- अभिभावक, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र शिक्षकहरुमा सामूहिक प्रतिवद्धताको कमी ।
- पर्याप्त शिक्षक दरबन्दी उपलव्ध नभएको अधिकांश सामुदायिक विद्यालयहरु निजी स्रोतका शिक्षकहरुबाट सञ्चालन भैरहेको ।
- सवै सरोकारवालाहरुको सहभागितामा विद्यालय सुधार योजना निर्माण नहुनु तथा यसको प्रभावकारी कार्यान्वयन नहुनु ।
- विद्यालयहरुको विकासमा सरोकारवालाहरुको सहभागीतामा कमी ।
- शिक्षकहरुको कार्यकुशलताको आधारमा मूल्याङ्कन सहित पुरस्कार र दण्ड गर्ने परिपाटी संस्थागत नहुनु ।
- अभिभावकहरुमा जिम्मेवारी बोधको भावना कम हुनु र विद्यालय व्यवस्थापनमा सहभागिताको कमी ।
- बालमैत्री र बालकेन्द्रित शिक्षण सिकाई क्रियाकलापमा अपेक्षित सुधार नभएको ।
- विशेष आवश्यकता पर्ने बालबालिकाहरुका लागि विशेष विद्यालयको कमी ।
- कक्षाकोठामा बिताउँने समयको पूर्ण रुपमा उपयोग नहुनु ।
- शिक्षण योजना र सिकाइ सामाग्रीहरुको अपेक्षित प्रयोग नहुनु ।
- विद्यार्थीहरुको उपस्थिति दर अपेक्षित रुपमा वृद्धि हुनु नसक्नु ।
- कक्षा दोहोर्याउने र कक्षा छाड्ने दरमा अपेक्षित रुपमा सुधार हुन नसक्नु ।
- प्रारम्भिक वाल विकास केन्द्रको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार संचालन गर्ने
- आवश्यकतानुसार भौगोलिक नक्साङ्कनको आधारमा विद्यालयको स्थापना समायोजन, तथा पुनर्,वितरण
- विद्यालयलाई बालमैत्री अपाङ्गमैत्रीलैङगिक मैत्री सिकाई वातावरण निर्माण ,
- विजुली ईन्टरनेट तथा सुचना र प्रविधीको पहुच सम्पुर्ण विद्यालयमा पुर्याउने
- भौतिक पुर्वाधार निर्माण मर्मत र शैक्षिक बातावरणको निर्माण

- अनिवार्य निशुल्क तथा गुणस्तरिय सिकाईलाई सिनिश्चित गर्ने
- व्यबहारकुशल सिपलाई बालविकास देखि माध्यामिक तह सम्म एकिकृत गर्ने र सिकाईलाई जीबनोपयोगी बनाउन स्थानिय पाठ्यक्रमलाई लागु गर्ने
- प्राविधिक तथा व्यबसायिक शिक्षाका लागि उपयुक्त संरचना र कार्यक्रम विकास तथा कार्यान्वयन गर्ने
- सुचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुच विस्तार गरी सिकाईमा प्रभावकारी ढंगले प्रयोग गर्ने
- बाल विकास सहयोगी कार्यकर्ता तथा शिक्षकहरुलाई तालिम गोष्ठी सेमिनार को ब्यबस्था गर्ने
- अनौपचारिक तथा निरन्तर सिकाईलाई प्रभाबकारी बनाउन सामुदायिक अध्ययन केन्द्र सार्वजनिक पुस्तकालय तथा बाचनालयको स्थापना तथा संचालन
- अध्ययनका लागि डिजिटल सामाग्रिको विकास तथा वितरण

अवसरको रुपमा हेर्दा यस नगरपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागु गरीएको शिक्षा तीनवटै स्थानिय सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिबृद्दि गर्न सकिने अवस्था देखिनु विद्यालय शिक्षामा सुधारका लागि गाँउपालिकामा विभिन्न कार्यक्रम लागु हुनु जस्तैः राष्ट्रिय प्रारम्भिक कक्षा पढाई कार्यक्रम प्रति सार्वजनिक विद्यालयका अभिभावक तथा सरोकारवालाको चासो र जनअपेक्षा बढ्दै जानु शैक्षिक सुचाङ्कहरुको प्रगति सकारात्मक दिशा तिर हुनु यस क्षेत्रका प्रमुख अवसर हुन् ।

माथि उल्लेख गरिएका चुनौतीहरु समाधान गरि विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि निम्न अवसरहरु रहेकाछन्ः

- विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरुले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रुपमा रहन सक्ने ।
- शिक्षामा सरकारको लागि राजनीतिक रुपमा सहभागी देखिएको।
- दीगो विकासको लक्ष्य प्रप्तिका लागि द्विपक्षीय र बहुपक्षीय सहकार्य तथा प्रतिवद्धता  रहेको ।
- सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहेको।
- शैक्षिक अभियान्ताहरुको अग्रसरता रहेको।
- विभिन्न सरकारी तथा गैरसरकारी संघसस्थाहरुको सहयोग रहेको ।
- यूवाहरुमा शिक्षा प्रतिको चासो बढेको ।

# परिच्छेद दुईः दूरदृष्टि,उद्देश्य,रणनीति तथा लक्ष्य निर्धारण

## २.२ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिइएको आधारहरू:-

हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजहरुको बारेमा माथि परिचय खण्डमा छलफल गरिसकिएको छ । त्यसै कारण यस खण्डमा शैक्षिक योजना कार्यान्यनबाट केके प्राप्त गर्ने तथा केके उपलब्धिहरू हासिल गर्ने भन्ने बारेमा ब्याख्या गरिएको छ । जसमा शैक्षिक योजनाको लक्ष्यहरु निर्धारण गरिएको छ । यी कार्यहरूको दौरानमा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजहरुको प्रावधानहरुलाई योजनाको लक्ष्यहरुमा प्रतिबिम्वित गरिएको छ । यसकालागि हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजहरुमध्ये केहीमा उल्लेख भएका प्रावधानहरुलाई निम्नानुसार प्रस्तुत गरिएका छन् ।

### २.२.१) संबैधानिक प्रावधानहरुः

धाराः ३१

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा  बहिरा र स्वर वा बोलाईसम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिकभाषाको माध्यमबाट कानूनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा वसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून वमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

धारा ५१ राज्यका नीतिहरुः <u>(ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः</u>

- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,
- शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,
- उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,
- नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,
- यसैगरी धारा ३८ को महिलाको हक सम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हक सम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हक सम्बन्धी उपधारा २,

धारा ४२ को सामाजिक न्यायको हक सम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

### २.२.२) स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन(शिक्षासम्बन्धी अधिकारः गाउँ/नगरस्थानीय तह)

दफा ११ (२) ज

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्यांकन र नियमन,
- मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान,
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

- गाउँस्थानीय तह तथा नगरस्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ ।
- योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशिकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।
- योजना वनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछः
    - आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
    - उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
    - जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,
    - स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
    - स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,
    - महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,
    - लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,
    - दीगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,
    - भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने ।
- योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्नेछ ।
- अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नु पर्दछ ।

### २.२.३) संघ,प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):

क) आयोजना तर्जुमा र कार्यान्वयनः

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा संघीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्नेछ ।
- संघले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ ।

### २.२.४) अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ अनुसार रहनु पर्ने विषयहरू

- दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।
- चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नु पर्नेछ ।
- दफा १४ अनुसार वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने । आधारभूत तह
- दफा १५ अनुसार अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने । माध्यमिक तह
- दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने ।
- दफा १७ मा प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था ।
- दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा ।
- दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने ।
- पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रवन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था ।
- साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकता अनुसार क) सामुदायिक सिकाई केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम । (नियम ३)
- आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्दछ । (नियम ४)
- माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाई शुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम । (नियम ५)
- छात्रवृत्ति तथा विशेष व्यवस्था । (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधा सहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामग्री, आदि) । (नियम ६)
- जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोशाक तथा स्टेशनी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्नेछ ।

## २.१ परिचय

नेपालको संविधान, २०७२ ले शिक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ। संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हकको कानूनी व्यवस्था गरेको छ।

अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने र प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय वा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हकको व्यवस्था गरेको छ। शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक तथा रोजगारमूलक बनाउँदै शिक्षामा सबै क्षेत्रबाट लगानी अभिवृद्धि गरी अगाडि बढ्नु आजको टड्कारो आवश्यकता छ। नेपालको संविधानको मौलिक हक अन्तरगत शिक्षाको हक, बालबालिकाको हक लगायत राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्य संरचना र राज्य शक्तिको बाँडफाँड सम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (ज) मा उल्लिखित प्राप्त अधिकारलाई समेत आधार मानी स्थानीय तहको शिक्षालाई योजनाबद्ध ढंगले अगाडि बढाइ स्थानीय आवश्यकतालाई पूरा गर्न सक्ने जनशक्ति उत्पादन, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने गुणस्तरीय जनशक्ति उत्पादनका लागि Scaffolding को भूमिका निर्वाह गर्न सकोस् भन्ने आशयले सबैको राय सुझाव लिई यो १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२१-२०३०) तयार गरिएको छ।

वि.स.२०१० को "नेपालमा शिक्षा" नामक योजना कार्यान्वयन भए पछि शिक्षामा आम नागरिक र राष्ट्रिय माग तथा विश्व परिवेशबाट सिर्जित ज्ञानको विकासमा नेपालको शिक्षा नीति, योजना, कार्यक्रम तथा परियोजनाहरु कार्यान्वयन हुँदै आएका छन्। प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम, शिक्षक शिक्षा परियोजना, प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिम परियोजना, सहश्राब्दी विकास लक्ष्य, उच्च शिक्षा परियोजना, विद्यालय क्षेत्र सुधार योजना तथा विद्यालय क्षेत्र विकास योजना जस्ता योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा आए। विश्वको बदलिदो परिवेशअनुसार नेपालले राष्ट्रिय स्तरमा बनाएका योजनाहरु र गरेका प्रतिवद्धताहरुलाई पूरा गर्नको लागि शिक्षा विकास गुरुयोजनाले महत्वपूर्ण मार्ग निर्देश गर्ने भएकोले यो योजनाको गरिएको छ। यो योजना तयार गर्ने क्रममा यस नगरपालिकाको नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभवक संघका पदाधिकारीहरु, शिक्षक कर्मचारी, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु, बाल क्लव लगायत सबैसँग औपचारिक तथा अनौपचारिक छलफल र अन्तरक्रिया गरि महत्वपूर्ण राय सुझाव लिइ योजना तर्जुमा गरिएको छ। स्थानीय तहमा उपलब्ध स्रोत साधनको अधिकतम प्रयोग गरी स्थानीय तहबाट नै विकेन्द्रीकरणको मर्म अनुरुप Bottom up Planning Approach का आधारमा विद्यालय सुधार योजना लगायत अन्य प्रक्रियाका माध्यमबाट शिक्षा विकासको गुरु योजना निर्माण गर्न वाञ्छनीय भएकोले यो योजना तयार पारिएको हो। शैक्षिक विकेन्द्रीकरणलाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न आगामी दिनमा शिक्षामा समेटिनु पर्ने विषयवस्तुलाई फरक ढंगले सम्बोधन गरी संविधानको मर्म अनुसार समन्वय, सहअस्तित्व, सहकार्य र सहकारिताको सिद्धान्तमा अगाडि बढे मात्रै स्थानीय स्रोत र साधनको उच्चतम् प्रयोग हुने साथै समस्या पहिचान र प्राथमिकीकरणमा गुणात्मकता आउने ठहरसहित १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२१-२०३०) निर्माण गर्नु सान्दर्भिक देखिन्छ ।

यस विद्यालय क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि.सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरुलाई समेट्ने गरि यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरु, रणनीतिहरु तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ ।

## २.२ दूरदृष्टि

शिक्षा, प्रविधि सञ्चार तथा पुर्वाधार,कोल्हबी नगरपालिकाको समृद्धिको आधार ।

## २.३.लक्ष्य

बालमैत्री तथा गुणस्तरीय शिक्षा मार्फत सबै तहका शिक्षालाई प्रतिस्पर्धा सृजनशिल, दक्ष, प्रविधिमैत्री, रोजगरमुलक शिक्षा पर्यटन तथा उत्पादनशिल बनाई दक्ष मानव श्रोतको विकास गर्ने ।

## २.४ उद्देश्य

२.४.१ सबै बालबालिकाहरुका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर उपलब्ध गराउनु।

२.४.२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तर वृद्धि गर्नु।

२.४.३ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु।

२.४.४ सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनु।

२.४.५ विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्नु।

२.४.६ विद्यालयलाई भय, विभेद र दुव्र्यवहारमुक्त तथा विविधता अनुकूल बनाइ बालबालिकालाई बालमैत्री वातावरण प्रदान गर्नु।

२.४.७ आपतकालीन, संकटपूर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु।

२.४.८ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।

२.४.९ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु।

## २.५ रणनीति

२.५.१ सबै बालबालिकाहरुको पहुँचमा गुणस्तरीय प्रारम्भिक बाल शिक्षा पुऱ्याउन नगरपालिका,वडा र विद्यालयले आवश्यक सुविधा सहित विद्यार्थी भर्ना अभियान चलाउने साथै नक्शाङ्कनको आधारमा सुलभ दूरीमा विद्यालय व्यवस्थापन गर्ने।(२.४.१)

२.५.२ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गरि गुणस्तर वृद्धि गर्न सुशासन, प्रभावकारी नीतिगत व्यवस्था, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास जस्ता पक्षहरुमा जोड दिने।(२.४.२)

२.५.३ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरि सान्दर्भिकता र गुणस्तरमा सुधार गर्न शैक्षिक सुशासन, नीतिगत व्यवस्थाको प्रभावकारी कार्यान्वयन, बालमैत्री वातावरण, विद्यालयको भौतिक पूर्वाधारको विकास, अभिभावक सचेतना, शिक्षकको पेशागत दक्षताको विकास, अनुगमन, सुपरीवेक्षण, निर्देशन तथा मूल्याङ्कन जस्ता पक्षहरुमा जोड दिने।(२.४.३)

२.५.४ सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पूर्नवितरण र कार्यशैलीमा सुदृढीकरण गर्ने।(२.४.४)

२.५.५ विद्यालयहरुमा सुशासन प्रवर्धन गरि सिकाइ उपलब्धि अभिवृद्धि गर्न विद्यालयहरुमा उत्तरदायित्व बोध भएका जनशक्तिको व्यवस्थापन गर्ने, सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरि सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने (२.४.५)

२.५.६ स्वतन्त्र र भयरहित सिकाइ पद्धतिका सक्षम जनशक्ति निर्माणमा जोड दिने (२.४.६)

२.५.७ विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि कार्यान्वयनमा ल्याउने। (२.४.७)

२.५.८ विद्यालय तहको शिक्षामा समता र समावेशीताका लागि गुणस्तरीय शिक्षा सुनिश्चित  गर्न निश्चित नीति नियम निर्माण गरी प्रभावकारी कार्यान्वयनका लागि जोड दिने। (२.४.८)

२.५.९ सिर्जनशील, दक्ष, नैतिकवान, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्न स्वतन्त्र सिकाइ, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षण पद्धतिको प्रयोगमा महत्व दिने। (२.४.९)

## २.६ कार्यनीति

२.६.१. विद्यालय शिक्षामा पहुच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्र म, निःशलुक पाठ्यपसुतक, छात्रवृति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रम सञ्चालन  गरिनेछ।

२.६.२. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ।

२.६.३. विद्यालयबाहिर रहेका सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिदँ ैविभिन्न प्रोत्साहनमू लक कार्यक्र म सञ्चालन गरी स्थानीय तहले आफ्नो से वा क्षेत्रभित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्र म सञ्चालन गरिनेछ।

२.६.४. सबैका लागि अनिवार्य तथा निःशलुक शिक्षा सनिश्चित गर्न शारीरिक तथा सामाजिकरूपमा पछाडि परका बालबालिकालाई विशे ष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ।

२.६.५. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयक् तु पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

## २.७ अपेक्षित मुख्य उपलब्धि

शिक्षा क्षेत्रको योजनाको अन्त्य (सन् २०३०) सम्ममा निम्नानुसारको मुख्य उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ -

२.७.१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको पहुँच र अवसर पाएका हुनेछ ।

२.७.२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधिको पहुँच, सहभागिता र गुणस्तरमा अभिवृद्धि भएको हुने।

२.७.३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार आएको हुनेछ।

२.७.४. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुनेछ।

२.७.५. आधारभूत तहमा कार्यान्वयनमा रहेको स्थानीय पाठ्यक्रमको सान्दर्भिकता तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहारकुशल तथा जीवनोपयोगी सीपहरू,स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्ने महत्वपूर्ण साधन भएको हुनेछ।

२.७.६. प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ।

२.७.७. सबै नागरकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुनेछ।

२.७.८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षाको अवसर सुनिश्चितता भएको हुनेछ।

२.७.९. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार आएको साथै स्वच्छ खानेपानी तथा सरसफाइप्रति सचेत भएको हुने छ।

२.७.१०. आर्थिक अभावका कारणले कुनै पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित भएको अवस्था नहुनेछ।

२.७.११. हरेक परिस्थितिमा बालबालिकाले भौतिक तथा मनोवैज्ञानिक सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित भएको हुने छ।

२.७.१२. समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री वातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुशासन प्रवर्धन भएको हुनेछ ।

२.७.१३. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुनेछ।

२.७.१४. प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी आवश्यकतामा आधारित योजना निर्माण भएको हुनेछ।

## २.७ कार्यनीतिः

- योजनाको रणनीति कार्यान्वयन गर्न कार्यनीति लागु गरिन्छ ।
- प्रत्येक रणनीतिसँग सम्बन्धित कार्यनीति लेख्नु आवश्यक हुन्छ ।
- कार्यनीति पछि कोष्ठमा सम्बन्धित रणनीति नम्वर उल्लेख गर्नुपर्दछ ।

**रणनीति नं १ र २ सँग सम्वन्धित कार्यनीतिहरु**

१. विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिनेछ ।

२. विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नको लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामाग्री वितरण, अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ।
३. विद्यालय वाहिर रहेका सवै बालबालिकहरुलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिदै विभिन्न प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन गरी स्थानीय तहले आफ्नो सेवा क्षेत्र भित्र कुनै पनि बालबालिका बाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
४. सवैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रुपमा पछाडी परेका बालबालिकाहरुलाई विशेष सिकाइ सामाग्री र उचित शैक्षिक अवसरको सृजना गरिनेछ ।

शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी वनाउन शिक्षणमा विभिन्न विधिहरुको प्रयोग गर्दै उपयुक्त पाठ्यसामाग्री, सन्दर्भ सामाग्री, स्रोतसामाग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेशागत क्षमता विकास

## २.७ मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य

कोल्हबीको १० वर्षे शिक्षा क्षेत्रको योजना (सन् २०२४-२०३०) का मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरीएको छ -

**तालिका २.१ मुख्य कार्य सम्पादन सूचक तथा लक्ष्य**

| क्र.स. | सूचकहरु | आधार बर्ष २०७७ को अवस्था | लक्ष्य | |
|---|---|---|---|---|
| | | | २०८१ | २०८६ |
| **१. प्रारम्भिक बाल बिकाश तथा शिक्षा** | | | | |
| ११. | कुल भर्नादर | ११०.६ | १०३ | १०० |
| १२. | चार बर्षका बालबालिकाहरुको भर्ना अनुपात | ८२.६ | ९५ | ९० |
| १३. | न्यनतम योग्यता पुगेका शिक्षक प्रतिशत | N/A | ९८ | १०० |
| १४. | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | N/A | ९६ | १०० |
| १५. | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालबिकाश तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ६७.७ | ९५ | १०० |
| **२. आधारभुत शिक्षा** | | ० | | |
| २१. | कक्षा १ मा कुल प्रवेशदर | १२७.६ | १०५ | १०० |
| २२. | कक्षा १ मा खुद प्रवेशदर | ९८ | १०० | १०० |

| | | | | |
|---|---|---|---|---|
| २३. | कक्षा १मा कुल भर्ना दर ५- | ११२.६ | १०२ | १०० |
| २४. | कक्षा १मा खुद भर्ना दर ५- | ९६.६ | ९९ | १०० |
| २५. | कक्षा १८- मा कुल भर्ना दर | १०६.७ | १०१ | १०० |
| २६. | कक्षा १८- मा खुद भर्ना दर | ८७.१ | ९५ | १०० |
| २७. | कक्षा १८- खुद भर्नादरमा लैङ्गिक समता सूचकांक | N/A | १ | १ |
| २८. | कक्षा ८ मा टिकाउ दर | ७६ | ८०९. | ९९ |
| २९. | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ७१.८ | ९०. | ९८ |
| २१. | ५बर्ष १२- उमेरका बिद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | N/A | २ | ० |
| २११. | कक्षा १३- मा सिकाई उपलब्धि | ६२५४. | ७२ | ७५ |
| २१२. | कक्षा ४५- मा सिकाई उपलब्धि | ५८.९३ | ६८ | ७० |
| २१३. | कक्षा ६८- मा सिकाई उपलब्धि | ४८७२. | ६८ | ७० |
| **३. माध्यमिक शिक्षा** | | ० | | |
| ३१. | कुल भर्नादर कक्षा ९१०- | ८१.६ | ९० | १०० |
| ३२. | खुद भर्ना दर कक्षा ९१०- | ५८.७ | ७५ | ९५ |
| ३३. | कुल भर्नादर कक्षा ९१२- | ९४.९ | ९९ | १०० |
| ३४. | खुद भर्नादर कक्षा ९१२- | ४६.७ | ७० | ९० |
| ३५. | कुल भर्नादर कक्षा ११ १२- | N/A | ८५ | ८० |
| ३६. | खुद भर्नादर कक्षा ११ १२- | N/A | ६० | ७० |
| ३७. | कक्षा १० सम्म को टिकाउ दर | ६४.४ | ८५ | ९५ |
| ३८. | कक्षा १२ सम्म को टिकाउ दर | N/A | ५० | ८० |
| ३९. | कक्षा ११२- मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकांक | N/A | १ | १ |
| ३१. | सिकाई उपलब्धि कक्षा ९१०- | ४६९७. | ६५ | ७० |
| ३११. | सिकाई उपलब्धि ११ १२- | ४६९७. | ६५ | ७० |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई** | | | | |
| ४१. | ५ बर्ष माथिको साक्षरता दर | N/A | ८५ | ९० |
| ४२. | १५२४- बर्षको साक्षरता दर | N/A | ८५ | १०० |

| | | | | |
|---|---|---|---|---|
| ४३. | १५ बर्ष माथीको साक्षरता दर | N/A | ७० | ७० |
| **५. महिला शिक्षक प्रतिशत** | | | | |
| ५१. | आधारभुत तह | ४८८५. | ५० | ५० |
| ५२. | माध्यमिक तह | ६४५. | ३० | ४० |
| **६. प्राथमिकता प्राप्त न्युनतम सक्षमता )PMEC) पुरा गरेका बिद्यालय प्रतिशत** | | | | |
| ६१. | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | N/A | ६० | ९० |
| ६२. | आधारभुत बिद्यालय | N/A | ७० | ९५ |
| ६३. | माध्यमिक बिद्यालय | N/A | ६० | ९० |
| ७ | स्थानीय बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत | ४२७. | १८ | २० |

## २.८ शिक्षा क्षेत्रको योजनामा परिवर्तनको सिद्धान्त

कोल्हबीको  शैक्षिक क्षेत्रको माग र आवश्यकतालाई मध्यनजर गर्दै यस क्षेत्रलाई शैक्षिक हवको रुपमा रुपान्तरण गर्न सभ्य, शिक्षित, प्रविधि र रोजगार उन्मुख, सुखी तथा समृद्ध समाजमा  रुपान्तरण गर्न यस योजनाको विकास गर्दा परिवर्तको सिद्धान्तलाई आत्मसात् गरीएको छ। परिवर्तनको सिद्धान्तमा आधारित भएर योजना विकास गर्दा हाम्रो वर्तमान धरातल के कस्तो छ ? समस्या तथा चुनौतीहरू के के छन् ? भन्ने विषय उठान गरि वर्तमान अवस्थाको विश्लेषण गरिएको छ। पहिलो चरणमा योजना तथा कार्यक्रमको गन्तव्य वा अपेक्षित प्रभाव पहिचान गरिएको छ। गन्तव्य पहिचान गरिसकेपछि गन्तव्यमा पुग्ने आवश्यकताका आधारमा पछिल्ला चरणहरू क्रमशः पहिचान गरिएको छ। गन्तव्यमा पुग्ने आधारका रूपमा रहने यस्ता उपलब्धिहरूका पनि श्रृङ्खलाहरू हुन सक्ने भएकाले, तत्कालीन, मध्यकालीन र दीर्घकालीन उपलब्धिहरू क्रमशः पहिचान भएका छन्। पहिचान गरिएका उपलब्धिहरू प्राप्त भए नभएको वा के कति मात्रामा उपलब्धि प्राप्त भए भन्ने आधारमा निर्धारण गर्नका लागि उपलब्धि सूचकहरू तयार भएका छन्।

**वर्तमान अवस्थाको विश्लेषण र समस्या तथा चुनौतीहरु पहिचान**

कोल्हबी नगरपालिकाको शिक्षा क्षेत्रको वर्तमान अवस्थाको विश्लेषण गरि उपलब्धि अवस्थाका आधारमा विद्यमान समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समग्र विश्लेषण गरि चुनौतीहरूको पहिचान यस योजनाको पहिलो परिच्छेदमा गरिएको छ भने प्रत्येक उपक्षेत्रको अलग-अलग विस्तृत रूपमा वर्तमान अवस्थाको विश्लेषण गरि समस्या तथा चुनौतीहरू पहिचान गरिएको छ। समग्रमा विद्यालय शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चित गरि गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्ने र विद्यालय तहको शिक्षामा समता तथा समावेशिताको प्रत्याभूति गर्ने कार्यमा अपेक्षित सफलता प्राप्त गर्न अझै पनि चुनौतीहरू रहेका छन्।

**१. अपेक्षित प्रभाव वा गन्तव्य पहिचान**

योजनाका लागि परिवर्तनको सिद्धान्त विकास गर्न सर्वप्रथम योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका प्रभाव अर्थात् योजनाको गन्तव्य पहिचान गरिएको छ। नेपालको संविधानले समतामूलक तथा न्यायपूर्ण समाज विकास गर्ने दृष्टिकोण राखेको छ। यसका लागि आर्थिक तथा सामाजिक रुपान्तरण आवश्यक छ।समृद्ध नेपाल र सुखी नेपालीको आकांक्षा पूरा गर्न नेपाल सरकारले विकासको २५ वर्षे दीर्घकालीन सोच तयार गरि सोही अनुरुप पन्ध्रौं योजना २०७६-२०८० विकास गरेको छ। यो दीर्घकालीन आकांक्षा पूरा गर्न शिक्षा क्षेत्रले पनि योगदान गर्नु पर्ने आवश्यकतालाई दृष्टिगत गरि यस नगरपालिकाले पनि शिक्षा क्षेत्रको १० वर्षे योजनाको अपेक्षित प्रभाव वा गन्तव्य पहिचान गरेको छ।

**२. अपेक्षित उपलब्धि तयारी**

योजनाको गन्तव्यमा पुग्नका लागि आवश्यक हुने उपलब्धिहरू तयार गरिएको छ। यस्ता उपलब्धिहरु तत्कालीन, मध्यकालीन र दीर्घकालीन प्रकृतिका छन्। यस योजनाको दीर्घकालीन अपेक्षित उपलब्धि २१ औं शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने सामाजिक मूल्य मान्यताप्रति सचेत तथा समता र समावेशितालाई आत्मसात् गर्ने नागरिक तयार हुने रहेको छ। मध्यकालीन अपेक्षित उपलब्धि प्राप्त गर्नका लागि गुणस्तरीय विद्यालय शिक्षा अधिकारका रूपमा स्थापित भई सबैका लागि सहज पहुँच सहभागिता र निरन्तरताको सुनिश्चिततासहित समता र समावेशिता प्रवर्धन हुने जस्ता व्यवस्था राखिएको छ। यसका साथै अल्पकालीन अपेक्षित उपलब्धिको रुपमा ८ ओटा अपेक्षित मुख्य उपलब्धिहरू तय गरि परिच्छेद २ मा उल्लेख गरिएको छ। यी उपलब्धि प्राप्त भएको सुनिश्चित गर्नका लागि उपलब्धि सूचकहरू तयार गरि परिच्छेद ७ मा मुख्य उपलब्धि सूचकहरू र समग्र उपलब्धि सूचकहरू तयार गरिएको छ।

**३. नतिजा**

फरक फरक स्तरका उपलब्धिहरू तयार गरेपछि ती उपलब्धिका लागि के कस्ता नतिजाहरू आवश्यक हुने हो भन्ने कुरा तय गरिएको छ। उदाहरणका लागि सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने भन्ने उपलब्धि प्राप्तिका लागि सबै बालविकास तथा शिक्षा केन्द्रहरूमा न्यूनतम् भौतिक पूर्वाधार, शैक्षिक सामग्री, सरसफाइ तथा स्वच्छताको प्रबन्ध, न्यूनतम् योग्यता पुगेका, तालिम प्राप्त र उत्प्रेरित शिक्षक, पौष्टिक तथा स्वास्थकर दिवाखाजा, आधारभूत स्वास्थ्य सेवा, बालमैत्री वातावरण, स्वतन्त्र सिकाइ, प्रकोप तथा महामारीमा वैकल्पिक सिकाइ, समता तथा समावेशी सिकाइजस्ता नतिजाहरू रहेका छन्।

**४. रणनीति तथा क्रियाकलापहरू**

नतिजा प्राप्तिका लागि विभिन्न रणनीति तथा क्रियाकलापहरू आवश्यक हुन्छन्। एउटा नतिजाका लागि एक वा एकभन्दा बढी क्रियाकलापहरू आवश्यक हुन सक्दछन् भने एउटा क्रियाकलाप एक वा एकभन्दा बढी नतिजासँग पनि सम्बन्धित हुन सक्दछ। यी रणनीति तथा क्रियाकलापका लागि कार्यान्वयन प्रबन्ध तथा आवश्यक स्रोत तथा साधनाको आकलन पनि गरिएको छ। उल्लिखित नतिजाको श्रृङ्खलासहित उपलब्धि तथा गन्तव्य प्राप्तिका लागि अपेक्षित स्रोत साधन, संरचना, उत्तरदायित्व, साझेदार तथा सरोकारवालाहरूको सकारात्मक सहयोग तथा सहकार्यमा निरन्तरता हुने मान्यताहरूका आधारमा यो परिवर्तनको सिद्धान्त विकास गरि सोही बमोजिम योजना तर्जुमा गरिएको छ।

# परिच्छेद तीनः विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ परीचय

यस शिक्षा क्षेत्रको योजना ( School Sector Education Plan) सन् २०२१-२०३० का लागि परिच्छेद दुईमा पहिचान गरिएका विद्यालय शिक्षाका दृष्टिकोण तथा उद्देश्यहरूका आधारमा प्रमुख क्रियाकलापहरू निर्धारण र लक्ष्यहरू आकलन गरि पहिलो पाँच वर्षका अर्थात् सन् २०२१-२०२५ लागि लागत अनुमान सहित योजनाको खाका तयार गरिएको छ। पहिलो परिच्छेदमा यस शिक्षा क्षेत्रको योजनाको सन्दर्भ र विद्यालय क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गरिएको छ। यसले शिक्षा क्षेत्रको योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गर्ने आधार तयार गरेको छ। परिच्छेद दुईमा यस योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू पहिचान गरिएको छ।

यस विद्यालय क्षेत्रअन्तर्गतका विभिन्न उपक्षेत्रहरू: बालिवकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा र अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ भने पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक विकास तथा व्यवस्थापनजस्ता सबैजसो उपक्षेत्रसँग अन्तर विषयहरूको वर्तमान अवस्थाको समीक्षा गरि चुनौतीहरू पहिचान गरिएको छ। यसमा प्रत्येक उपक्षेत्रको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू सामना गरि उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरू निर्धारण गरिएको छ।

## ३.२ प्रारम्भिक बालविकास र शिक्षा

### ३.२.१ परिचय

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा (३) मा "प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ" भनी उल्लेख गरिएको छ साथै शिक्षा ऐन २०२८ को आठौँ संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षा कै अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०६७ मा उल्लेख भएको र नेपालको पन्ध्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे बालविकास कार्यक्रम समावेश गरिएको छ। सरकारी तथा गैरसरकारी संस्था, स्थानीय सरकार, समुदाय, निजी क्षेत्र र विद्यालयहरूको सहयोगले यस पालिकामा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम विस्तारमा महत्त्वपूर्ण उपलब्धि हासिल भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर कोल्हबी नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएको छ।

### ३.२.२ वर्तमान अवस्था

कोल्हबी नगरपालिकामा हाल ३२ वटा बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन् जसमा जम्मा ४४ जना सहजकर्ता सेवारत छन्। ०-४ वर्ष उमेरको कूल जनसंख्या २९८१ रहेको यस पालिकामा १२८५ जना बालबालिका बालविकास केन्द्रमा भर्ना भएका छन्। कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको भर्नादर ६७.७ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत सहजकर्ताहरुमध्ये १०० प्रतिशत महिला रहेका छन्, । यस पालिकामा कार्यरत सबै सहजकर्ताहरु नेपाल सरकारले तोकेको न्यूनतम् शैक्षिक योग्यता पूरा भएको देखिन्छ।

भौतिक रुपमा हेर्दा प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ ( पहिलो संशोधन (२०७५) अनुसार यस पालिका अन्तर्गत कुनै पनि बालविकास केन्द्रको न्यूनतम् मापदण्ड नपुगेको देखिन्छ। प्रायःबालविकास केन्द्रहरु बालमैत्री, अपाङ्ग मैत्री, लैङ्गिक मैत्री बन्न सकेका छैनन्। एकातिर सहजकर्ताका लागि उत्प्रेरणा र मनोवल वढाइ पेशामा क्रियाशील बनाउन पारिश्रमिकतामा न्यूनता छ भने अर्कोतिर उनीहरुका लागि कुनै सघन तथा पुनर्ताजगी तालिम प्रदान गर्ने व्यवस्था गरिएको छैन।

### ३.२.३ अवसर र चुनौतिहरु

अधिकांश प्रारम्भिक बालविकास केन्द्र वा कक्षाहरुमा प्रारम्भिक बालविकासका मापदण्ड अनुसार न्युनतम भौतिक तथा शैक्षिक प्रबन्ध हुन सकेको छैन । जसबाट बालबालिकाहरु गुणस्तरीय शिक्षा प्राप्त गर्ने हक बाट वञ्चित हुनु परेको छ । प्रारम्भिक बालविकास शिक्षमा बालबालिकाहरुको सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न देहाय अनुसारका चुनौति तथा समस्याहरु रहेका देखिन्छन्

- सबै प्रारम्भिक बालविकास केन्द्रमा गुणस्तरका न्युनतम मापदण्ड कायम गर्नु र कार्यन्वयन गर्नु ,
- अपाङगता भएका बालबालिका, अनाथ तथा टुहुरा बालबालिकालाई बालविकास केन्द्रको पहुँचमा पुर्याउनु ,
- प्रारम्भिक बालविकास केन्द्रको पठनपाठनको समयावधि र पाठ्यक्रम कार्यान्वयनको सम्बन्धमा समन्वय र एकरुपता कायम गर्नु
- प्रारम्भिक बालविकास केन्द्रमा उपयुक्त योग्यता र तालिमप्राप्त शिक्षकको व्यवस्था गर्नु,
- प्रारम्भिक बालहेरचाह, पोषण, सुरक्षा तथा सिकाइको सम्बन्धमा अभिभावक जागरण गर्नु
- प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्ष उमेर पुरा गरेका बालबालिकाहरुका लागि सञ्चालन गरीने कार्यक्रम भए पनि चार वर्षभन्दा कम उमेरका बालबालिकाहरु पनि उपस्थित हुनु,

### ३.२.४ उद्देश्य

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु बालविकास र शिक्षा कार्यक्रमको प्रमुख उद्देश्य हो। यो उद्देश्य परिपूर्तिका लागि शिक्षा क्षेत्रको योजनाले प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ -

१. चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास गर्नु।
२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु।
३. बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना गराउनु।

### ३.२.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीने छ -

१. प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५) अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको सञ्चालन तथा व्यवस्थापन गरिनेछ।
२. माग र आवश्यकताका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षा सेवा उपलब्ध गराइने छ।
३. प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारेको व्यवस्थाका लागि क्रमश कार्यक्रम ल्याइनेछ।
४. प्रारम्भिक बालविकास शिक्षाको प्रभावकारिताका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइने छ।
५. गर्भवती र नवजात शिशु पोषणका बारेमा ध्यान दिन प्रत्येक बर्ष २ पटक अभिभावक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

### ३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर पाएका हुने।

**ख) प्रमुख नतिजाहरू**

१. प्रारम्भिक बालविकास केन्द्रहरु "प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संशोधन २०७५)" अनुसार मापदण्ड पूरा भएका हुनेछन्।
२. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार हुनेछ।
३. सबै प्रारम्भिक बालविकास सहजकर्ताहरु मन्टेश्वरीमा आधारित ३० दिने तालिम प्राप्त हुनेछन्।
४. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण गरि २० मिनेटको दूरी भन्दा बढी नपर्ने गरी नयाँ बालविकास (घुम्ती बालविकास) केन्द्र विस्तार गरिएको हुनेछ।
५. प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ।

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

### तालिका ३.१ प्रारम्भिक बालविकास तथा शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य ५ बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रारम्भिक बालविकास सम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ पहिलो संसोधा ) अनुसार मापदण्ड पूरा "(२०७५ | संख्या | ० | ४ | ४ | ४ | ४ | ३२ | प्रदेश/ नगरपालिका |
| २ | | | | | | | | | |
| ३ | बालविकास सहजकर्ताका लागि मन्टेश्वरीमा आधारित ३० दिने तालिम | पटक | | १ | | १ | | ३ | पटक |
| ४ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्शाङ्कन र पुनर्वितरण | पटक | | | १ | | | २ | नगरपालिका |
| ५ | प्रारम्भिक बालविकास केन्द्रमा एकजना सुसारे कर्मचारीको व्यवस्थापन | संख्या | | ४ | ४ | ४ | ४ | ३२ | नगरपालिका |
| ६ | बालबालिकाको अभिलेखिकरण | प्रत्येक वर्ष | | | | | | | विद्यालय |
| ७ | गर्भवती र नवजात शिशु पोषणमा अभिभावक सचेतना कार्यक्रम सञ्चालन | पटक | | १ | १ | १ | १ | ९ | नगरपालिका |
| ८ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | संख्या | २७ | २७ | २७ | २७ | २७ | २७ | संघ |
| ९ | बाल विकास केन्द्रमा पोषण कर्नर स्थापना | संख्या | २७ | २७ | २७ | २७ | २७ | २७ | विद्यालय |
| १० | | | | | | | | | |
| ११ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकताअनुसार स्थानीय भाषाको प्रयोग | संख्या | २७ | २७ | २७ | २७ | २७ | २७ | विद्यालय |
| १२ | शिक्षकको पेशागत विकासका कार्यक्रम | संख्या | २ | २ | २ | २ | २ | २० | प्रदेश/ नगरपालिका |
| १३ | प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | पटक | १ | | | १ | | ३ | संघ/ प्रदेश/ नगरपालिका |
| १४ | प्रारम्भिक बालविकास तथा शिक्षामा सरोकारवालाको सहभागिता | पटक | | १ | १ | १ | १ | ९ | स्थानीय सरोकारवाला |

## ३.३ आधारभूत शिक्षा

### ३.३.१ परिचय

नेपालमा बहुदलीय ब्यबस्थाको पुनःस्थापना पश्चात सरकारी योजानामा नीतिगत रुपमा विद्यालय शिक्षाको पहूँच अभिबृद्धिका लागि उच्च प्राथकिता पाउँदै आएको हुनाले सोको प्रतिफल स्वरुप यस नगरपालिकामा आधारभूत तहको शिक्षामा ९८ प्रतिशत भन्दा बढी आधारभूत शिक्षाको पहुँचमा रहेको देखिन्छ । त्यसकारण यो योजनाले पहुँचलाइ्र कायम राख्दै गुणस्तर बृदिमा जोड दिइएको छ ।

विद्यालय शिक्षाको विकासमा भएका विभिन्न प्रयास तथा परियोजनाहरु मध्ये आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, प्राथमिक शिक्षा परियोजना प्राथमिक शिक्षा विकास परियोजना सेती परियोजना माध्यमिक शिक्षा सहयोग कार्यक्रम, सबैकालागि शिक्षा कार्यक्रम,विद्यालय क्षेत्र सुधार योजना आदि धैरै परियोजनाहरु सन्चालन गरीए जसको प्रमुख लक्ष्य नेपालको शिक्षामा पहुँच अभिबद्धि र शिक्षक ब्यबस्थापनमा तालीम अनिबार्य गरीएको हुनाले आधारभूत तहका शिक्षकहरुलाई ब्यापक तालीमको ब्यबस्था गरयिो भने विद्यालयको समग्र भौतिक ब्यबस्थापनलाई पनि उच्च महत्वका साथ भौतिक सँरचनाहरुको समेत उल्लेख्य विकास गरएिको छ। सन २०१५ पछाडी शैक्षिक सुधार र गुणस्तर बृद्धिका प्रयासहरु भएको देखिन्छ । हाल सँचालित विद्यालय क्षेत्र विकास कार्यक्रमले शैक्षिक गुणस्तरलाई जोड दिँदै सँरचनागत रुपमा परिवर्तन गरीएको छ । जस अन्तरगत ४ बर्ष उमेर समूहकालागि प्रारम्भिक वालविकास र शिक्षा, ५ देखि ७ बर्ष उमेर समूहकालागि आधारभूत तह १ (कक्षा१देखि३) ८बर्ष देखि ९ बर्ष उमेर समूकालागि आधारभूत तह २ (कक्षा ४ र ५) १०देखि १२ बर्ष उमेर समूहकालागि ,आधारभूत तह ३ (कक्षा ६,७ र ८) रहेका छन । यिनै ३ वटा तहलाई नेपालको आधारभूत शिक्षाको तह भनिएको छ।

नेपालमा शिक्षा विकासको क्रममा नेपालको सँविधान २०७२को धारा ३१(१)मा नागरीकको मौलिकहकको‌रुपमा ब्यबस्था गरीएको छ । सँविधानले सबैकालागि निःशुल्क तथा आधारभूत शिक्षा सुनिश्चित गर्नै प्रत्याभूति गरीएको सन्दर्भमा शिक्षा क्षेत्रको ब्यबस्थापन एवम सेवा प्रवाह प्रणालीको पुनरावलोकन एवम परिमार्जन आबश्यकता महसुस गरी सँविधानले स्थानीय तहको अधिकारमा बढोत्तरी गरी विद्यालये शिक्षा ब्यबस्थापनमा तिनै तहको अधिकार सुनिश्चित गरी एकल अधिकार र सँघ, प्रदेशको साझा अधिकार भित्र राखिए पनि सबै वालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल वा साझा सूचिका आधारमा तिनै तहका सरकार जिम्मेवार रहेको देखिन्छन । आधारभूत शिक्षाको लक्ष्य ४ बर्ष देखि १२ बर्ष उमेर समूहका सबै वालवालिकालाई विद्यालय प्रवेशको पूर्व तयारी एवम गुणस्तरीय आधारभुत शिक्षामा पहूँच सुनिश्चित गरी तिनको शारीरिक, सामाजिक सँवेगात्मक सँज्ञानात्मक आध्यामिक तथा नैतिक शिक्षाको विकास गराई जीवनउपयोगी सिप एवम मूल्यमा आधारित सामाजिक साँस्कृतिक विविधताबारे परिचित गराइ अपाङ्कता तथा सिकाइ कठिनाइ भएका वालवालिकालाई शैक्षिक स्तर बृद्धिकालागि सँस्थागत सहयोग आबश्यक पर्ने हूँदा कोल्हबी नगपालिका सामाजिक समिति शिक्षा तथा स्वास्थ्य शाखा बीच समन्वय कायम गर्दै माध्यमिक शिक्षामा प्रबेश गराई आबश्यकता अनुरुप निर्माण गरीएका शैक्षिक कार्यक्रम कार्यान्वयन गर्नू सबैको समान दायित्व रहनेछ ।

### ३.३.२ वर्तमान अवस्था

कोल्हबी नगरपालिका भित्र हाल कक्षा १-३ सञ्चालित २, कक्षा १-५ सञ्चालित ९ र कक्षा ६-८ सञ्चालित ९ विद्यालयहरू गरी आधारभूत विद्यालयहरूको संख्या २० वटा रहेको छ। आधारभूत तहमा विद्यमान अवस्थाको लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ २०७८ सालमा कक्षा १-३ मा ४८.४१ प्रतिशत छात्रा र प्रतिशत छात्र ५१.५९, कक्षा ४-५ मा ४८.५० प्रतिशत छात्रा र ५१.५० प्रतिशत छात्र, कक्षा ६-८ मा ५०.३५ प्रतिशत छात्रा र ४९.६५ प्रतिशत छात्र भर्ना भएको अवस्था छ। यसरी हेर्दा सामुदायिक विद्यालयमा छात्र तथा छात्राहरुको संख्या उच्च छ। विद्यार्थी शिक्षक अनुपात कक्षा १-५ मा ६५.३६ प्रतिशत र कक्षा ६-८ मा ८०.६२ प्रतिशत रहेको अवस्थामा विद्यालयमा रहेको पूरा नो दरवन्दी संरचनाले गर्दा न्यायोचित रुपमा विद्यालय विद्यार्थी संख्याका आधारमा दरबन्दी नरहेको तथा शिक्षण सिकाइ पद्धतिमा बहुकक्षा शिक्षणको अधिक विद्यालयमा अभ्यास भइरहेकोले विद्यार्थी संख्याका आधारमा शिक्षक दरबन्दीको पुनर्वितरण गर्नु आवश्यक रहेको छ। यस पालिकाको कूल जनसंख्या ३५,३३५ मध्ये आधारभूत तह उत्तीर्ण गर्ने जनसंख्या सबैभन्दा धेरै १०,५८४ जना रहेका छन्।

### ३.२.३ चुनौती तथा अबसरहरु

यस पालिका अन्तरगत शैक्षिक सँस्थाहरुमा चुनौतीका रुपमा रहेका सिकाइ हस्तान्तरणमा सर्वशुलभता, पूर्वाधारहरुको समुचित ब्यबस्थापन,समन्यायिकता,सार्वजनिक शिक्षा प्रति चासो र विश्वास सहित आकर्षणमा बृद्धि, विद्यार्थी सङ्ख्याका आधारमा कक्षागत विषयगत रुपमा दरबन्दी मिलान तथा पुन वितरण,शैक्षिक सुसाशन उतरदायित्व,ब्यबहारिक बालमैत्री तथा प्रविधिमा आधारित सिकाइ,विद्यालय बाहिर रहेका सम्पूर्ण बालबालिका भर्ना,कक्षा छाडने दर सून्य,अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु, सूचना तथा सञ्चारमा आएका नविनतम प्रविधिहरुलाई अबसरको रुपमा ग्रहण गर्न प्रमुख चुनौतीको रुपमा देखिन्छ ।

यस नगरपालिकाको शैक्षिक अवस्थाहरुलाई हेर्दा थुप्रै अबसरहरु देखिन्छन । नगरपालिकाले शैक्षिक नीतिमा दीर्घकालिन सोचका साथ शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिँदै सुधारका अनेकौ कार्यक्रमहरु लागु गरीएको,शिक्षका तिन वटै तहका सरकारहरुले साझा अधिकारका क्षेत्रका रुपमारहेकाले आपसि साझेदारीमा लगानी अभिबृद्धि गरी शिक्षा क्षेत्रमा समयानुकुल परिवर्तन गर्न सकिने, आधारभूत तहमा हाल कार्यान्वयनमा रहेको राष्टिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रमले विद्यार्थीहरुमा आएको सिकाइ जागरुकता र अभिभावकहरुमा आएको अपनत्वको भावना एवम शिक्षकहरुमा पेसागत सिपमा आएको सिकाइ हस्तान्तरण गर्ने कलाले सार्वजनिक विद्यालय प्रतिको चासो र जनअपेच्छा बढदै जानु,शैक्षिक सूचकाँकहरुको प्रगति सकारात्मक दिशा तिर जानु नगरपालिकाले शैक्षिक कार्य विधि तथा वर्तमान अवस्थाको पाश्र्वचित्र १० बर्षे शैक्षिक योजना निर्माण गरी अघि बढने नीतिले पनि पालिकाको शैक्षिक उन्नयनका लागि महत्वपूर्ण अबसरहरु रहेका छन ।

मुख्य गरी यस पालिकाका यस तहमा अवसर तथा मुख्य चुनौतीहरु निम्नानुसारका रहेका छन् :

- सबै बालविकास केन्द्रहरुमा निश्चित पाठ्यक्रम र कार्यपुस्तिका नतोकिनु र सोहि अनुरुप सहजीकरण नगरिनु ।
- प्रारम्भिक बालविकास केन्द्रको न्युनतम मापदण्ढ पुरा गर्दै बालबालिकाहरुको सर्वाङगीण विकास नगरिनु ।
- योग्यता तथा तालिम प्राप्त सहजकर्ताको व्यबस्था र समय – समयमा आवश्यक अनुगमन, व्यबस्थापन,तालिम तथा पृष्ठपोषणको सुविधा नहुनु।
- प्रारम्भिक बाल हेरचाह,पोषण, सुरक्षा र सिकाईका सम्बन्धमा अभिभावक जागरण नहनु ।

### ३.३.४ उद्देश्य

यस योजनाले आधारभूत शिक्षासम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ -

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. विद्यार्थीको सिकाइ उपलब्धी राष्ट्रिय औसत उपलब्धी बराबर बनाउने,
३. विद्यालयको भौतिक, शैक्षिक र व्यवस्थापकीय वातावरणमा सुधार गरि बालमैत्री, समावेशी, सुरक्षित र जवाफदेही बनाउनु,

### ३.३.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ -

१. विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन गर्ने।
२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न स्थानीय सरकारले आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था गर्ने।
३. विद्यालय बहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरि उनीहरूको पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था गर्ने।
४. वैकल्पिक/अनौपचारिक/खुला/परम्परागत शिक्षा तथा सिकाइ, लक्षित कार्यक्रम, प्रोत्साहनमूलक कार्यक्रम, आवासीय सुविधा आदि कार्यक्रम सञ्चालन गर्ने।
५. विद्यालयमा न्यूनतम् भौतिक सुविधा सुनिश्चितता गर्ने।
६. सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्ले प्रयोग गर्ने।
७. शिक्षकलाई पेशागत तालिमको लागि आवश्यक वातावरण सिर्जना गर्ने।
८. मूल्याङ्कनलाई शिक्षण सिकाइ कै अभिन्न अङ्गको रूपमा प्रयोगमा ल्याएर विद्यार्थीलाई कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धित क्षमता विकास गरिनेछ।
९. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिनेछ।
१०. विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न स्थानीय स्वास्थ्य एकाइ मार्फत विद्यालयमा पोषण कर्नर स्थापना गरी सचित्र स्थानीय पोषण पाठ्यक्रम तयार गरी लागू गर्ने।
११. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन तथा न्युनिकरण सम्बन्धी ज्ञान दिने।
१२. विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यस्थापकीय पद्धतिमा सुधार गर्ने।

### ३.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

२. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि भएको हुने।

**ख) प्रमुख नतिजाहरू**

१. विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने।
२. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने।
३. आधारभूत तह पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।
४. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति सचेत बनाउने।
५. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने।
६. जनशक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने।
७. विद्यार्थीको सिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ३.२ आधारभूत शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १० ) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | | १ | | ३ | नगरपालिका |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा पुनराबलोकन | पटक | | १ | | १ | | ३ | नगरपालिका |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | ९६.०१ | ९६.०७ | ९७.०३ | ९७.०९ | ९८.०१ | १०० | नगरपालिका |
| ४ | विद्यालयमा न्युनतम् भौतिक पूर्वाधार विकास | संख्या | ० | २ | ५ | ५ | ५ | २७ | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यान्वयन | कक्षा | | १-५ | | ६-८ | | | |
| ६ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा योजना तयारी महामारीलगायतका | पटक | १ | १ | १ | १ | १ | १० | संघ/ प्रदेश/ नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | | | | | | | | |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | २ | ३ | ३ | ३ | ३ | २७ | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ/ प्रदेश/ नगरपालिका |
| ९ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | | | | | | | नगरपालिका |
| १० | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| ११ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | नगरपालिका |
| १२ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | ५० | नगरपालिका |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानिय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ। भने अर्कोतिर संघ, प्रदेश र स्थानिय सरकारको साझा अधिकार भित्र पनि राखेको छ ।यसरि गुणस्तरिय शिक्षा सुनिश्चितताका लागि संविधानले तीनै तहलाई जिम्वेवार बनाउने स्पष्ट मार्गनिर्देशन कोरेको छ। शिक्षा ऐन २०२८ ले कक्षा ९—१२ लाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। कोल्हबी नगरपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सिपमूलक, निःशुल्क, वालमैत्री, र समावेशी गराउने नीती अख्तियार गर्नुपर्दछ। विद्यालय शिक्षाअन्तर्गत कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षा कायम गरिएको छ। माध्यमिक शिक्षालाई साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन प्रकारमा वर्गीकरण गरिएको छ। गुरुकुल, गोन्पा विहार, मदर्सा, मुन्धुमलगायतका परम्परागत शिक्षा पद्धतिलाई माध्यमिक शिक्षामा समेटिएको छ। माध्यमिक शिक्षाको पाठ्यक्रम संरचना एकलपथको हुने ब्यवस्था छ। यस तहको मुख्य उदेश्य मुलक र प्रदेशको आवश्यकता अनुरुप प्रारम्भिक स्तरको दक्ष जनशक्ति उत्पादन गर्नु रहेको छ।

यस तहको १५ सिकाइ सक्षमताहरुमा मानवीय मूल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रवर्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव र सहअस्तित्वलाई आत्मसात् गर्दै सभ्य, सुसंस्कृत र समतामूलक समाज निर्माणका लागि भूमिका निर्वाह, दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रूपमा भाषिक सिपको प्रयोग, प्रभावकारी सिकाइ, रचनात्मक र विश्लेषणात्मक सोच तथा सामाजिक सम्पर्क र सञ्चारबाट विचार हरूको आदान प्रदान,

व्यक्तिगत विकास र आवश्यकताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोचको विकास तथा स्वअध्ययन एवम् ज्ञान र सिपको खोजी गर्ने बानीको विकास, गणितीय समस्या समाधानमा गणितीय अवधारणा, सिद्धान्त तथा तार्किक सिपको प्रयोग, व्यावहारिक गणितीय ज्ञान र सिपको बोध र प्रयोग, वैज्ञानिक ज्ञान, तथ्य, सिद्वान्त र प्रविधिको समुचित प्रयोग, जीवनजगत् र व्यवहारसँगको तादात्म्य बोध गरी जीवनोपयोगी को प्रयोग गर्दै समाजसापेक्ष व्यवहार प्रदर्शन, स्वास्थ्यप्रतिको सचेततासहित वातावरण संरक्षण र संवर्धन तथा जनसङ्ख्या व्यवस्थापनमा सक्रिय सहभागिता, प्राकृतिक तथा सामाजिक घटनाको विश्लेषण, तिनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रदर्शन, वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्रवि्रmयागत सिपहरू हासिल गरी आधुनिक प्रविधिहरूको दैनिक जीवनमा प्रयोग, श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वाससाथ तयारी, प्राविधिक ज्ञान, सिप, प्रवृत्ति तथा पेसागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग तथा उच्च तहमा अध्ययनको आधार विकास गर्ने रहेका छन् ।

१५ औ योजनाले माध्यमिक शिक्षामा निःशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउने कुरामा जोड दिएको छ भने शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहूँच सुनिश्चित गर्दै सिर्जनशिलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्नु ।

### ३.३.२ वर्तमान अवस्था

कोल्हबी नगरपालिका भित्र हाल कक्षा १-१० सञ्चालित ३ र कक्षा १-१२ सञ्चालित ९ गरी माध्यमिक तहको विद्यालयहरूको संख्या १२ वटा रहेको छ। माध्यमिक तह कक्षाको ९-१० को खुद भर्ना दर ५८.७ र कूल भर्नादर ८१.६ रहेको छ। माध्यमिक तहमा विद्यमान अवस्थामा  लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयतर्फ कक्षा ९-१० मा ४८.६१ प्रतिशत छात्रा र ५१.३३ प्रतिशत छात्र भर्ना भएको अवस्था छ। यस तहमा खुद भर्नादरमा लैङ्गिक समता सूचक १.०६ र शिक्षक विद्यार्थी अनुपात ५५.६५ प्रतिशत रहेको छ।कक्षा १० को टिकाउ दर ५६.० प्रतिशत, उत्तीर्ण दर ९७.९, कक्षा १० मा कक्षा दोहोऱ्याउने दर ० र कक्षा छोड्ने दर २.१ रहेको छ। कोल्हबी नगरपालिकामा १२ कक्षा सम्म पढाई हुने ९ वटा विद्यालयहरु रहेका छन् ।

### ३.३.३ माध्यमिक शिक्षामा देखिएका विद्यमान अवसर र चुनौती

विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन आवश्यक देखिन्छ। माध्यमिक तहमा विद्यालय छोड्ने र दोहोर्याउने दरलाई कम गर्नु अति जरुरी देखिन्छ । पाठ्यक्रमको सफल कार्यान्वयनको लागि सो तहमा अध्यापन गर्ने शिक्षकहरुको क्षमता वृद्धि गर्नु अति आवश्यक देखिन्छ । शिक्षण सिकाई विधि सुधारका लागि सम्पुर्ण शिक्षकहरुलाई वर्तमान प्रविधिसँग जोड्नु अति आवश्यक देखिन्छ। संविधानले माध्यमिक शिक्षा निःशुल्क भनेको भएतापनि हाल माध्यमिक तहको शिक्षा पुर्ण रुपमा निःशुल्क गर्न सकिएको छैन। शिक्षक तथा कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, प्र अ को लागि नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गरेको पाईदैन। विभिन्न ढंगले विकास गरिएको व्यक्तिगत क्षमतालाई संस्थामा प्रयोग गर्न सकिएको अवस्था छैन। सूचना तथा सञ्चार प्रविधिमा आधारित व्यवस्थापन प्रणालीलाई अझै लागु गर्नुपर्ने आवश्कता छ । राम्रो नेतृत्व भएको प्रध्यानाध्यापको विद्यालय व्यवस्थापन प्रभावकारी भएकोले प्रधानाध्यापकहरुको नेतृत्व विकास सम्बन्धी तालिमहरु सञ्चालन गर्नु अति आवश्यक छ । माध्यमिक तहमा विषयगत शिक्षक तथा दरवन्दि कम रहेको छ र विद्यालयहरुले नीजि स्रोतबाट शिक्षकको व्यवस्थापन गर्नुपर्ने वाध्यता छ। उल्लेखित विश्लेषणका आधारमा माध्यमिक शिक्षा क्षेत्रमा देहाय बमोजिमका चुनौतिहरु देखिन्छन।

१ सबै किसिमका वालवालिकालाई समतामुलक पहुँच सुनिश्चित गर्ने ।
२ माध्यमिक तहमा प्राविधिक र व्यवसायिक शिक्षालाई व्यवस्थित गर्ने ।
३ सुचना तथा सञ्चार प्रविधिमा शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने ।
४ विषयगत दरबन्दिको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्तिको व्यवस्था गर्ने ।
५ सिकाईको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउने ।
६ शिक्षकको वृति विकासलाई व्यवस्थित गर्ने ।
७ विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थिति उत्थानशिल बनाउने ।
८ विद्यालय शिक्षालाई विविधताअनुकुल, समावेशी र समतामुलक बनाउने ।
९ भौगोलिक तथा आर्थिक रुपले विद्यालय छोड्ने वालवालिकाकालागि छात्रावासको निर्माण गर्ने ।
१० माध्यमिक तहसम्मको शिक्षा पुर्ण रुपमा निःशुल्क गर्ने
११ प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षाको विस्तार गर्ने
१२ कक्षा १० उतिर्ण गरेका विद्यार्थीहरुको कक्षा ११ मा भर्नादर बढाउने
१३ सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार गर्ने
१४ सिकाईको गुणस्तर सुधार गरी सिकारु सिकाईमा सुधार ल्याउने
१५ शिक्षकको पेशागत वृति विकास गर्ने
१६ विषयगत शिक्षक दरवन्दिको व्यवस्थापन गर्ने

### ३.४.४ उद्देश्यहरू

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चीत गरी गुणस्तरमा सुधार गर्नु।
२. १३ देखी १६ वर्ष उमेर समुहका सबै बालबालिकाहरूलाई माध्यमिक शिक्षाको पहँचमा बृद्दी गर्ने ।
३. माध्यमिक तहको सिकाइ उपलब्धीमा बृद्दि गर्ने ।
४. कक्षा ९ मा भर्ना भएका सबै बालबालिकालाई कक्षा १२ सम्मको शिक्षा अनिवार्य रूपमा पूरा गराउने ।
५. निर्धारित सिकाइ सक्षमता हासिल गरेका विद्यार्थीहरूलाई उच्च शिक्षामा प्रवेशका लागि तयारी गराउनु ।

### ३.४.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

योजनाका उदेश्यहरु हाँसिल गर्न निम्नलिखित रणनीतीहरु अवलम्बन गरीनेछ ।

१ जनसहभागिता सहितको भर्ना अभियानलाई प्रभावकारी बनाउदै विद्यालय बाहिर बालबालिकाहरु नरहेको घोषणा कार्यक्रम सञ्चालन गरिने छ ।
२ जोखिममा परेका, अल्पसंख्यक तथा लोपोन्मुख समुदायका विद्याथीहरू तथा सीमान्तीकृत समूहका विद्यार्थीको सिकाइ आवश्यकता सम्बोधन गर्न त्यस्ता विद्यार्थीको पहिचान गरी सिकाइ समग्री लगायत को सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।
३ विद्यार्थी लाई टिकाइ राख्न खाजा कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।
४ छात्रवृति कार्यक्रमलाई बर्षको १ पटक छात्रबृति वितरण दिवसका रुपमा मनाउदै थप प्रभावकारी बनाइने छ ।

५ उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा दोर्याउने र अनुत्तीर्ण हुने विद्यार्थीहरुको सङ्ख्यालाई क्रमशः न्यूनिकरण गर्दै लगिनेछ।

६ बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीविच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, सुरक्षित कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन गरिनेछ।

७ प्राथामिकताको आधारमा विद्यालयमा आवश्यक न्यनत्तम भौतिक ब्यवस्था भवन शौचालय खानोपानीको ब्यवस्था अन्य सरकारहरुसँग पनि समन्वय गर्दै गरिने छ।

८ सामान्य मर्मत संभार गरी ब्यवस्थापन गरिने भौतिका ब्यवस्थापनको कार्यलाई स्थानीय समुदाय परिचालन गर्दै अगाडि बढाइने छ।

९ भौतिका निर्माणको कार्यलाई आफ्नो विद्यालय आँफै बनाउ भन्ने नारा तय गर्दै लागत सहभागितालाई प्राथमिकता दिइने छ।

१० निर्माणात्मक मुल्याकंनको लागि मासिक टेस्ट लिदै विद्यार्थीको सिकाइ अवस्थाको विश्लेषण सहितको समीक्षा बैठक सञ्चालन गरिने छ।

११ शिक्षक विद्यार्थी मार्फत शैक्षिक सामग्रीको विकास तथा विस्तार गरिने छ।

१२ शिक्षकलाई शिक्षण सुधार योजना पाठ नोट अनिवार्य गरिने छ।

१३ विद्यार्थी केन्द्रित शिक्षण तथा परियोजना कार्यलाई पहिलो सर्तका रुपमा शिक्षण कार्य अगाडि बढाइने छ।

१४ लागत सहभागिताको आधारमा हरेक विद्यालयमा प्रविधि मार्फतको शिक्षण सिकाइ लाई उच्च प्राथामिकता प्रदान गरिने छ।

१५ शिक्षकले कक्षाकोठामा विताउने समयकार्याविधि कार्यान्वयनमा ल्याइने छ।

१६ हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइनेछ।

१७ आवश्यकता अनुसार शिक्षक दरवन्दि पुनर्वितरण, समायोजन तथा थप गरीनेछ।

### ३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

***उपलब्धि***

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हने।

***नतिजा***

१. निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्नादर तथा टिकाउदरमा वृद्धि हुने तथा कक्षा छोड्ने र कक्षा दोहो¥याउने दरमा कमि आउने
२. सबै माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक जनशक्ति तयार हुने।
३. विद्यार्थीले न्युनतम सिकाइ उपलब्धि हाँसिल गरेको हुने।
४. सूचना तथा प्रविधि प्रयोगमा अभ्यस्त भई निरन्तर रुपमा शिक्षण सिकाइ क्रिmयाकलापमा जोडिने।
५. विद्यालयको छुट्टै प्रशासनिक काम गर्नेगरी योग्याता र क्षमतामा आधारित प्रअको ब्यवस्थापन
६. गुणस्तरिय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ३.३ माध्यमिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| | | | भौतिक लक्ष्य (बर्षमा) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | क्रियाकलाप | इकाइ | १ | २ | ३ | ४ | ५ | १० | कैफियत |
| १ | नि:शुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधि तयारी | पटक | १ | | | | | १ | न.पा. |
| २ | विद्यालयमा नक्शाङ्कन, पुर्नवितरण तथा समायोजन | पटक | | १ | १ | | | ३ | न.पा. |
| ३ | शिक्षकहरुको योग्यताका मापदण्ड र दरबन्दिको पुनरावलोकन | संख्या | | | १ | | | २ | संघ, प्रदेश, नपा |
| ४ | प्राविधिकधारको शिक्षाको विस्तार | संख्या | | | १ | | | २ | संघ, प्रदेश |
| ५ | विद्यालय बसको व्यवस्थापन तथा खुला तथा दुर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध गर्ने | संख्या | | | १ | | | २ | संघ, प्रदेश, नपा |
| ६ | विद्यालयको शैक्षिक तथा भौतिक पुर्वाधार विकास | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, नपा |
| ७ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | | १ | | | | २ | संघ, प्रदेश, नपा |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग तथा क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, नपा |
| ९ | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | संख्या | | १ | | १ | | ५ | न.पा. |
| १० | सिकाइ सामग्री व्यवस्थापन प्रतिशत | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | न.पा. |

## ३.४ प्राविधिक शिक्षा तथा ब्यबसायिक तालिम

**परिचय**

शिक्षाले गरिखाने सीप सिकाउन सकेन र शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने थलोमात्र भए गुनासो अहिले सर्वत्र सुनिन गरेको छ। यस्ता गुनासोहरुलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले एनेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरु संचालन गरिरहेको छ। तर प्राविधिक तथा व्यवसायिक शिक्षाका यस्ता अवसरहरु सिमित भएको, उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको, आफैले केहि गर्न पुँजि लगायत अन्य अवरोधहरु रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरु पनि सुनिन थालेका छन्। अर्कोतिर कक्षा ६-८ को पाठ्यक्रममा राखिएको पेशा, व्यवसाय र प्रविधि शिक्षाको पढाइलाई व्यवहारिक बनाउने र विद्यार्थीहरुमा पेसा, व्यवसाय र प्रविधि प्रति रुचि जगाएर नरम सीपको विकासमा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरु त्यति सजग भएको देखिदैन। यस्तो अवस्थामा कक्षा ८ देखि १२ सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता

तथा रुचि र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरु अलमलमा पर्ने गरेको देखिन्छ। त्यस्ता व्यक्तिहरुका लागि नगरपालिकाले रोजगारमुलक सीप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो।

**३.४.१ वर्तमान अवस्था**

**३.४.२. उद्देश्य**

- विद्यालय शिक्षाबाट बाहिर आएका, आउन सक्ने र व्यवसायिक तथा प्राविधिक शिक्षामा रहर भएका किशोर किशोरी तथा युवा युवतिहरुलाई रोजगार तथा स्वरोजगार हुन सहयोग गर्ने छोटो तथा लामो अवधिको व्यवसायिक र प्राविधिक सीपको तालिम प्रदान गर्ने।

**३.४.३ रणनीति**

- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद, सानोठिमी भक्तपुरसँग समन्वय गरेर नगरपालिकामा एउटा वहुप्राविधिक शिक्षालयको स्थापना गर्ने।
- गाउँपालिकाका बेरोजगार युवाहरुलाई समय समयमा स्थानीय तहमा उपलब्ध भएका तथा बाहिरबाट बोलाइएका श्रोतव्यक्तिबाट रोजगार परामर्स दिने व्यवस्था गर्ने।
- स्थानीय स्तरमा स्वरोजगार हुन चाहनेहरुलाई पुँजि व्यवस्था तथा अन्य काममा सहयोग गर्ने।

**३.४.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धि**

१. प्राविधिक धारतर्फको शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. सबै प्राबिधिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने।
२. माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने।
३. प्राविधिक धारतर्फको शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।
४. प्राविधिक धारतर्फको शिक्षा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने।
५. प्राविधिक धारतर्फको जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने।

| क्र.स. | सूचक (उदाहरण) | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम प्रदान गर्ने बिधालय सङ्ख्या | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | माध्यमिक तहमा प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना भएका विधार्थी सङ्ख्या | | | | | | |

**३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाई | भौतिक लक्ष्य बर्ष ५ | | | | | भौतिक लक्ष्य १० वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | 1 | 2 | 3 | 4 | 5 | | |
| 1 | माध्यमिक तहमा शिक्षा तथा व्यवसायिक तालिममा भर्ना हुन चाहने बिधार्थीको तथ्याँक संकलन तथा खण्डीकृत डाटाबेस तयार | | | | | | | | |
| 2 | प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन | | | | | | | | |
| 3 | बिधर्थिका लागि छात्रवृतिका अवसर | | | | | | | | |

## ३.५ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.५.१ परिचय

सिकाइलाई जीवनपर्यन्त चलिरहने प्रक्रियाका रूपमा लिने गरिन्छ । मानिसहरू औपचारिक, अनौपचारिक र अतिरिक्त पद्धतिको माध्यमबाट जीवनजगत र वातावरणमा अन्तरक्रिया गर्दै अनुभवहरू हासिल गर्दछन् र केही न केही नयाँ कुराहरूको सिकाइ पनि भई नै रहेको हुन्छ। तर हाम्रो समाजमा निश्चित उमेर, समय र स्थानमा सञ्चालन गरिने औपचारिक शिक्षालाई मात्रै सिकाइ मान्ने चलन रहेको छ र त्यस्तो औपचारिक शिक्षाबाट विभिन्न कारणले बञ्चित भएका मानिसहरू ‘उमेरमा पढ्न पाइएन’ भन्दै पश्चाताप गरेको पनि सुन्न पाइन्छ। त्यस्ता मानिसहरूमा इच्छा र जाँगर भए जीवनभर सिकाइमा सक्रियतापूर्वक संलग्न रहन पाइन्छ भन्ने भावनाको विकास गर्न सकिएमा समृद्ध र सभ्य समाजको निर्माणमा सहयोग पुग्न सक्दछ । यसै कुरालाई मध्यनजर गर्दै यस गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवनपर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरिएको छ । विगतमा सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षाको माध्यमबाट यस गाउँपालिकालाई साक्षर गाउँपालिकाघोषणा गरिएको छ। २०६८ सालको जनसंख्यालाई आधार मानी कार्यक्रम सञ्चालन पश्चात साक्षरता प्रतिशत ९८.०५ प्रतिशत रहेको छ । बसाइ सराइ लगायत उमेर समूहको जनसंख्या थपिने सँगैसँगै निरक्षरहरूको संख्या वृद्धि हुने सम्भावना रहन्छ भने अर्कोतिर साक्षरता शिक्षा लिइसकेकाहरूलाई निरन्तरता दिनका लागि निरन्तर शिक्षाको आवश्यकता हुन जान्छ।

जीवनपर्यन्त शिक्षाको महत्व मानिसहरूलाई बुझाउनका लागि साक्षरताका सीपहरूलाई दैनिक जीवनका क्रियाकलापहरूसँग सम्बन्धीत गराएर त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा सम्बन्धीत व्यक्तिलाई राम्रोसँग सुसूचित गराउनु आवश्यक हुन्छ। पढाइ, लेखाइ र सामान्य गणितीय सीपको सहयोगले कृषि, घरेलु उद्यम, व्यापार, पशुपालन लगायत धेरै प्रकारका पेशा व्यवसाय सञ्चालनमा ठुलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा वृद्धि गरी

जीवनस्तरमा सुधार ल्याउन सकिने हुँदा स्थानीय स्तरकै उदाहरण सहितका सामग्रीहरूको निर्माण गरी सिकारुका अनुभवहरूलाई उपयोग गर्ने गरी जीवनपर्यन्त सिकाइलाई मूर्त रूप दिन योजना निर्माण गरिएको छ।

औपचारिक शिक्षा प्रणाली भन्दा बाहिर वा अन्य तरिकाबाट प्राप्त हुने शिक्षालाई अनौपचारिक शिक्षा भनिन्छ । वास्तवमा अनौपचारिक शिक्षा औपचारिक शिक्षाको पुरकको रुपमा जन्मिएको पाइन्छ । त्यसैले कतिपय लेखकले अनौपचारिक शिक्षालाई मानवको आदीम इतिहास सँगै जन्मेको समेत बताउकाछन्। धेरै जसोले अनौपचारिक शिक्षालयाई न् १९१९ मा ए।एल। स्मिथद्वारा प्रौढ शिक्षाको शुत्रपानत भएपछि यसको विकासमा महत्त्वपूर्ण योगदान पुगेको कुरा उल्लेख गरेका छन्। त्यस्तै संयुक्त राष्ट्र संघको युनेस्को मार्फत सन् १९४६ देखि निरक्षरताको विरुद्द साक्षरता अभियानको कदम तथा सन् १९४९ मा डेनमार्कको सल्सीनोर भन्ने ठाउँमा सर्वप्रथम प्रौढ शिक्षाको बारेमा सम्मेलन भयो र सो समयपछि प्रौढ साक्षरताले विशेष महत्त्व पायो । सन् १९६० क्यानाडाको मन्ट्रियर भन्ने ठाउं विश्वका ५१ राष्ट्रले भाग लिएको प्रौढ शिक्षा सम्बन्धी सम्मेलनले प्रौढहरुलाई व्यवहारिक र व्यवससायीक शिक्षा दिनु पर्ने कुरा उल्लेख गर्दै सन् १९६१ मा संयुक्त राष्ट्र संघको महासभामा साक्षारता सम्बन्धी एक मूल्याङ्कन प्रतिवेदन प्रस्तुत गर्‍यो । सन् १९६६ मा ८७ राष्ट्र सम्मिलित मन्त्री स्तरिय सम्मेलनमा नेपालको तर्फबाट शिक्षामन्त्री पुष्कारनाथ उप्रेती सहभागी भएको र उक्त सम्मेलनले विश्वभरका निरक्षर प्रौढहरुलाई साक्षर गराउने कार्य प्रत्येक देशको विकास योजनाको अभिन्न अंग हुनु पर्ने कुरामा जोड दियो । त्यसपछि सन् १९७२ जुलाई २५ देखि अगष्ट ६ सम्म जापानको टोकियोमा अर्न्तराष्ट्रिय प्रौढ शिक्षा सम्मेलन सम्पन्न भयो । जसले शैक्षिक सुविधाहरुलाई जीवनपर्यन्त आवश्यकताका रुपमा लियो । यसरी विकास हुँदै आएको अनौपचारिक शिक्षाले हाम्रो समाजकलाई समेत शैक्षिक उज्यालो तर्फ डोर्याएको र निरन्तर सिकाइको रुपमा समेत परिचित हुँदै आएको पाइन्छ ।

लामो समयसम्म निरन्तर रुपमा लिइरहेको ज्ञानलाई नै निरन्तर सिकाइ भनिन्छ । व्यक्तिले निश्चित समयसम्म सिकेका कुराले आफ्नो आवश्यकता पूरा नभएको सहसुस गरी निरन्तर सिकाइलाई जोड दिदै आएको पाइन्छ । नेपालमा २००४ सालदेखि आधार शिक्षा केन्द्रले प्रौढ साक्षरता कार्यक्रम संचालन गरेको थियो । यसै गरि वि।स। २०३५/०३६ मा नेपालमा २५ जिल्ला मध्ये हरेकमा ८-९ ओटा कक्षाका दरले प्रौढ साक्षरता कार्यक्रमको संञ्चालन गरेको थियो । राष्ट्रिय अनौपचारिक शिक्षा परिषद्ले अनौपचारिक शिक्षाको पाठ्यक्रमलाई २०५३/०४/२२ मा स्वीकृत प्रदान गरी वि.स. २०५६ सालमा अनौपचारिक शिक्षा केन्द्रको स्थापना गरियो । यसै गरी वि.स. २०६३ मा अनौपचारिक शिक्षा नीति पारित गरियो र अनौपचारिक शिक्षाका आधारभूत, मध्यमा र स्वाध्ययन गरी तीन तहका पाठ्यक्रम निर्माण गरियो । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ को प्रतिवेदनले वि।स। २०१३ देखि वि.स. २०१८ सम्ममा १८७८ बटा प्रौढ शिक्षा केन्द्र खोलिएको र ४६९५० जना प्रौढहरु साक्षर बनेको कुरा उल्लेख भएको छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले अनौपचारिक शिक्षाका ५ ओटा उद्देश्यहरु तय गर्यो । जसलाई अनौपचारिक शिक्षामा तहहरु अनुसार यसलाई औपचारिक शिक्षासँग समस्तरताको रुपमा हेर्दै देशको कूल बजेटको ०.३ प्रतिशत रकम मात्र अनौपचारिक शिक्षामा खर्च गरिएको र त्यससमा ४२.३ प्रतिशत रकम बाह्य श्रोतबाट प्राप्त भए पनि यस क्षेत्रको खासै प्रगति खासै सन्तोषजनक नभएको पाइन्छ ।

### ३.५.२ वर्तमान अवस्था

औपचारिक शिक्षा तथा अन्य बैकल्पिक शैक्षिक अवसरहरुबाट बञ्चित व्यक्तिलाई कम्तिमा पनि आधारभूत साक्षरता सम्मको सीप हासिल गर्ने अवसर प्रदान गर्न विभिन्न स्वरुप र प्रकृयामा साक्षरताका कार्यक्रमहरु संचालन हुँदै आएका छन् । प्रथम पञ्चवर्षिय योजना (२०१३-२०१८०) देखि निश्चित सङ्ख्याका निरक्षरहरुलाई साक्षर बनाउने लक्ष्यका साथ प्रत्येक जिल्लाका निश्चित बस्तिमा साक्षरता कार्यक्रम सञ्चालन हुँदै आयो र वि.स. २०४५ बाट सुरु भएको साक्षरता अभियान वि।स।

२०६५/०६६ देखि पुनस् अभियानका रुपमा साक्षरता कार्यक्रमलाई देश व्यापी बनाइयो । निरक्षरहरुको वास्तविक संख्या एकिन नभै साक्षरता कार्यक्रमलाई वास्तविक निरक्षर केन्द्रित गर्न नसकिने सत्यलाई आत्मसाथ गरी आ.व २०६७/०७८ मा प्रत्येक गाबिस र गाँउपालिकाको हकमा बडँ भि भएमा उच्चतम कक्षा संचालित विद्यालयको संयोजकत्वमा शिक्षक विद्यार्थी र सामुदायिक अध्ययन केन्द्र परिचालन गरी घरघुरी सवेक्षणका माध्यमबाट निरक्षरहरुको विवरण संकलन गरियो । ती विवरणलाई आधार मानेर वि स २०६७/०६८ र ०६८/०६९ मा साक्षरता कक्षा संचालन गरियो । जस अनुसार आ.व. २०६८/०६९ मा देशका १२ हजार बडाहरुमा तीन चरणमा ३६ हजार साक्षरता कक्षा संचालन गरियो । निरन्तर शिक्षा प्रदान गर्नका लागि २१५१ सामुदायिक सिकाइ केन्द्रहरुमध्ये यस पालिकामा ४ सिकाइ केन्द्रहरु रहेका छन् । वि.स. २०६५ मा ७८ लाख निरक्षर रहेको अनुमान गरिएकोमा हालसम्म आइपुग्दा साक्षारता अभियानाबाट करिब ४० लाख निरक्षरहरु साक्षर भएको देखिन्छ । त्यसै गरी शिक्षा विभागबाट प्रकाशित सन् २०११ फ्लास रिपोर्टले प्राथमिक विद्यालय उमेर समूहका ४.९ प्रतिशत बालबालिकाहरु अझै विद्यालय बाहिर रहेको र विद्यालय छाड्ने दर ४.४५ देखाएको छ ।

यसरी कहिल्यै विद्यालय नटेकेका प्रौढ निरक्षर विद्यालय बाहिर रहेका र विद्यालय छाडेका बालबालिका तथा युवा समेत सबैलाई साक्षरता अभियानमा समेट्नु पर्ने देखिन्छ साक्षरता भनेको पढाइ लेखाइ मात्र नभएर नागरिकको दैनिक जीवन र पद्धति पनि भएकोले यसमा सामाजिक आर्थिक साँस्कृतिक तथा राजनीतिक पक्षहरु समेत जोडिएको हुन्छ । त्यस कारण यस गापा भित्र रहेका निरक्षर मानिसहरुलाई साक्षर बनाउन आम गाउँबासीको साझा एजेन्डा बन्न नसक्नुले प्रमुख समस्याको रुपमा आज देखिएको छ ।

शिक्षा ऐन तथा नियमावलीमा अनौपचारिक शिक्षा शिक्षा ऐन २०२८ ९ संसोधन सहित दफा ६ को उपदफा ३ मा अनौपचारिक शिक्षा तथा दुर शिक्षाको व्यवस्था गरिएको छ। परिच्छेद ९ मा औपचारिक शिक्षा दिन सकिने, आधारभूत प्रौढ साक्षरता शिक्षा, साक्षरोत्तर शिक्षा पूरा गरि सकेका व्यक्तिलाई निरन्तर शिक्षा दिइने, बैकल्पिक शैक्षिक कार्यक्रम मार्फत विद्यालयमा अध्ययन नगरेको वा अध्ययन गरी बीचैमा छोडेका बालबालिकाको लागि विद्यालयको पाठ्यक्रमको आधार तयार गगरिएको पाठ्य सामग्री प्रयोग गरी बैकल्पिक शैक्षिक कार्यक्रम संचालन गर्न सकिने व्यवस्था उल्लेख गरिएको छ । शिक्षा मन्त्रीको अध्यक्षतामा १८ सदस्यीय केन्द्रमा अनौपचारिक शिक्षा परिषद् गठन गरी कार्य गर्ने तथा जिल्ला विकास समितिको सभापतिको अध्यक्षतामा जिल्ला अनौपचारिक शिक्षा समिति गठन गरी कार्य संचालन गर्ने व्यवस्था उल्लेख भएको पाइन्छ । अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रम मार्फत शिक्षाको पहुँचबाट टाढा रहेका ६ वर्ष देखि १४ वर्ष सम्मका बालबाकालिकालाई अनौपचारिक शिक्षाको माध्यमबाट पठन पाठन गराई औपचारिक विद्यालयको माथिल्लो कक्षामा प्रवेश गगराउने उद्देश्य राखिएको पाइन्छ । स्थानीय तहका सरकारहरुले नीति तथा कार्यान्वयनको जिम्मेवरी मार्फत अनौपचारिक बैकल्पिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी कानुन बनाउने, योजन तथा कार्यक्रम तर्जुमा गर्ने, कार्यन्वयन गर्ने, अनुगमन गर्ने, मूल्याङ्कन र नियमन समेत गर्ने कुरा राष्ट्रिय शिक्षा नीति २०७६ को परिच्छेद ११.३ को बुदाँ (३.३) समेत उल्लेख गरेको छ ।

वर्तमन अवस्था सम्म आइपुग्दा तपशिल बमोजिम अनौपचरिक शिक्षा सम्बन्धी नीति तथा निर्देशिकाहरु मार्फत कार्य गर्दै आएको पाइन्छ ।

- अनौपचारिक शिक्षा नीति २०६३
- राष्ट्रियय साक्षरता अभियान कार्यक्रम निर्देशिका २०६५र२०६६

- अनौपचारिक तथा साक्षर नेपला अभियन कार्यक्रम कार्यान्वयन निर्देशिका २०६९-०७२
- सामुदायिक अध्ययन केन्द्र संचालन एवम् व्यवस्थापन निर्देशिका २०६२
- साक्षरता अभियन विद्यार्थी परिचालन तथा मूल्याङ्कन निर्देशिका २०७०
- अनौपचारिक प्रौढहरुमा लागि सञ्चालित विद्यालय निर्देशिका २०६५
- अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ कार्यक्रम कार्यान्वयन पुस्तिका २०७२
- साक्षर नेपाल अभियान २०६९-०७२ अवधारण पत्र
- अनौपचारिक शिक्षा राष्ट्रिय सञ्चालन कार्यान्वयन पुस्तिका २०६७
- साक्षर नेपाल वर्ष २०७२ अवधारणा पत्र
- अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका २०७५

विगतमा सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षाको माध्यमबाट यस नगरपालिकालाई साक्षर नगरपालिका घोषणाका लागि तयार गरिएको छ। २०६८ सालको जनसंख्यालाई आधार मानी कार्यक्रम सञ्चालन पश्चात साक्षरता प्रतिशत ९८.०५ प्रतिशत रहेको छ। बसाइ सराइ लगायत उमेर समूहको जनसंख्या थपिने सँगैसँगै निरक्षरहरूको संख्या वृद्धि हुने सम्भावना रहन्छ भने अर्कोतिर साक्षरता शिक्षा लिइसकेकाहरूलाई निरन्तरता दिनका लागि निरन्तर शिक्षाको आवश्यकता हुन जान्छ।

जीवनपर्यन्त शिक्षाको महत्व मानिसहरूलाई बुझाउनका लागि साक्षरताका सीपहरूलाई दैनिक जीवनका क्रियाकलापहरूसँग सम्बन्धीत गराएर त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा सम्बन्धीत व्यक्तिलाई राम्रोसँग सुसूचित गराउनु आवश्यक हुन्छ। पढाइ, लेखाइ र सामान्य गणितीय सीपको सहयोगले कृषि, घरेलु उद्यम, व्यापार, पशुपालन लगायत धेरै प्रकारका पेशा व्यवसाय सञ्चालनमा ठुलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा वृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने हुँदा स्थानीय स्तरकै उदाहरण सहितका सामग्रीहरूको निर्माण गरी सिकारुका अनुभवहरूलाई उपयोग गर्ने गरी जीवनपर्यन्त सिकाइलाई मूर्त रूप दिन योजना निर्माण गरिएको छ।

### ३.८.३ अवसर र चुनौति-

१. सम्पुर्ण औपचारिक शिक्षाबाट बञ्चित नागरीकलाई शिक्षित बनाउनु
२. अनौपचारिक ढंगले साक्षर भएका व्यक्तिलाई आयआर्जन तथा सिपमुलक र जिवन उपयोगि शिक्षा प्रदान गर्नु।
३. औपचारिक शिक्षाबाट बञ्चित व्यक्तिहरुलाई सिकाईको सहज र सर्वसुलभ पँहुच निश्चित गरी खुला शिक्षाको पहुच बृद्दि गरी ब्यबहारिक तथासिपयुक्त बनाउनु।
४. सिकारुको आवश्यकता अनुसारको साक्षरतामा आधारित कार्यक्रमको विकास गरी कार्यान्वयन गर्नु
५. साक्षरता निरन्तर सिकाई सिपमुलक सिप तथा समय सापेक्ष सुचना र प्रविधीयुक्त साक्षरता कक्षा संचालन
६. पाठ्य सामाग्रिको विकास
७. सहजकर्ता क्षमताको विकास
८. व्यक्तित्व विकासकालागि सामुदायिक सुचना केन्द्र सामुदायिक अध्ययन केन्द्र घुम्ति पुस्तकालय स्थापना,गरी अध्ययनलाई सहजता बनाउनु

### ३.८.४ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ-

१. साक्षर कोल्हबीको रूपमा विकास गर्नु।
२. साक्षरतालाई सीपसँग आवद्ध गरि रोजगारका अवसर प्रदान गर्नु।
३. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गर्ने।

### ३.८.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ-

१. साक्षर नेपाल अभियान पूरा गर्न यस पालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार,नागरिक समाज, टोल विकास, राजनैतिक दल सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछ।
२. सामुदायिक तथा घुम्ती पुस्तकालय पहुँचको अभिवृद्धि गरिनेछ।
३. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवम् हस्तान्तरणसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरीनेछ।
४. स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरि स्थानीय आवश्यकताका आधारमा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै गरिनेछ।
५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार गरिने छ।
६. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरि समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलो को रूपमा विकास गरिनेछ।

### ३.८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने।

ख) प्रमुख नतिजाहरू

१. साक्षर कोल्हबीको रुपमा विकास हुने।
२. लक्षित बर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने।
४. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुने।
५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी अवधारणा पत्र तयार हुने।
६. स्थानीय माग र आवश्यकताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुने।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ३.७ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका प्रमुख क्रियाकलापहरू तथा लक्ष्यहरु**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १० ) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरुको विवरण संकलन | पटक | १ | | | | | २ | नगरपालिका |
| २ | साक्षर कोल्हबी | वडागत | | ६ | ७ | | | १३ | नगरपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सञ्चालन र व्यवस्थापन | संख्या | | | १ | | १ | ५ | नगरपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसग आवद्ध गर्ने | पुस्तकालय | | | | | | २ | नगरपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | | | १ | | १ | ५ | नगरपालिका |
| ६ | सा.सि.के. ले समुदायमा आधारीत संघ सस्थासँग सहकार्य गर्ने | निरन्तर | | | | | | | सा. सि.के. |
| ७ | विज्ञ समूह निर्माण | पटक | | १ | | | १ | २ | सा. सि.के. |
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | | १ | १ | १ | १० | सा. सि.के. |
| ९ | परिचालकको क्षमता विकास | संख्या | | १ | | | १ | ५ | नगरपालिका |

# परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ परिचय

शिक्षा क्षेत्रका अन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायत पाठ्यक्रम तथा मूल्याङ्कन र शिक्षक व्यवस्थापन तथा विकाससँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरूसहितको योजनाको खाका प्रस्तुत गरिएको छ। परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तैः समता तथा समावेशीकरण, स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा; विद्यालय भौतिक विकास, शिक्षामा सूचना तथा सञ्चारलगायतका कतिपय पक्षहरू समावेश गरिएका भए पनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदान गर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुऱ्याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा र छात्रवृत्तिजस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी, विद्यालय भौतिक विकास, र शिक्षामा सूचना तथा सञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

## ४. पाठ्यक्रम,पाठ्यपुस्तक ,सिकाई सामग्री तथा मूल्याङ्कन

### ४.१ परिचय

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो। मानव जीवनका व्यावहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो। वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालकका सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ। पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहाना अनुरुप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ। समयसापेक्ष हुनुपर्छ। जनचाहाना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठा वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ। पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहाना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा

आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ।

पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो।

### ४.१.२ वर्तमान अवस्था

पाठ्यक्रम विकास केन्द्रको संरचनाको स्थापनासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्धारा भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रुपमा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ तयार गरी सोहिअनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु गरियो । यसै क्रममा वि.सं. २०७६ मा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरी कार्यान्वयन गर्ने क्रममा वि.सं. २०७७ मा  कक्षा १ र ११ मा कार्यान्वयन गरी वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरु (कक्षा १—१२ ) मा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुरुपको पाठ्यक्रममा कतिपय नयाँ विषय क्ष्त्र तथा विषयवस्तु समावेश, वर्तमान परिवेशमा उपयोगी नभएका जिषय तथा विषयवस्तुलाई परिमार्जन तथा प्रतिस्थापन र शिक्षण सिकाइका विकसित तथा नविनतम दृष्टिकोण, विधि तथा तरिकाहरुको पहिचान गरिएको छ । यस प्रारुप अनुरुपका पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १—३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको , व्यवहारकुसल तथा जीवनोपयोगी सिपहरु समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जमा गर्नै रणनीति लिइएको , आधारभूत तहमा स्थानीय कला , संस्कृति, भाषा, इतिहास, परम्परा ,सिप तथा ज्ञानमा आाधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु पर्नै व्यवस्था गरिएको छ । प्रत्यक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यवहारिक अभ्यास गराउनुपर्नै व्यवस्था छ । त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा , स्थानीय भाषा वा बहुभाषको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने , सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयागी तथा व्यवहारकुशल सिपका रुपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रुपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रुपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ । पाठ्यक्रममा नागरिकताके शिक्षा दिने, विद्यालय तह पुरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्च शिक्षा प्रवेश गर्न चाहनेहरुका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरु समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था  छ । पनि गरिएको छ । विद्यालय शिक्षाको समग्र पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाई विकास तथा कार्यान्वयन गरिएको छ भने विषयवस्तु तथा सिकाइ क्रियाकलापको भार पाठ्यघण्टामा निर्धारण गरिएको छ । विद्यार्थी मूल्याङ्कनको नतिजालाई अक्षराङ्कन पद्धितिमा व्याख्या गर्ने व्यवस्था गरिएको छ ।

कोल्हबी नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ। यसै शैक्षिक सत्रदेखि यस पालिकाले आधारभूत तह कक्षा १-५ को स्थानीय विषयको पाठ्यक्रम निर्माण गरि परीक्षणको तयारीमा रहेको छ

भने आधारभूत तह कक्षा ६-८ को स्थानीय विषयको पाठ्यक्रम निर्माणका लागि अन्तिम तयारीमा जुटिरहेको छ। स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुऱ्याउछ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यावहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसै गरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षोन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

### ४.१.३ अवसर र चुनौती

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७८ तथा सोअनुरुप विकास गरिएका पाठ्यक्रमका उल्लिखित परिवर्तन तथा सुधारको प्रभावकारी कार्यान्वयनका लागि थप शिक्षकको तयारी, क्षमता विकासकोअवसर, उत्प्रेरणा तथा जवाफदेहिता ज्यादै महत्वपूर्ण छ भने शिक्षक सहायता प्रणालीको स्थापना, स्थानीय तहका सरकार तथा पाठ्यक्रम विकास गर्ने निकाय र कार्यान्वयन गर्ने विद्यालय सबैको क्षमता तथा जवाफदेहितामा सुधार आवश्यक छ । समस्त पाठ्यक्रम, पाठ्यपुस्तक तथा अन्य पाठ्यसामाग्रीलाई सान्दभिक तथा उपयोगी बनाउन र कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ ।

शिक्षक सेवामा प्रवेशका लागि तामिको अनिर्वायता र सेवामा प्रवेश गरिसकोपछि पनि निश्चित अवधिमा शिक्षकको पेशागत विकास तालिम लिनुपर्ने प्रावधानबाट शिक्षण सिकाइमा सुधारको प्रयास गरिएको छ तापनि पाठ्यक्रमको परिवर्तित सन्धर्भमा शिक्षण सिकाइ कार्यको प्रभावकारिता तथा शिक्षकको तयारी, विकास, कार्यकुसलता र उत्प्रेरणाकका सुधारका आवश्यकता देखिन्छ । त्रैमासिक, अर्धवार्षिक, वर्षिक लिखित प्रकारका औपचारिक मूल्याङकनमा क्रमशः सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र वाह्य मूल्याङ्कनको व्यवस्था, केहि कक्षाका केहि विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ, अक्षराङ्कन पद्धतिअनुसार नतिजा निकाल्ने परीपाटीको सुरुवात गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयार सुरु गरिएको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रुपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्राप्त गरी सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारी रुपमा प्रयोग गर्ने र परिक्षण लगायत मूल्याङ्कनका

साधान तथा विधिहरुलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ । त्यसै गरी शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट नै कक्षा ५, ८ र १० मा विद्यार्थीहरुको राष्ट्रिय उपलब्धि परीक्षण सम्बन्धी कार्य चरणबद्ध रुपमा भइरहेको सन्दर्भमा यसलाई थप प्रभावकारी बनाउने र यसका नतिजालाई शिक्षाका नीति तथा कार्यक्रम सुधार गर्ने आधारका रुपमा प्रयोग गर्नै पद्धतिको विकास आवश्यक छ । समग्रमा अपेक्षित उच्चकोटीको तथा प्रयोगमूखी सिकाइलाई सघाउ पुर्याउनको लागि मूल्याङ्कन प्ररुपको विकास तथा कार्यान्वयन गर्न पर्ने छ । विद्यालयमा आधारित मूलयाङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउन सकिएको छैन ।

पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा विद्यालय तहको पाठ्यक्रम विकास गरेसँगै पाठ्यसामाग्रीको पनि विकास गर्न आवश्यक ठहर गरी केहि वर्षदेखि कक्षा १–३ मा प्राराम्भ गरी कक्षा १–५ सम्म पुर्याइएको रङ्गीन पाठ्यपुस्तक छपाइ गर्ने कार्य २०७६ देखि कक्षा ८ सम्म पुगेकोछ । पाठ्यपुस्तक छपाइका लागि प्रयोग गरिने कागजको गुणस्तरमा सुधार गरिएको भएपनि पुस्तक डिजायन र मुद्रणमा सुधार आवशयक देखिन्छ । त्यस्तै राष्ट्रिय पाठ्यक्रम प्रारुप ,२०७६ ले विद्यालय तहमा बहुपाठ्यपुस्तक लागु गरिने नीतिगत व्यवस्था गरिएपनि हालसम्म यसको कार्यान्वयन भएको छैन । निजी क्षेत्रका प्रकाशकद्धारा प्रकाशित पुस्तकहरुमा पनि प्रतिस्पर्धात्मक रुपमा पुस्तक मूल्याङ्कन नहुनु र मूल्याङ्कन औपचारिक मात्र भई सबैलाई सूचिकृत गरिनुले कतिपय ज्यादै कमजोर गुणस्तर र विद्यार्थीको स्तरसँग नमिल्ने पुस्तकहरु पनि प्रयोग हुनसक्ने देखिन्छ । यसका अतिरिक्त पाठ्यक्र विकास केन्द्रले कक्षा १–५ का विभिन्न २७ मतृभाषाका पाठ्यपुस्तकहरु तयार गरेको छ भने केहि मातृभाषामा कक्षा १–३ का लागि अन्य विषयका पाठ्यपुस्तकहरु पनि तयार गरेको छ । सबै स्थानीय तहलाई पनि आफ्नो समुदायको आवश्यकता  अनुसार मातृभाषा छनोट गरी पठनपाठन गर्न खुल्ला गरिएकाले यस सहिदभूमि गाऊँपालिकाले पनि भाष छनोट गरी पाठ्यक्रम निर्माण गर्ने योजना बनाएको छ । एकातिर सिमित स्रोत तथा जनशक्तिका कारण मातृभाषाका सामाग्री विकासमा चुनौति रहेको छ भने अर्कातिर मातृभाषका पाठ्यसामाग्र प्रयोग गर्ने कार्यमा कतिपय विद्यालय तथा समुदायलाई उत्साहित गर्न पनि सकिएको छैन ।

विद्यालय  क्षेत्र विकास योजनाले राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरी प्रारम्भिक कक्षाहरुमा एकीकृत ढाँचासहित विद्यालय तहको पाठ्यक्रम सुधार तथा परिमार्जन गर्ने , गणित, विज्ञान,तथा अङ्ग्रेजी विषयमा केहि डिजिटल सामाग्री तयार गर्ने , पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका परिमार्जन गर्ने, विद्यालय तहको शिक्षण सिकाइमा माध्यम भाषासम्बन्धी नितिगत स्पष्टता गर्ने, प्रारम्भिक कक्षा पढाइ कार्यक्रमका लागि आवश्यक सिकाइ सामाग्री विकास जस्ता कार्यक्रमहरु समावेश गरिएअनुसार लक्षित कार्यक्रम समपन्न भएका छन् ।

१ स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्नु।

२ प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्नु।

१. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउनु।

२. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्नु।

३. स्थानीय  पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता गर्नु।

४. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग गर्नु।

५. स्थानीय  पाठ्यक्रम कार्यान्वयन गर्नु।

### ४.१.४ उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
२. स्थानीय पाठ्यक्रम मार्फत समृद्ध कोल्हबी निर्माणका लागि सक्षम, सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु।
३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।

### ४ .१ .५ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्ध कोल्हबी निर्माणका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ।
२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरीने छ।
३. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ।
४. विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ।
५. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषा लाई प्राथमिकता दिइने छ।
६. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेल लिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ।
७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ।
८. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ।
९. कोभिड १९ जस्तै अन्य प्रकारका विपत्तीका वखतमा पढाई निरन्तरताका लागि कक्षा १ देखी ३ सम्म तथा माथिल्ला कक्षाहरुमा पनि गृह विद्यालय कार्यक्रम सञ्चालन गर्ने ।

### ४ .१ .६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने।

ख) नतिजा

१. स्थानीय पाठ्यक्रम २०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने।
२. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १-५ मा आवश्यकतानुसार मातृभाषा र स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने।
३. शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा मूल्याङ्कन हुने।
४. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्री, अपाङ्ग मैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने।
५. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने।
६. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सञ्चयिका फायल खडा भएको हुने।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ३.५ पाठ्यक्रम तथा मूल्याङ्कनका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १० ) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | स्थानीय पाठ्यक्रम २०७८ कार्यान्वयन | | | | | | | | |
| | स्थानीय पाठ्यक्रम परीक्षण | कक्षा / विषय | १-५ | ६-८ | | | | | नगरपालिका |
| | स्थानीय पाठ्यक्रम कार्यान्वयन | कक्षा / विषय | | १-५ | ६-८ | | | | नगरपालिका |
| | सिकाइ सहजीकरण पुस्तिका निर्माण र वितरण | कक्षा / विषय | | १-५ | ६-८ | | | | नगरपालिका |
| | स्थानीय पाठ्यक्रम तथा सिकाइ सहजीकरण पुस्तिका प्रबोधिकरण | कक्षा / विषय | १-५ | ६-८ | | | | | नगरपालिका |
| २ | विद्यार्थी मूल्याङ्कन | | | | | | | | |
| | नमुना साधन विकास | कक्षा / विषय | | १-५/३ | ६-८/३ | | ९-१२/३ | | नगरपालिका |
| | कार्य सञ्चयिका फायलको प्रयोग | कक्षा / विद्यार्थी | सबै | सबै | सबै | सबै | सबै | | विद्यालय |
| ३ | मातृभाषा वा स्थानीय भाषा | | | | | | | | |
| | स्थानीय पाठ्यक्रमलाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | संख्या | | | १ | | १ | २ | नगरपालिका |
| | सिकाइ सहजीकरण पुस्तिकालाई मातृभाषा वा स्थानीय भाषामा रुपान्तरण गर्ने | कक्षा / विषय | | | | | १५- | ६८- | नगरपालिका |
| ४ | सूचना तथा सञ्चार प्रविधिमा आधारित डिजिटल सामग्री | प्रतिशत | ५ | ६ | ७ | १० | १५ | ७० | संघ |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा

व्यवस्थापन गरि विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ।

यस योजनामा शिक्षाको गुणस्तर अभिवृद्धिका लागि शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षण सिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेशागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने कार्यलाई प्राथमिकता दिइने छ। यसमा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। वर्तमान अवस्थाको समीक्षा तथा पहिचान गरिएका चुनौतीहरूको सामना गरि शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने सन्दर्भमा यस कोल्हबी नगरपालिकाले कार्यक्रमका उद्देश्य, उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

### ४.२.२ वर्तमान अवस्था

**शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति**

शिक्षण पेशालाई रोजाइको पेशाका रूपमा विकास गर्नका लागि नेपालको पन्ध्रौं योजना (२०७६/०७७-२०८०/०८१) ले यस पेशामा अब्बल प्रतिभाहरूलाई आकर्षित गर्न विश्वविद्यालयमा उत्कृष्ट अङ्क हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानूनी व्यवस्था गर्ने उल्लेख गरेको छ। शिक्षक सेवा आयोग नियमावली, २०५७ अनुसार शिक्षक हुनका लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उत्तीर्ण भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पूरा गर्नुपर्ने र पेशाको सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठत पेशाका रूपमा लिइने अवस्था सुधार हुँदै गएको छ। नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको अवस्था छ। शिक्षक सेवा आयोगद्वारा सञ्चालित परीक्षामा सम्मिलित हुने युवाहरूको उल्लेख्य उपस्थितिले यस सेवाप्रति शिक्षित युवाहरूको आकर्षण बढ्दै गएको पुष्टि हुन्छ। शिक्षक सेवा आयोगबाट नियुक्तिका लागि सिफारिस भएका शिक्षकहरूलाई स्थानीय तहले विद्यालयमा नियुक्ति तथा पदस्थापन गर्ने कार्यको थालनी भएको छ।

**शिक्षक तयारी**

नेपालमा विश्वविद्यालयले सञ्चालन गर्दै आएका शिक्षाशास्त्र संकाय अन्तरगतका स्नातक तथा स्नातकोत्तर तहका शैक्षिक कार्यक्रमलाई नै शिक्षक तयारी कार्यक्रम/प्राज्ञिक योग्यता र व्यवसायिक योग्यता दुवै मानिने गरीएको छ। यस प्रकारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने प्रमुख विश्वविद्यालयको रूपमा त्रिभुवन विश्वविद्यालय रहेको कुरा विभिन्न शैक्षिक तथ्याङ्ले देखाएका छन । यसका अलवा कक्षा ११ र १२ सञ्चालन रहेका विद्यालयहरूले समेत शिक्षक तयारीको कार्य गर्दै आइरहेकोमा परिवर्तित पाठ्यक्रम संरचना अनुसार भविष्यमा कक्षा १२ उत्तिर्ण गरे पश्चात थप शैक्षिक तालिम प्राप्त गरे पछि मात्र शिक्षक बन्ने योग्यता पुरा हुने अवस्थाआउने छ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ बमोजिम वि.एड. वा एम.एड. गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ। विश्वका विभिन्न मुलुकको अभ्यासलाई हेर्दा मुलुकमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारीका छुट्टै कार्यक्रममा सहभागी भई सो पूरा गरेपछि मात्र शिक्षकका लागि योग्य मान्ने प्रचलन पनि रहेका छन् ।शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली, २०५९र शिक्षक सेवा नियमावली २०५७मा भएको व्यवस्था अनुसार नेपालमा प्राथमिक र निम्न माध्यमिक तहका लागि शिक्षाशास्त्रमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्य बाट प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी १० महिने शिक्षक तालिम लिइअध्यापन अनुमतिपत्र प्राप्त गरेका र माध्यमिक तहका लागि शिक्षाशास्त्रबाट स्नातक तह उत्तीर्ण वा अन्य बाट स्नातक तह उत्तीर्ण गरी एकवर्षे वि.एड. गरी अध्यापन अनुमति प्राप्त गरेका व्यक्ति मात्र शिक्षक हुन योग्य मानिन्छ। त्यसैगरी माध्यमिक तह कक्षा ११ र १२मा अध्यापन गर्नको लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनुपर्ने प्रावधान छ। शिक्षकअध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन भने शिक्षकसेवा आयोगले गर्दै आएको छ।

पन्ध्रौँ योजनाले शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रूपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरीने उल्लेख गरेको भएपनि यो कार्य हाल सम्म हुन सकेको छैन। राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्ययन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा निरन्तर पेशागत विकास कार्य सञ्चालन गरीने उल्लेख गरेको छ। यही मापदण्डका आधारमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र विश्वविद्यालयहरूबीचको सहकार्यबाट विश्वविद्यालयहरूले शिक्षक तयारी कोर्स विकास गरी कार्यक्रम सञ्चालन आवश्यक देखिएको छ। यसैगरी विद्यालय तहको पाठ्यक्रम र विषयहरू हेरेर प्रवेश परीक्षा सञ्चालन गरी छनौट भएका विद्यार्थीलाई मात्र विश्वविद्यालयमा शिक्षक शिक्षा कार्यक्रम भर्ना लिने व्यवस्था गर्नु उपयुक्त हुन्छ। विश्वविद्यालयका शिक्षक तथा शिक्षा कार्यक्रम एकातिर अनुसन्धान र अभ्यास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षणसम्बन्धी व्यावहारिक कुशलताको कमी रहेको हुँदा देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धी विषय अध्ययन गर्न पर्ने भएकाले दुबै पक्षमा पर्याप्त सिकाइ हुन सक्ने अवस्था छ। देश संघीय प्रणाली गए सँगै विद्यालय तहको शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा समावेश गरीको छ। यस परिप्रेक्ष्यमा अव स्थानीय तहले शिक्षक तयारीमा योजनाबद्ध कार्यक्रम लागु गर्नु आवश्यक देखिन्छ।

## शिक्षक पेशागत सहयोग पद्धति

नेपालमा सर्वप्रथम वि.सं. १९९८ सालमा चिफ इन्सपेक्टर स्कूलको स्थापना सगै शिक्षक पेशागत सहयोग पद्धतिको शुरुवात भएको देखिनछ। राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ ले विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो। ग्रामीण विकासका लागि सेती परियोजना (१९८१- १९९१) र सो पश्चात् नेपालको शिक्षा सुधारका लागि धैरै परियोजनाहरू कार्यान्वयनमा आए। प्राथमिक

शिक्षा परियोजना (२०४२-०४७), विज्ञान शिक्षा विकास परियोजना (१९८४-१९९१), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-पहिलो (२०४९-०५४), आधारभूत तथा प्राथमिक शिक्षा परियोजना-दोस्रो (२०५६-०६१), प्राथमिक शिक्षा विकास परियोजना (सन् १९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (सन् १९९३-२०००), शिक्षक शिक्षा परियोजना (सन् २००२-२००९), विद्यालय क्षेत्र विकास कार्यक्रम (२०६७/०६८-२०७२/०७३) हुँदै हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले समेत शिक्षकको पेशागत सहयोगलाई महत्त्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएका देखिन्छ। ग्रामीण विकासका लागि सेती परियोजना तथा आधारभूत तथा प्राथमिक शिक्षा परियोजनादेखि नै नेपालमा शिक्षक पेशागत सहयोगका लागि स्रोत केन्द्रहरू स्थापना भएर क्रमश: तिनको सङ्ख्या बिस्तार गरि १०९१ स्रोत केन्द्रहरू तोकेकोमा १०५३ स्रोत केन्द्रहरू मार्फत शिक्षक पेशागत सहयोग प्रदान हुँदै आइरहेको थियो।

शिक्षक पेशागत सहयोग स्रोतकेन्द्र १०५३, अगुवा स्रोत केन्द्र ४६ र "क" शैक्षिक तालिम केन्द्रहरु ९, "ख" शैक्षिक तालिम केन्द्रहरु २० र उपकेन्द्र ५ बाट विद्यालय सुपरिवेक्षण, शिक्षकको कार्यको अनुगमन, तालिमको फलोअप, कक्षा अवलोकन र पृष्ठपोषण प्रदान, नियमित प्रधानाध्यापक बैठक, शिक्षक अन्तर्क्रिया कार्यशाला, छोटो अवधिको मागमा आधारित आदि तालिम सञ्चालन हुँदै आएका थिए।

**शिक्षक क्षमता विकास कार्यक्रम**

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूर्ण हुनुपर्छ। शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ। स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछ, प्रमाणीकरण तालिम , पुनर्ताजगी तालिम, अनुभव आदान प्रदान कार्यक्रम, स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम, स्वप्रयत्नमा आधारित सिकाइ आदि। पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउन सक्छ। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ। शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरू छन्। शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदि अवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ। नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्ने ध्येयले नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन भएका थिए। शिक्षकको क्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि.सं. २०५० मा शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो।

**शिक्षक उत्तरदायित्व**

शिक्षणसिकाइ प्रक्रियामा शिक्षकको महत्त्वपूर्ण स्थान रहेको हुन्छ। शिक्षक बालबालिकाको भाग्य निर्माता, अभिभावकको भरोसा तथा आशाको केन्द्र, परिवर्तनको संवाहक र समाजको प्रतिष्ठित व्यक्ति हो। असल शिक्षकको सहायताबाट शिक्षाका उद्देश्य पूरा हुन सक्छ। शिक्षकका आचरण समाजका अन्य वर्गलाई अनुकरणीय बन्न सक्नु पर्दछ। शिक्षकमा समाजको मार्गदर्शक, उपदेशक एवम् उदाहरणीय व्यक्तित्वको भूमिका सजिलैसँग निर्वाह गर्न सक्ने आर्दश गुणहरु हुनुपर्दछ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध हुनुपर्छ।

शिक्षक विद्यार्थी, अभिभावक, समुदाय तथा विद्यालय प्रशासक/प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्छ। शिक्षक विद्यार्थीप्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विद्यार्थीहरूको सिकाइ तथा कार्यसम्पादनप्रति जवाफदेही हुनु पाठ्यक्रमले

तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु र विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ। विद्यालयको आचार संहिता पालना गर्दै दैनिक कार्यतालिकाअनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने त्यसको प्रतिवेदन प्रधानाध्यापकलाई पेस गर्ने आदि कार्य शिक्षकले गर्नुपर्ने हुँदा शिक्षक प्रधानाध्यापकप्रति पनि उत्तरदायी हुनुपर्छ।

**शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।

आधारभुत तह (१-५) मा १४२ जना शिक्षक,आधारभुत तह (६-८) मा ३१ जना शिक्षक माध्यामिक तह (९-१०) मा २३ जना  तथा माध्यामिक तह (११-१०) मा ९ जना शिक्षक कार्यरत रहेका छन । यसै गरी ४४ जना वाल विकास सहयोगी कार्यकर्ता रहेका छन् । समग्रमा हेर्दा आधारभूत तहमा ८४.३९ प्रतिशत शिक्षक छन् भने माध्यमिक तहमा १५.६१ प्रतिशत मात्र रहेका छन् । लैङ्गिक रुपमा आधारभूत तहमा ४८.८५ प्रतिशत र माध्यमिक तहमा ६.८९ प्रतिशत महिला शिक्षक रहेका छन् । यस नगरपालिकाको शिक्षक विद्यार्थी अनुपातलाई विश्लेषण गर्ने हो भने आधारभूत तहमा प्रति शिक्षक ३४.४६  जना विद्यार्थी रहेका छन् भने माध्यमिक तहमा ५५.६५ जना र समग्रमा ३६.१७ जना रहेकाछन् । त्यसमा पनि कक्षा १-५ मा प्रति शिक्षक २८.० जना मात्र विद्यार्थी रहेको छ।

### ४.२.३ अवसर तथा चुनौतीहरुः

१. विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी विश्वविद्यालयका शिक्षक तयारी कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरुलाई सामायोजन गर्नु,
२. सक्षम शिक्षक आपूर्तिका लागि विश्वविद्यालयमा शिक्षा संकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्यांकन प्रक्रिया सुधार गरी व्यवस्थित बनाउनु,
३. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु।
४. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु।
५. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।
६. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
७. शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न।
८. तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयमसेवक सूची प्रकाशन गर्नु।

### ४.२.४ उद्देश्य

यस पालिकाको  शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् ।

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुऱ्याउनु।
२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु।

३. सबै तहमा योग्य, दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु।
४. पालिका अन्तर्गत स्वयम् सेवक वक शिक्षकको छनोट गर्नु।

### ३.७.५ रणनीतिहरू

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।
२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन गरिनेछ।
३. शिक्षकको निरन्तर पेशागत विकासका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सञ्चालन गरिने छ।
४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ।
६. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।
७. ५ वर्षे सेवा निरन्तरता संझौता गरि क्षमतावान् तथा मेधावी शिक्षकलाई एम्.फिल. वा विद्यावारिधिका लागि छात्रवृत्ति सहित अनुसन्धानको अवसर दिइने छ।

### ४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

६. प्रविधिमैत्री, क्षमतावान् र सक्षम शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने।

ख) नतिजा

१. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई २ वर्षे करार सूची प्रकाशन गरिनेछ।
२. शिक्षण पेशा प्रतिसपर्धी र सम्मानित हुनेछ।
३. स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणालीमार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने।
४. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन तथा आपूर्ति हुने।
५. क्षमतावान् तथा मेधावी शिक्षकले एम्.फिल्. वा विद्यावारिधिका अवसर पाएका हुनेछन्।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ३.६ शिक्षक व्यवस्थापन तथा विकाससम्बन्धी प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १० ) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | | | | | | | | |
| | स्वयम् सेवक शिक्षक तयारी | संख्या | | | ५० | | ५० | २०० | नगरपालिका |
| | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | | १ | | | | १ | नगरपालिका |
| २ | शिक्षक तयारी | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | नया नियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सञ्चालन | पटक | | | | | | आवश्यकता अनुसार | संघ /प्रदेश/ नगरपालिका |
| ३ | शिक्षणसिकाइ क्रियाकलाप | | | | | | | | |
| | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | | १ | | | | १ | नगरपालिका |
| | उपचारात्मक शिक्षण पद्धति | पटक | | | | | | निरन्तर | विद्यालय |
| | एक विद्यालय एक पुस्तकालय | संख्या | | ३ | ३ | ३ | ३ | २० | संघ /प्रदेश/ नगरपालिका |
| | एक विद्यालय एक ICT ल्याव | संख्या | | १ | १ | २ | २ | १५ | संघ /प्रदेश/ नगरपालिका |
| | शिक्षक पेशागत सहयोग पद्धति | पटक | | | | | | निरन्तर | संघ /प्रदेश/ नगरपालिका |
| | शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास गर्ने | पटक | | १ | | | | २ | नगरपालिका |
| | पेशागत शैक्षिक अवलोकन | पटक | | | | | | निरन्तर | नगरपालिका |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | | | | | | | |
| | छोटो अवधिको पुनर्ताजग◌ी तालिम सञ्चालन गर्ने | पटक | | १ | | १ | | ३ | नगरपालिका |
| | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | संख्या | | १५ | १५ | १५ | १५ | १०० | नगरपालिका |
| ५ | शिक्षक उत्तरदायित्व | | | | | | | | |
| | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार नाउने | सबै विद्यालय | २७ | | | | | | नगरपालिका |
| | विद्यालयमा छुट्टै प्र.अ. पदक◌ो व्यवस्था गर्ने | संख्या | | | १ | | | ३ | नगरपालिका |
| ६ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | | | | | १ | संघ /प्रदेश/ नगरपालिका |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

कोल्हबी नगरपालिका सामाजिक तथा सांस्कृतिक विविधतायुक्त स्थानीय तह हो।साथै यो पालिकाले ऐतिहासिक राजनितिक तथा धार्मिक ईतिहास बोकेको छ ।ऐतिहासिक कोल्हबी दरबार यसै पालिकामा रहेको छ । यहाँ विभिन्न जातजातिका फरक फरक संस्कार, संस्कृति, रीतिरिवाज एवम् प्रचलनहरु रहेका छन्। यहाँ बसोबास गर्ने मुख्य जातिहरु यादव, मुसलमान, तेली, मलाह, चमार/हरीजन/राम, कोईरी/कुशुवाह, धानुक, कुर्मी, दुषाध/ पासवान/पासी, नुनिया, धोबी, कानु, लोहार, राजपुत आदी हुन्। यहाँ मिश्रीत बसोबास रहेको यस नगरपालिकामा मुख्य बोलीचालीको भाषा भोजपुरी रहेको छ साथै मैथली तथा नेपाली मातृभाषी पनि बोलिन्छन्। यो स्थानीय तहमा हिन्दू, मुस्लिम धर्मावलम्बीहरु बसोबास गर्छन् भने उनीहरुले कृष्णाष्टमी, तीज, जनैपुर्णिमा, दशै, तिहार, छट पुजा, माघे सक्रान्ती, फागुपूर्णिमा (होली) आदि जस्ता चाडपर्वहरु मान्ने गर्दछन्। यस पालिकाभित्र रहेका बहुविशेषताहरुबीचमा एकीकरण भएको अवस्था छ। अनेकताबीच एकता कायम भएको छ। त्यसैले सामाजिक सद्भभाव, सहयोग, सहकार्य, सह-अस्तित्व, सहिष्णुता, मेलमिलाप कायम भएको छ।

साक्षरताका आधारमा हेर्दा पुरुषको भन्दा महिलाको कम रहेको छ साथै जातीयताका आधारमा हेर्दा यादव, मुसलमान, कोईरी/कुशुवाह, तेली, चमार/हरीजन/राम क्रमशः १७.९७, १७.१३, ११.२३, ४.८५ र ४.७८, प्रतिशत रहेका छन्।

### ४.३.२ वर्तमान अवस्था

यस पालिकामा लैङ्गिक अनुपात १.०७ प्रतिशत रहेको छ। नगर कार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्‍ध संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ। आधारभूत तह कक्षा १-३ मा ०.९३ कक्षा ४-५ मा ०.९४ कक्षा ६-८ मा १.०१ र कक्षा ९-१० मा ०.९९ प्रतिशत लैङ्गिक समता सूचक रहेको छ।

शैक्षिक समता र समावेशीकरण सम्बन्धमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ -

१. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिस्चित गर्नु।
२. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।
३. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउने।
४. विद्यालयमा विभेदरहित बालमैत्री बनाउने।

### ४.२.३ उद्देश्यहरू

१. शिक्षाको मूल धारबाट वञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने।
२. शैक्षिक सुशासन कायम गर्ने।
३. विद्यालयलाई लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री बनाउने।

### ४.२.४ रणनीतिहरू

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सोअनुसार प्रबन्ध मिलाइने छ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ।
३. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।

४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ।
५. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ।
६. लैङ्गिकमैत्री, अपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने।
७. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।
८. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।

### ४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने।

ख) नतिजा

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने।
३. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने।
४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने।
५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने।
६. मातृभाषामा सिकाइको अवसर प्रदान गरिने।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ४.१ शैक्षिक समता र समावेशीकरणका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | | २ | नगरपालिका |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सहभागिता | निरन्तर | | १ | १ | | | ३ | सा.सि.के. |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | | | | | | | नगरपालिका |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | | | | | | | संघ/ प्रदेश/ नगरपालिका |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालयहरूमा वालमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | | | ५ | | ५ | २७ | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | मातृभाषामा  सिकाइको अवसर प्रदान गरिने। | निरन्तर | | | | | | | विद्यालय |
| ७ | मनोसामाजिक परामर्श | निरन्तर | | | | | | | विद्यालय |
| ८ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | आवश्यकता अनुसार | | १ | | १ | १ | ५ | संघ/ प्रदेश/ नगरपालिका |

## ४.४ बिद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो।आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छ।नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७-७८ मा यो लगानी करिब ८ अरब पुगेको छ।नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजनालगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य , प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन्।

**सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घर/कोठाको प्रबन्ध नै छैन भने भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद,जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ।

### ४.४.२ वर्तमान अवस्था

आ.व. २०७६/०७७ देखि नेपाल सरकारले विद्यालय दिवा खाजा कार्यक्रम शुरु गरे पश्चात् यस पालिकाका कक्षा १-५ सञ्चालित ३२ विद्यालय मार्फत ७७७८ विद्यार्थी लाभाम्वीत भएका छन् साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्वन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएकोछ। शैक्षिक सत्र २०७७ बाट निजगढ, बारामा विद्यालय नर्स सेवा कार्यक्रकम शुरु भएको छ। आधारभूत तह कक्षा ६-८ तथा माध्यमिक तह कक्षा ९-१२ का किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम विद्यालय मार्फत एक जना फोकल पर्सन तोकि २ दिनको अनुशिक्षण दिएर सामग्री सहित वितरण गरीएको छ तथा विद्यालयमा नआउने विद्यार्थीको फोलिक एसिड तथा आइरन चक्की नछुटोस् भन्ने अभिप्रायले स्थानीय स्वयम् सेवकलाई उक्त कार्यमा परिचालन गरिएको छ।

सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु २६ र महिला शिक्षक शौचालय २६ वटा छन्। खानेपानीको आफ्नै श्रोत भएका विद्यालय २७ वटा छन्। विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ।

### ४.४.३ अवसर तथा चुनौतीहरुः

दिवाखाजा तथा स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको समिक्षा गर्दा निम्न लिखित चुनौतीहरु पहिचान गरीयो

१. दिवा खाजा स्वास्थ्य तथा पोषण सरसफाइ स्वच्छताकालागि मितब्ययी प्रभावकारी दिगोपना पर्याप्त सँरचनागत ब्यबस्थापनका लागि गाँउपालिका स्वास्थ्य कार्यालय विद्यालय सँग कार्यविधि हुनु पर्ने
२. सँघीय कानून तथा गाँउपालिकाको कार्य विधि अनुसार विद्यालयमा दक्ष स्वास्थ्य प्राविधिकि ब्यबस्थापन गर्नु
३. दिवाखाजा स्वास्थ्य तथा पोषण र सरसफाइ स्वच्छताका लागि पर्याप्त वित्तिय प्रबन्ध सुनिश्चित गर्नु
४. विद्यालय खाजाकालागि उपयुक्त स्वरुप तथा स्थानीयता पौष्टिक तत्वयुक्त खाजा सुनिश्चित गर्नु
५. दिवाखाजाका लागि प्राविधिक क्षमता विकास गर्नु
६. विद्यालय खाजालाइ स्थानीय कृषि तथा ब्यापारलाई जोडनु
७. कार्यक्रमलाई प्रभावकारी अनुगमन र समयबद्ध मूल्याङ्ककन पद्दति विकास गर्नु
८. विद्यालय खाजा कार्यक्रमलाई सबै विद्यार्थीहरुले पाउने गरी कानूनी तथा वजेट ब्यबस्थापन गर्नु
९. विद्यालय खाजा विद्यालय सस्थ्य,पोषण तथा सफाइ स्वच्छता सम्बन्धि नीतिगत तथा कार्यक्रम समन्वयात्मक कार्यलाई ब्यबस्थित बनाउनु
१०. विद्यालय खाजा तथा अन्य विषयहरुलाई एकीकृतरुपमा सम्बन्धित गराउनु
११. विद्यालय स्वास्थ्य तथा बाताबरणीय लैङ्गिक स्वच्छता अपाङ्गता तथा समय सापेक्षतामा परिवर्तन तथा थप विकास गरी कार्यान्वयन गर्नु
१२. सरसफाइ तथा स्वच्छताकालागि आबश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्नु
१३. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने।
१४. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने।
१५. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु।

### ४.४.४ उद्देश्य

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ -

१. शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गरिने।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिनेछ।
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने।

४. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।
५. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

### ४.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको

साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने।

ख) प्रमुख नतिजाहरू

१. विद्यालय दिवा खाजा कर्यविधि २०७७,अद्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने।
२. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थकर्मी परिचालन हुने।
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने।
४. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने।
५. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने।
६. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ४.२ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १० ) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय दिवा खाजा कर्यविधि २०७७अद्यावधिक र परिमार्जन | पटक | | १ | | | | २ | नगरपालिका |
| २ | एक विद्यालय एक स्वास्थकर्मि | संख्या | | | १ | १ | १ | १३ | संघ/ प्रदेश/ नगरपालिका |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | | | ७ | ७ | ७ | २७ | नगरपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | | ६८- | | | | | विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पुर्वाधार विकास | संख्या | | ५ | ५ | ५ | ५ | २७ | विद्यालय |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा | निरन्तर | | | | | | | विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | | २७ | | | | | विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | अभिभावक आमा समूह | संख्या | | १ | | १ | १ | ५ | विद्यालय |

## ४.४ छात्रवृत्ति

### ४.४.१ परिचय

विद्यालय शिक्षामा विद्यार्थीहरुको सहभागिता वृद्धि गरि सिकाइलाई निरन्तरता दिन तथा विद्यालय वाहिर रहेका सामाजिक, आर्थिक रुपले पिछडिएका वर्गहरुलाई विद्यालय शिक्षामा सुनिश्चित गर्न अगाडि सारिएको उत्प्रेरणामूलक कार्य छात्रवृत्ति हो।जसले लक्षित समुदायहरु गरीब, सुविधाविहिन, अपाङ्गता तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्न मद्दत गर्दछ। छात्रवृत्तिलगायत विद्यार्थीलाई प्रदान गरिने सहयोगले न्यून आय भएका परिवार,सुविधाविहिन तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच तथा सहभागिताका लागि सहयोग गरि समता तथा समावेशिताको अवस्था सुधारमा योगदान गर्दछ। यस्तो सहयोगले आर्थिक अभावका कारणले विद्यालय पोशाक, स्टेसनरी लगायतका सामग्रीहरू, दिवा खाजा इत्यादि उपलब्ध हुन नसकी विद्यालयमा हुने विद्यार्थीको अनुपस्थिति र विद्यालय छाड्ने दर घटाउन सहयोग गर्दछ। यसबाट सबै बालबालिकालाई विद्यालय तहको शिक्षामा पहुँच र सहभागिता सुनिश्चित गर्न र आधारभूत तहमा अनिवार्य शिक्षा कार्यान्वयनमा सहयोग पुग्दछ।त्यसै गरि यसबाट विद्यालयमा उपस्थित हुन र सिकाइमा सक्रियतापूर्वक सहभागी हुन उत्प्रेरणा प्राप्त हुने भएकाले बालबालिकाको सिकाइ सुधार गरि शिक्षाको गुणस्तर सुधार गर्नमा पनि योगदान हुन्छ। विद्यालय शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्नका लागि प्रदान गरिने यस्ता छात्रवृत्ति तथा प्रोत्साहनहरू मूलतः गरीबी केन्द्रित हुन आवश्यक छ।

### ४.४.२ वर्तमान अवस्था

नेपाल सरकारले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि विभिन्न किसिका छात्रवृत्तिहरु प्रदान गर्दै आएको छ। यस पालिका अन्तर्गत आधारभूत तह कक्षा १-८ मा अध्ययनरत दलित छात्रा, दलित छात्र, अपाङ्गता भएकाहरुले यो सुविधा लिएका छन्। यस पालिकामा विभिन्न विद्यालयमा अध्यनरत वार्षिक परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरुलाई विभिन्न दाता तथा संघ सस्थाले प्रोत्साहन स्वरुप छात्रवृत्तिहरु प्रदान गर्दै आइरहेका छन्।

### ४.४.३. अवसर र चुनौतिहरु

यस गाँउपालिकाको छात्रवृत्ति सम्बन्धी निम्नलिखित चुनौतीहरु पहिचान गरीएको छ।

१. छात्रवृत्तिको रकम ज्यादै न्यून हुनु ।
२. छात्रवृत्ति वितरण गर्दा जात र लिङ्गलाई मात्र बढी महत्त्व दिनु ।
३. छात्रवृत्ति वितरण र यसको प्रभावकारिताको अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउनु ।
४. छात्रवृत्ति सहित सामुदायिक आवासीय विद्यालय व्यवस्थापन गर्नु

### ४.४.४ उद्देश्य

१. लक्षित वर्ग पहिचान गरि बालबालिकाहरूलाई सिकाइमा सहभागिता र उपलब्धि बढाउने।
२. विद्यालय शिक्षामा समानता र समता वृद्धि गरी समावेशी बनाउने।

### ४.४.५ रणनीतिहरू

१. लक्षित वर्ग पहिचान गरी छात्रवृत्ति वितरण गरिनेछ।

२. विद्यालय र समुदायको सहभागितामा प्रत्येक विद्यालयमा  छात्रवृत्ति व्यवस्थापन समिति र दिवा खाजा व्यवस्थापन समिति गठन गरिनेछ।
३. निःशुल्क प्राविधिक उच्च शिक्षाको अवसर पाएका विद्यार्थीले अध्ययन पश्चात् ५ वर्ष आफ्नो क्षेत्रमा रोजगारीको अवसर प्रदान गर्ने।

### ४.४.६ उपलब्धि,नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने।

ख) प्रमुख नतिजाहरु

१. लक्षित वर्ग पहिचान गरि एकीकृत छात्रवृत्ति प्रणालीको विकास र कार्यान्वयन हुने।
२. आर्थिक रुपमा पिछडिएका वर्गलाई छात्रवृत्ति वितरण गरिने।
३. सामुदायिक आवासीय विद्यालय छात्रवृत्ति सहितको हुने।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ४.३ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रमका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १० ) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | छात्रवृत्ति छनोट र वितरण कार्यविधि विकास | पटक | ० | १ | | | | २ | नगरपालिका |
| २ | छात्रवृत्ति र दिवा खाजा व्यवस्थापन समिति गठन | संख्या | ० | ० | २७ | | | | विद्यालय |
| ३ | अनुगमन तथा मूल्याङ्कन | संख्या | ० | ० | २७ | | | | नगरपालिका |

## ४.५ बिद्यालय सुरक्षा, विपद न्यूनिकरण तथा उत्पादनशिलता

### ४.५.१ परिचय

शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई शुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन्। विशेषत: लामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजना मा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

यस खण्डमा मूलत: तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ -

- क) प्राकृतिक प्रकोप: भूकम्प, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि।
- ख) महामारी: झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरूवा रोगहरू।
- ग) युद्ध, द्वन्द्व, विस्थापन: आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२, ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन (२०७५) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७७) ले छात्रवृत्ति, दिवाखाजा, सुविधा विहिनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गरेको छ। यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित

नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा फोन तथा टोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ यसै सन्दर्भमा कक्षागत रोल नं. लाई जोर विजोर प्रणालीमार्फत विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षण सिकाइ समेत भएको थियो। विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समिति, नेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ। विद्यालयमा रहेको जु.रे.स. तथा यु.रे.स. ले पनि विपदप्रति सचेतना जगाउदै आएका छन्। स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ।

### ४.५.३ अवसर तथा चुनौतिहरु

१. संकटको क्षेत्र पहिचान गर्नु।

२. संकटहरुको वर्गिकरण तथा योजना बनाउने ।

३. आपतकालिन अवस्थामा शिक्षा अन्तर सम्बन्धित विषयको रुपमा वा छुट्टै विधाको रुपमा सम्बन्धित गर्ने ।

४. प्राकृतिक प्रकोप र सोको जोखिम, महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने ।

५. अकल्पनिय घटनालाई योजनामा समेट्ने तथा स्रोत व्यवस्थापन गर्ने ।

६. तत्कालिन तथा दिर्गकालिन योजना वनाउने ।

७. संकटकालिन शिक्षा योजना निर्माणमा सहभागि हुने ।

८. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्ने।

### ४.५.४ उद्देश्यहरू

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।

२. सूचना तथा संञ्चार प्रविधिको विकास गर्ने।

### ४.५.५ रणनीतिहरू

स्थानीय सरकारले संकटको पहिचान मूल्याङ्कन का आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने छन्।

१. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ।

२. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथाम, र पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ।

३. विपद्मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ।

४. विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवाला लाई जिम्मेवार बनाइनेछ।

### ४.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

हरेक परिस्थितिमा बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको

हुने।

ख) नतिजा

१. विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने।
२. स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने।
३. महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ४.४ परिस्थितिजन्य शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १० ) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | आवस्यकतानुसार | | १ | | | | २ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | क्षमता विकास | संख्या | | | २७ | | | २७ | नगरपालिका |
| ३ | मापदण्ड अनुसारको भौतिक पूर्वाधार | निरन्तर | | | ७ | ७ | ७ | ३८ | संघ/ प्रदेश/ नगरपालिका |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | | ५ | १० | १५ | २० | ९० | नगरपालिका |
| ५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | संख्या | २ | ५ | ५ | ५ | ५ | २७ | नगरपालिका |
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस | संख्या | | ७ | ६ | ६ | ६ | २७ | नगरपालिका |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ। बालबालिका विद्यालयमा भर्ना हुनका लागि शुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई शुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ। यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.२ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय ४२ मध्ये ३२ सामुदायिक र १० सस्थागत विद्यालय छन् । सबै विद्यालयमा खानेपानीको आफ्नै श्रोत रहेका छन्। विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थनीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिने योजना छ

| | भौतिक विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रयोगमा आएका पक्की भवन को संख्या | ६३ | |
| २ | प्रयोगमा आएका कच्ची भवन भएको संख्या | ४० | |
| ३ | प्रयोगमा आएका शैचालयको संख्या | ४१ | |
| ४ | छात्राको लागि छुट्टै भएको शैचालय संख्या | १४ | |
| ५ | विजुली विद्यालयमा पुगेको छ विद्यालयको संख्या | ४२ | |
| ६ | खानेपानीको राम्रो ब्यवस्था भएको छ विद्यालयको संख्या | ४२ | |
| ७ | विद्यालय घेराबार ब्यवस्थापन भएको विद्यालयको संख्या | १२ | |
| क्रस | शिक्षणसिकाइ सम्बन्धि विवरण | संख्या | प्रतिशत |
| १ | कक्षा १ बाट ३ सम्मको शिक्षण ब्यवस्था विषयगत शिक्षण | ४२ | |
| २ | कक्षा १ बाट ३ सम्मको शिक्षण ब्यवस्था कक्षागत शिक्षण | ० | |
| ३ | कक्षा १ बाट ३ सम्मको शिक्षण ब्यवस्था बहुकक्षा शिक्षण | ० | |
| ४ | कक्षा १ बाट ३ सम्मको शिक्षण माध्यम अंग्रेजी भएका विद्यालय संख्या | ६ | |

### ४.६.३ अवसर र चुनौतिहरु

विद्यालय पूर्वाधार विकाससँग सम्बन्धित निम्नलिखित चुनौतीहरू रहेका देखिन्छन् -

१. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।
२. पूर्वाधार विकास कालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।
३. शुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।
४. आवश्यक स्रोतको व्यवस्थापन गर्नु।
५. पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु।

### ४.६.४ उद्देश्य

१. शुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।
२. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री बनाउने।

### ४.६.५ रणनीतिहरू

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ।
३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय , भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गरिनेछ।
४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ।
५. पूर्वाधार निर्माणसँगै शुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ।
६. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ।
७. आंसिक रुपमा क्षति भएका विद्यालयका संरचनाको मर्मत सम्भार गरिनेछ।

### ४.६.६ उपलब्धि, नतिजा तथा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

क) उपलब्धि

सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

ख) नतिजा

१. माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने।
२. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने।
४. पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने।
५. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने।
६. विद्यालयमा अपाङ्गमैत्री, बालमैत्री तथा लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने।
७. सबै विद्यालयको क्षेत्रभित्र घेराबारा र प्रवेश गेट निर्माण भएको हुने।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ४.५ विद्यालय भौतिक पूर्वाधार विकासका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | | १ | | | | २ | नगरपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | १ | | | ३ | नगरपालिका |
| ३ | अपाङ्गमैत्रीबालमैत्री तथा लैङ्गिक मैत्री , भौतिकपूर्वाधार निर्माण | संख्या | | | २ | २ | २ | १३ | नगरपालिका |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | | | | | | | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | | | | | | | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन | आवश्यक | | | | | | | नगरपालिका |

## ४.७ बिद्यालयमा सूचना तथा र संचार प्रविधि

### ४.७.१ परिचय

सूचना प्रविधि भन्नाले ध्वनी, तस्विर, अक्षर तथ्यांकको रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु कम्प्युटर तथा दुरसञ्चारको प्रविधिको प्रयोग गरि भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ। २१ औ शताव्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ। अबको शिक्षा विश्वव्यापिकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ। विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी शुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजारसामू अग्रपंक्तिमा पुर्याउने भन्ने होडमा रहेका छन्। शिक्षाको राष्ट्रिय नीति २०७६ को ४८ मा सूचना तथा संचार प्रविधिलाई शिक्षा प्रणालीको अंगको रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनु पर्दछ।

### ४.७.२ वर्तमान अवस्था

नेपाल सरकारकाले २०७६ मा स्वीकृत राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरु उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरुमा सूचना तथा प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्याउने , तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा आधुनिक प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने र दक्ष जनशक्ति तयार गर्ने कुरा उल्लेख गरिएको, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरु योजनाले दश हजार भन्दा बढी विद्यालयहरुमा सिकाइका लागि इन्टरनेट कनेक्टिभिटी समित सूचना प्रविधिको विकास गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार

प्रविधिको प्रयोग गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रममा समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज, शिक्षक र विद्यार्थीको पहुँच उक्त प्रविधिमा सहजरुपमा पुर्याउने कार्य गर्नु आजको आवश्यकता रहेको छ।

यसै गरी विद्यालय क्षेत्र विस्तार कार्यक्रममा पनि सूचना तथा प्रविधिका क्रियाकलाप समेत समावेश गरिएको छ। जसमा सिकाइमा सूचना तथा प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान गणित र अङ्ग्रेजी विषयमा विद्युतिय सामग्री निर्माण गर्ने, पूर्वधार विकास शिक्षण सिकाय सामग्री प्रदान गर्ने। नमूना विद्यालयहरुमा सूचना तथा प्रविधिको सिकाइ केन्द्र स्थापन गर्ने साथै एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकिकृत शैक्षिक सूचना प्रणाली विकास गर्ने कार्यहरु रहेको पाइन्छ। उल्लिखित नीतिहरु तथा योजनाले लक्षित गरेका कार्यहरुको प्रगति र वर्तमान अवस्थालाई र एकिकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली मा आधारित बनाइएको छ। तथापि धेरै जसो विद्यालयमा कम्प्युटर लगायतका सूचना प्रविधि सम्बन्धी सामग्री तथा इन्टरनेटको अभावले यसलाई पूर्ण बनाउन सकिएको छैन यसै गरी विद्यालय प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम र उच्च शिक्षाका अलग अलग शैक्षिक सूचना पद्धति भएकाले तिनीहरु बीच सम्बन्ध स्थापित गर्न जटिल भएको छ। हाल अधिकाशंमा सामुदायिक विद्यालयहरुमा कम्प्युटर सम्बन्धी सामग्रीहरु उपलब्ध गराइए पनि नेट इन्टरनेटको पहुँच भने कम भएको पाइन्छ। अर्को तिर यि सुविधाहरुको सिकाइमा प्रयोग गर्ने विद्यालयहरुको संख्या न्यून नै छ। तसर्थ एकातिर साधन र संरचना बढाउन आवश्यक छ भने अर्को तिर यसको प्रभावकारी प्रयोग गर्नु पर्ने देखिन्छ। शिक्षण सिकाइमा प्रविधिको प्रयोगका लागि डिजिटल सामग्रीहरु पर्याप्त नहुनु एक समस्याकै रुपमा देखिन्छ।

माथि उल्लेखित भएका उपलब्धि तथा अवसरहरुको आधारमा गत २०७६/०७७ को अन्त्यबाट कोभिड १९ को प्रभाव मुलुक भरका सबै विद्यालयहरुमा ६ महिना भन्दा बढी बन्द रहन गएको अवस्थामा शिक्षा मन्त्रालयले जारी गरेको कोभिड महामारी अवस्थामा हुन सक्ने निशेधाज्ञाको प्रकृति अनुरुप शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सम्बन्धित कृयाकलापहरुको कार्यान्वयन सम्बन्धी कार्ययोजना २०७८ तयार गरी जारी गर्दै सोहि आधारमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सरकारी तवरबाट प्रयास गरेको र अन्य सरोकारवाला साथै विभिन्न निकायको समन्वयमा विद्यार्थी सिकाइलाई निरन्तरता दिनका लागि अवस्था अनुकूल विभिन्न वैकल्पिक सिकाइका विधिहरुको विकास,व्यवस्थापन तथा सञ्चालन मध्ये प्रविधिमा आधारित विधिहरु नै प्रमुख रहेका छन्। यस्ता विधिहरुमा मुख्य गरी छापाका शिक्षण सिकाइ सामग्री रेडियो, टि भिबाट प्रसारित सामग्रीहरु विद्युतिय माध्यमबाट प्राप्त सामग्रीहरु पुस्तकालय साथै अन्य नीजि तथा सरकारी तवरबाट भर्चुअल माध्यमको प्रयोग गरी सिकाइका विधिहरुको अबलम्वन गरिएको छ। यस अवधिमा गरेका क्रियाकलापको आधारमा हेर्दा १३ प्रतिशत विद्यालयहरुले मात्र धभद मा आधारित सामग्री प्रयोग गरेको देखिन्छ भने बाँकी विद्यालयहरुले अन्य वैकल्पिक विधिहरुको प्रयोग गरेको पाइन्छ।

शैक्षिक व्यवस्थापनमा सूचना र प्रविधिको व्यवस्थापन गर्ने क्रममा एकिकृत शैक्षिक व्यवथापन सूचना प्रणाली को स्थापना गरी स्थानिय सम्म एकिकृत संचितकोष व्यवस्थापन प्रणाली विकास गरी अनलाइन पद्दतिको विकास गरिएको छ।विद्यालयको लेखा प्रणाली परीक्षा संग सम्बधित कार्य गर्नकालगि अनलाईन प्रणालीलाई थप व्यवस्थित गर्नु पर्ने देखिन्छ। विद्यालय क्षेत्र विकास योजना SSDP कार्यान्वयनको हाल सम्मको अवस्था हेर्दा संरचनामा रहेका २८,८३३ सामुदायिक विद्यालयहरु मध्ये ५०.२ प्रतिशत विद्यालयमा विद्युत र १८.७ प्रतिशत विद्यालयमा इन्टरनेटको सुविधा उपलब्ध भएको देखिन्छ भने ४१.९ प्रतिशत विद्यालयमा कम्प्युटरको सुविधा छ तर ३७ प्रतिशत विदालयमा मात्र शिक्षण सिकाइ प्रयोजनमा

कम्प्युटरको प्रयोग भएको पाइन्छ । प्रशासनिक कार्यमा कम्प्युटरको प्रयोग गर्ने विद्यालयको संख्या ३६ प्रतिशत रहेको हुदाँ कतिपय विद्यलयमा कम्प्युटर पनि प्रयोग नभएको अवस्था छ । तर वि।स। २०७६ देखि नेपाल दुरसंचार विकासकोष मार्फत केहि विद्यालयहरुलाई प्रस्ताव आह्वान गरी कनक्टिभिटी र अन्य संरचना सहयोग गरिरहेको छ

यस पालिकाले आ.ब. २०७७/०७८ मा मल्टिमिडिया समेतको सुविधा भएका ५ वटा विद्यालय छन्। निजगढमा २७ वटा विद्यालयमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा भएका विद्यालयहरु क्रमशः ६, २ र २२ वटा रहेका छन्।

| | शैक्षिक सामग्रीको अवस्था | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शिक्षण सिकाइको लागि प्रोजेक्टरको व्यवस्था भएको विद्यालय | ६ विद्यालय | |
| २ | कक्षा १ - ३ मा न्युनत्तम ५० थान सहितको पुस्तक कुना निर्माण भएको विद्यालय | ३२ विद्यालय | |
| ३ | विज्ञान प्रयोगशाला ब्यवस्था गरिएको विद्यालय | ५ विद्यालय | |
| ४ | कम्प्युटर प्रयोगशाला ब्यवस्था गरेको विद्यालय | ६ विद्यालय | |
| ५ | | | |
| ६ | पुस्तकालय ब्यवस्था गरिएको विद्यालय | १२ विद्यालय | |
| ७ | अंग्रजी गणित र विज्ञान विषयग किटको ब्यवस्था गरिएको विद्यालय | १२ विद्यालय | |
| ८ | कक्षा १ बाट ३ सम्म छापायुक्त कक्षाकोठा ब्यवस्थापन गरेका विद्यालय | ७ विद्यालय | |
| ९ | पाठ्यपुस्तक सबै बालबालिकाहरुले प्राप्त गर्ने विद्यालय | ३२ विद्यालय | |

### ४.७.३ अवसर र चुनौतिहरु

शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ -

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्न।
२. विस्तार गरिएका ई-पुस्तकालयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न।
३. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्न।
४. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्न।
५. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्न।
७. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियाता बढाउने।

### ४.७.४ उद्देश्यहरू

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।
२. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।

### ४.७.५ रणनीतिहरू

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने।
२. शिक्षकहरूको क्षमता विकास गरी स्वयम् सेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
३. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ।
४. सबै विद्यालयहरूमा सि.सि. क्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिनेछ।
५. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्दतिको विकास गरिनेछ।
६. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुऱ्याउने।
७. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।
८. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।
९. विद्युत्तीय पुस्तकालय लाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ।
१०. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ।

### ४.७.५ नतिजा, क्रियाकलाप तथा लक्ष्य

क) उपलब्धि

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री बातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने।

ख) नतिजा

१. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन , डिजिटल ल्याव स्थापना र सञ्चालन हुने।
२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने।
३. स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन का लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभ हुने।
४. विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने।
५. प्रत्येक वडामा एक फ्रि वाई-फई चौतारी निर्माण गर्ने।
६. शिक्षकहरूको क्षमता विकास गरी स्वयम्सेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
७. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा विस्तार हुने।
८. सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने।

ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

**तालिका ४.६ शिक्षामा सूचना र प्रविधिका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | भौतिक | कैफियत |
|---|---|---|---|---|---|

| | | | १ | २ | ३ | ४ | ५ | लक्ष्य १० ) (वर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | | १० | १० | ५ | ७ | ३२ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | ICT शिक्षक व्यवस्थापन ,डिजिटल ल्याव स्थापना | संख्या | | | १ | | | | प्रस्थानीय / . |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | | १० | १० | ५ | ७ | २७ | विद्यालय |
| ४ | ईपुस्तकालय- आद्यावधिक र विस्तार | संख्या | २४ | | | १० | | २७ | नगरपालिका |
| ८ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | | | | | | | नगरपालिका |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | निरन्तर | | | | | | | नगरपालिका |
| १० | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन | | | | | सबै | | | संघ/ प्रदेश/ नगरपालिका |

# परिच्छेद पाचः सुशासन तथा व्यवस्थापन

## ५.१ परिचय

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ। शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्। विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसै गरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ। यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

## ५.२ संस्थागत संरचना र क्षमता विकास

### ५.२.१ परिचय

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनाका

प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार;प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ।

### ५.२.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन्। यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने स्थानीय तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन्।

| | **ब्यवस्थापन तथा सुशासन** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | विद्यालय व्यवस्थापन समिति गठन | | |
| २ | शिक्षक अभिभावक संघ गठन | | |
| ३ | बाल कल्ब गठन | | |
| ४ | लैगिक सम्पर्क ब्यक्ति तोकेको | | |
| ५ | विषयगत समितिहरु निर्माण गरिएको तथा क्रियाशिल रहेका छन् | | |
| ६ | विद्यालय सुधार योजना निर्माण गरिएको छ | | |
| ७ | सामाजिक परीक्षण गरिएको छ | | |
| ८ | गत आवको लेखा परीक्षण गरिएको छ | | |
| ९ | इन्टरनेटको ब्यवस्था | | |
| १० | कार्यालय काममा प्रयोग गर्ने प्रिन्टरको ब्यवस्था छ | | |
| ११ | कार्यालय काममा प्रयोग गर्ने लाप्टप तथा डेस्टपको ब्यवस्था छ | | |
| १२ | सेनिटर प्याड ब्यवस्थापन गरेका विद्यालय | | |
| १३ | कक्षा १-५ खाजा कार्यक्रम ब्यवस्थापन गरेका विद्यालय | | |

### ५.२.३ अवसर तथा चुनौतिहरु

- संविधानले तोकिएका स्थानीय तहका अधिकार सूचीहरुलाई कार्यान्वयन गर्न,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले गर्ने कार्यहरु किटानी साथ सुनिश्चित गर्न,
- शैक्षिक तथ्याङ्क, सङ्कलन, सूचना संकलनका साथै प्रवाहीकरण गर्न,
- शिक्षामा पारदर्शी, जिम्मेवारी, जवाफदेहिता र उत्तरदायित्व बोध र प्रयोग गर्न,
- सामाजिक लेखापरीक्षण, सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई र कार्यहरुको सञ्चार तथा सूचना प्रविधिको उपयोग भई सार्वजनिक सूचना प्रवाह गर्न,
- विद्यालय तथा शैक्षिक संस्थाहरुको निरीक्षण, अनुगमन सुपरीवेक्षण जस्ता कार्यमा प्रणालीगत व्यवस्था,
- सुशासन कायम गर्ने संख्यानेतृत्वहरु सक्षम र जनमुखि बनाउन संस्थागत÷प्रणालीगत विकास गर्नु,
- शिक्षामा विकेन्द्रीकरण कार्य-अधिकार र कर्तव्य बिचमा समजस्यता मिलाउन,
- सुशासन सम्बन्धी स्पष्ट कानुन नहुनु र भएको ऐन, नियमको पनि पूर्ण पालना गर्न,
- अनावश्यक राजनैतिक हस्तक्षेप कम गर्न,
- उपलब्ध मानवीय संसाधन, भौतिक साधन र स्रोतको पनि उचित प्रयोग र परिचालन गर्न,
- पर्याप्त रुपमा सूचना र प्रविधिको विकास र प्रयोगमा गर्न,
- अनुगमन, निरीक्षण र सुपरिवेक्षण कार्य प्रभावकारी हुन सक्नु,
- समुदाय भित्रका विद्यालय उमेरका सबै बालबालिकालाई अझ पनि विद्यालयीय शिक्षाको पहुँचमा ल्याउन,
- विशेष प्रकृतिका बालबालिका लागि उपयुक्त शैक्षिक वातावरणमा समायोजन हुन सक्नु,
- बुद्धिजीवि, शिक्षाप्रेमी, नागरिक समाज, पत्राकार जनप्रतिनिधि, अभिभावक विभिन्न क्षेत्रमा आवद्ध पेशाकर्मी तथा व्यवसायिहरु आदिको भूमिकालाई सशक्त गर्दै लैजानु,
- शिक्षामा आधुनिक सूचना सञ्चार प्रविधिको अधिकतम उपयोगमा सीपगत-प्राविधिक कठिनाइ रहनु आदि जस्ता चुनौति यस गाउँपालिकामा विद्यालय सुशासन र व्यवस्थापनका प्रमुख चुनौति हुन्।

### ५.२.४ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन्ः

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि  गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने

२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने

३. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने

४. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने

### ५.२.५ रणनीतिहरू

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने

२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने

३. समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने

४. विद्यालयका दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने

### ५.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी

प्रणालीमा विकास भएको हुने।

ख) प्रमुख नतिजाहरू

१. स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने
२. स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने
३. शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने
४. शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने

ग) प्रमुख क्रियाकलाप र लक्ष्य

**तालिका ५.१ संस्थागत संरचनाका लागि प्रमुख क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १० ) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | संख्या | २ | ४ | ४ | ४ | ४ | | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | ० | १ | ० | ० | ० | १ | स्थानीय तह |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | २ | ४ | ४ | ४ | ४ | | स्थानीय तह |
| ४ | प्र.अ.लाई कार्यसम्पादन करार गरी जिमवेवार वनाउने | संख्या | २ | ४ | ४ | ४ | ४ | | स्थानीय तह |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | २ | ४ | ४ | ४ | ४ | | स्थानीय तह |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्र वडा ) (संख्या | १ | ४ | ३ | ३ | २ | | स्थानीय तह |
| ७ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | २ | ४ | ४ | ४ | ४ | | स्थानीय तह र विद्यालय |
| ८ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | संरचना | ४ | ६ | ६ | ५ | ५ | | स्थानीय तह |

## ५.३ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध

### ५.३.१ परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन्। यसै गरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ। अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम ,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन्

नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु जरुरत छ। कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपन, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ।

### ५.३.२ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नु पर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा महाशाखा/शाखा रहेका छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ।

### ५.३.३ अवसर तथा चुनौतीहरु

हालको संरचनामा देखिएका केही समस्या तथा चुनौतीहरू निम्न अनुसार छन् -

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।
६. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने,

### ५.३.४ योजना कार्यान्वयनको प्रबन्ध

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकारी गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

**स्थानीय तह**

१. कोल्हबी नगरपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
२. कोल्हबी नगरपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।
३. कोल्हबी नगरपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन्।
४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कोल्हबी नगरपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।
५. कोल्हबी नगरपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।
६. कोल्हबी नगरपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिका स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने।

**विद्यालय**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने।
२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।
३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।
४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।
५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।
६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन समबन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने।
७. विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।

**समुदायिक सिकाइ केन्द्र**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने।

१. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

२. सा.सि.के. ले विषयगत स्थानीय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने।

# परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन

## ६.१ परिचय

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ।दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो।शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ। राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ।शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन्।शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ। यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ।पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

## ६.२ वर्तमान अवस्था

कोल्हबी नगरपालिकाको आ.व. २०७८/७९ को कूल बजेट मध्ये रु. १,६६,००,००० (४.२७ प्रतिशत) शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तरगतको बजेट विनियोजन गरेको छ।शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ।सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ।नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ।

### ६.२.१ शिक्षामा राज्यको लगानीको अवस्था

नेपालमा वि. सं. २०४९/५० मा शिक्षामा राज्यको लगानी कूल राष्ट्रिय बजेटको करिब ८.५ प्रतिशत मात्र रहेकोमा सबैको लागि शिक्षा अभियान (सन् १९९० को दशक) सँगै आ.व. २०६७/६८ मा आइपुग्दा यो प्रतिशत १७.१ पुगेको थियो।कूल गार्हस्थ उत्पादनसँग शिक्षा क्षेत्रको बजेट तुलना गर्दा वि सं. २०५५ देखि २०७५ सम्मको अवधिमा नेपाल सरकारको शिक्षामा लगानी कूल गार्हस्थ उत्पादनको औसत ३.७ प्रतिशत रहेको थियो।विगत एक दशक अवधिमा सरकारबाट कूल राष्ट्रिय

बजेटको औसत १३.२ प्रतिशत बजेट शिक्षा क्षेत्रमा लगानी भएको पाइन्छ। नेपालमा शिक्षाको लगानीमा वैदेशिक सहायताको पनि महत्त्वपूर्ण अंश रहेको छ।विगत ५ वर्षमा शिक्षा क्षेत्रको बजेट तथा उक्त बजेटमा वैदेशिक सहायताको अवस्था हेर्दा कूल शिक्षा बजेटको औसत १०.६८ प्रतिशत वैदेशिक सहायताको रहेको छ।विगत ५ वर्षको शिक्ष ा क्षेत्रको बजेट देहायअनुसार रहेको छ।

**तालिका ६.१ विगत पाँच वर्षमा शिक्षा बजेटको स्वरूप (बजेट रु करोडमा)**

| आ.व. | शिक्षा बजेट | बैदेशिक सहायता रकम | बैदेशिक सहायता प्रतिशत | वार्षिक बजेट बृद्धि प्रतिशत | शिक्षा बजेटमा गार्हस्थ उत्पादनको प्रतिशत | कुल संघीय बजेटमा शिक्षा जेटको अंश | कुल स्थानीय बजेटमा शिक्षा वजेटको अंश |
|---|---|---|---|---|---|---|---|
| २०७३/७४ | ११,६३६ | १०३४ | ८.८८ | १७.९६ | ४.१ | ११.१ | |
| २०७४/७५ | १२,६६४ | १०९६ | ८.६५ | ८.८४ | ४.२ | ९.९ | |
| २०७५/७६ | १३,४५१ | १२८७ | ९.५७ | ६.२१ | ४.१ | १०.२ | |
| २०७६/७७ | १६,३७६ | १७४६ | १०.६६ | २१.७४ | ४.४ | १०.६ | |
| २०७७/७८ | १७१७१ | २४५१ | १४.२८ | ४.८६ | ४.३ | ११.७ | ४।२७ |

स्रोतः अर्थ मन्त्रालय (सम्बन्धित आ.व.को बजेट पुस्तिका)

### ६.२.२ शिक्षामा निजी लगानी

नेपालमा निजी क्षेत्रबाट सञ्चालित संस्थागत विद्यालमा पढ्ने विद्यार्थी सङ्ख्या पनि बढ्दो नै छ । पालिकाको लगानी प्रत्यक्ष रूपमा नभए पनि प्रशासनिक र व्यवस्थापकीय कार्यमा सहयोग तथा सहजीकरण र नियमनका पक्षमा सरकारको भूमिका रहेको छ।

**तालिका ६.३ नेपालमा प्रति विद्यार्थी लगानीको तुलनात्मक अवस्था**

| शिक्षाको तह | प्रति विद्यार्थी लगानी रु. | | कैफियत |
|---|---|---|---|
| | सार्वजनिक | नीजि | |
| बालविकास शिक्षा | ३६०२ | १७,३३६ | |
| प्राथमिक तह (१-५) | ११,५३६ | २०,२५४ | |
| आधारभूत तह (६-८) | ११,२५१ | १९,९८४ | |
| माध्यमिक तह (९-१०) | १०,६८१ | ३१,६९६ | |
| माध्यमिक तह (११-१२) | १६,५५६ | ३५,७५२ | |

स्रोतः NCE Nepal (Cited from UNESCO/ILEP and MOE,2018)

## ६.३ अवसर तथा चुनौतिहरु

उल्लिखित जानकारी तथा विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरीएको छ -

- शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र द ीगो स्रोत व्यवस्थापन गर्ने।

- संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह विचको शिक्षाको लगानी मापदण्ड र बित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने।
- संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायक ो रूपमा विकास गर्ने।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने।
- वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसको द ीगोपना सुनिश्चित गर्ने।
- आधुनिक प्रविधि विशेष गरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने।
- शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरूः प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने।
- विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्ने।
- शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, विभिन्न कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने।
- गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने
- वित्तीय व्यवस्थापनक कार्यकुशल बउनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने
- वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्न।

## ६.४ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन् -

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।

२. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।

३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।

४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।

५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रिया उपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु।

## ६.५ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन् -

१. विद्यालय शिक्षाको लागि कानूनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछ।यसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आआफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने।

२. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेही हुने पद्धति विकास गर्ने।

३. सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ।

४. नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा  गर्नका लागि निश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ।

५. उपागम को अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च  गरिनेछ।

६. सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ।

७. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सञ्चालन गर्न व्यवस्था गरिनेछ।

८. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ।

९. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ।

१०. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ।

## ६.६ स्रोतको अनुमान र विश्लेषण

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा अपेक्षा र नीतिका आधार तथा स्रोत उपलब्धताको अनुमान जस्ता दुई मूलभूत प्रक्रिया बीचमा सामानजस्य गर्ने प्रयास हुन्छ।नागरीक अपेक्षा, राष्ट्रिय प्रतिवद्धता, संवैधानिक प्रत्याभूति, शिक्षाका राष्ट्रिय नीति तथा कार्यक्रमलाई उचित रूपमा सम्बोधन गर्न स्रोतको आकलन गर्न पर्ने हुन्छ।त्यसरी आँकलन गरीएको स्रोत कति

हुन्छ र हामीसँग सामथ्र्य के कति छ त्यो पनि सँगसँगै विश्लेषण गरीन्छ।सामान्यतया राष्ट्रिय सामर्थ्य कूल गार्हस्थ उत्पादनलाई आधार बनाई निकालिन्छ।

**तालिका ६.६ कूल गार्हस्थ उत्पादनका आधारमा स्रोतको आँकलन**

| क्र. सं. | विवरण | २०२०/ २१ | २०२१/ २२ | २०२२/ २३ | २०२३/ २४ | २०२४ / २५ | २०२५ / २६ | २०३० |
|---|---|---|---|---|---|---|---|---|
| १. | कूल गार्हस्थ उत्पादनमा बृद्धि (%) | | | | | | | |
| २ | कूल गार्हस्थ उत्पादन ( रु.लाखमा) | | | | | | | |
| ३. | मुद्रा स्फिति (%) | | | | | | | |
| ४ | कूल गार्हस्थ उत्पादनको प्रतिशतका रुपमा स्थानीय बजेट | | | | | | | |
| ५ | कूल गार्हस्थ उत्पादनको प्रतिशतका रुपमा शिक्षामा लगानी | | | | | | | |
| ६. | कूल स्थानीय बजेटमा शिक्षा बजेटको प्रतिशत (कार्यक्रमगत) | ४.२७ | ६ | ८ | १२ | १५ | १६ | २० |

## ६.७ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान

कोल्हबी नगरपालिकाले १० वर्षका लागि तयार गरेको शिक्षा क्षेत्रको योजना (२०७८-२०८७) मा विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रम अनुसार बजेट अनुमान गरिएको छ।बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता सहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ।प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम् सक्षमताका मापदण्ड पूरा गरि गुणस्तरीय सेवा सुनिश्चित गर्न लगानी बढाइएको छ।माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यावसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ।आधारभूत तहमा पाँच वर्षमा सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम् सक्षमताका मापण्ड पूरा गर्ने भने माध्यमिक तहमा दश वर्षभित्र सबै विद्यालयमा यो मापदण्ड पूरा गर्ने गरी बजेट प्रस्ताव गरिएको छ।विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ।पाठ्यक्रमको सान्दर्भिकता बढाउने. पाठ्यपुस्तक सुधार गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता तथा समाविशतामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमध्ये केहीलाई आवासीय प्रबन्धसहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्तिका लागि पनि उल्लेख्य बजेट प्रस्ताव गरिएको छ।

**तालिका ६.७ विद्यालय क्षेत्रअन्तर्गत विभिन्न उपक्षेत्र तथा विषयमा प्रस्तावित बजेट**

| क. सं. | उपक्षेत्र | २०७८/ ०७९ | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ | २०८२/ ०८३ | ५वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बाल विकास र शिक्षा | ८ | ८ | ८ | ८ | ८ | ४१ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | आधारभूत शिक्षा | १५ | १५ | १६ | १६ | १५ | ७७ |
| ३ | माध्यमिक शिक्षा | २० | २० | २१ | २१ | २० | १०२ |
| ४ | उच्च शिक्षा | २ | २ | २ | २ | २ | १० |
| ५ | पाठ्यक्रम तथा मूल्याङ्कन | ५ | ५ | ५ | ५ | ५ | २६ |
| ६ | शिक्षक व्यवस्थापन र विकास तथा शक्षिक पेशागत सहयोग | ४० | ४१ | ४२ | ४२ | ४० | २०५ |
| ७ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ | २ | २ | २ | २ | २ | १० |
| ८ | शैक्षिक समता र समावेशीकरण | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ९ | दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १५ |
| १० | छात्रवृत्ति | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ११ | परिस्थितिजन्य शिक्षा | ५ | ५ | ५ | ५ | ५ | २६ |
| १२ | विद्यालयको भौतिक पूर्वाधार विकास | ५० | ५१ | ५२ | ५३ | ५० | २५६ |
| १३ | शिक्षामा सूचना र प्रविधि | ७ | ७ | ७ | ७ | ७ | ३६ |
| १५ | अनुगमन तथा मूल्याङ्कन | ३ | ३ | ३ | ३ | ३ | १५ |
| जम्मा रु. लाखमा | | १६६ | १६९ | १७३ | १७६ | १६६ | ८५० |

अनुमान पहिलो पाँच वर्षमा लागि जम्मा ८५० लाख नेपाली रुपैया आवश्यक देखिन्छ जसमा शिक्षक, कर्मचारी तथा सहजकर्ताको कुनैपनि पारिश्रमिक जोडिएको छैन।

# ७ अनुगमन तथा मूल्याङ्कन

## ७.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन,वितरण,लगानीको प्रवाह,कार्यक्रम कार्यान्वयन प्रक्रिया,शैक्षिक क्रियाकलापहरू कार्य तालिका अनुसार कार्यान्वयन,लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी,निरीक्षण, पुनर्निरीक्षण,पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ। शैक्षिक कार्यक्रमहरूको औचित्यता, सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने

मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्।

## ७.२ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय एकाइबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्य ढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, कोल्हबी नगरपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरीने गरिएको छ।वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली लाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलव्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ। अनुगमन तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु जनि उत्तिकै आवश्यक छ।

## ७.३ अवसर तथा चुनौतीहरु

उल्लिखित विश्लेषणका आधारमा प्रमुख यस योजनामा अनुगमन तथा मूल्याङ्कनसम्बन्धी निम्नलिखित चुनौतीहरू

पहिचान गरिएको छ ।

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमन कर्ताको विकास गर्नु।
२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु
३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु।
४. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु।
५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु।
६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।
७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वासनीय बनाउनु।

## ७.४ उद्देश्य

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।
३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलव्धि हासिल गर्नु।
४. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।

## ७ .५ रणनीतिहरू

१. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने
२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने
३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने
४. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने
५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन मूल्याङ्कन प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने
६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने
७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने
८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने
९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्य स्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने

## ७ .५ सिकाइ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

क) उपलब्धि

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने।

**ख) प्रमुख नतिजा**

अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

**ग) अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरु**

**तालिका ७ .२ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलाप र लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य १० ) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |

| | | | | | | | | (वर्ष | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | स्थानीय तह |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु अध्यावधिक गर्ने | पटक | ० | १ | १ | १ | १ | ९ | स्थानीय तह |
| ३ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | ३ | ४ | ४ | ५ | ५ | ५० | स्थानीय ,प्रदेश र संघ (सबै विद्यालयमा) |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समीक्षा र प्रतिवेदन (वार्षिक /चौमासिक) | वार्षिक | ३ | ३ | ३ | ३ | ३ | ३० | स्थानीय तह र विद्यालय |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | २ | २ | २ | २ | २ | २० | विद्यालय |
| ६ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | ० | २ | २ | २ | २ | १२ | स्थानीय तह |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ० | ३ | ३ | ३ | ३ | २४ | स्थानीय तह |
| ८ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | १० | स्थानीय तह र विद्यालय |

# परिच्छेद आठ: योजनाको नतिजा खाका

## ८.१ परिचय

कोल्हबी नगरपालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाले लिएको दूरदृष्टि, दीर्घकालीन सोच, उद्देश्य तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरेको छ।यस योजनामा गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आकलन गरीएको छ भने दश वर्षमा हुने नतिजाको पनि प्रक्षेपण गरीएको छ। नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारी समेत उल्लेख गरिएको छ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो। जसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ। यसले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ। यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ। नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ। यस परिच्छेदमा योजनाको समग्र खाकाअन्तर्गत अपेक्षित प्रभावको आँकलन, उपलब्धिहरू तथा

उपलब्धिका सूचकहरू समावेश गरीएको छ। त्यसै गरी यसमा मुख्य कार्यसम्पादन सूचकहरू तथा कार्यक्रम नतिजा ढाँचा पनि प्रस्तुत गरिएको छ।

## ७.२ योजनाको समग्र नतिजा खाका

यस शिक्षा क्षेत्रको योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाका अन्तर्गत देशको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ। त्यसै गरी योजनाको तत्कालीन, ध्यकालीन र दीर्घकालीन तथा उपलब्धिहरू उल्लेख गरीएको छ भने  उपलब्धिका नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि उल्लेख गरिएको छ। यस पछिका दुई तालिकामा (तालिका ७.१ र ७.२) नतिजाका प्रमुख सूचकहरूका मुख्य कार्यसम्पादन सूचकहरू र कार्यक्रम नतिजा सूचकहरू समावेश गरिएको छ।

तत्कालीन उपलब्धि

तालिका  ८.१ योजनाको समग्र नतिजा, नतिजा खाका अपेक्षित प्रभाव तथा उपलब्धिहरू

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | निशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको पूर्ण कार्यान्वयन | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>• वार्षिक परीक्षको नतिजा विष्लेषण |
| २ | पोषणयुक्त दिवा खाजा | | |
| ३ | घुम्ती पुस्तकालय सञ्चालन | | |
| ४ | स्थानीय पाठ्यक्रम कार्यान्वयन | | |
| ५ | निरक्षरहरुको विवरण संकलन | | |
| ६ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |
| ७ | विद्यालयको मर्मत सम्भार | | |
| ८ | ईपुस्तकालय- अद्यावधिक र विस्तार | | |

मध्यकालीन उपलब्धि

| क्र.सं. | उपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | स्नातक तहको अध्ययन | • प्रमुख कार्य सम्पादन सूचकहरु,<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली,<br>• वार्षिक स्थिति, अनुगमन, प्रगति प्रतिवेदन,<br>• वार्षिक परीक्षको नतिजा विष्लेषण |
| २ | प्राविधिक धारको स्तर उन्नती | | |
| ३ | स्वयम् सेवक शिक्षक तयारी | | |
| ४ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | | |
| ५ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | | |
| ६ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | | |
| ७ | User Manual समेतको प्राथमिक उपचार बाकस | | |
| ८ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | | |

दीर्घकालीन उपलब्धि

| क्र.सं. | उवपलब्धि | नतिजा सूचक | स्रोत तथा तरिका |
|---|---|---|---|
| १ | सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गरीने। | • प्रमुख कार्य सम्पादन सूचकहरु<br>• कार्यक्रम नतिजा सूचकहरु | • एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली<br>• वार्षिक स्थिति प्रतिवेदन<br>• वार्षिक अनुगमन प्रतिवेदन<br>• विभिन्न तहमा वार्षिक प्रगति प्रतिवेदन<br>• वार्षिक परीक्षको नतिजा विष्लेषण |
| २ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँच ,सहभागिता र गुणस्तर अभिवृद्धि हुने। | | |
| ३ | माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने। | | |
| ४ | शुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर हुने। | | |
| ५ | विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञान ,सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरीक तयार गर्न सहयोग हुने। | | |
| ६ | प्रविधिमैत्रीक्षमतावान् र सक्षम , शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुने। | | |
| ७ | सबै नागरीकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुने। | | |
| ८ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित हुने। | | |
| ९ | विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, स्वच्छ खानेपानी तथा सरसफाइ प्रति सचेत हुने। | | |
| १० | आर्थिक अभावका कारणले कुनैपनि बालबालिका शिक्षाको अवसरबाट बञ्चित नहुने। | | |
| ११ | हरेक परिस्थितिमा बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरीने। | | |
| १२ | सबै विद्यार्थीहरूलाई शुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने। | | |
| १३ | समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधि मैत्री वातावरण निर्माण भई विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार ल्याइ सुशासन प्रवर्धन हुने। | | |
| १४ | शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास हुने। | | |
| १५ | प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने। | | |

## ८ .३ प्रमुख कार्य सम्पादन सूचकहरु

तालिका ७.२ प्रमुख कार्य सम्पादन सूचकहरु

| क्र.स. | सूचकहरु | आधार बर्ष २०७७ को अवस्था | लक्ष्य | | | | | ०७८ ७९/ देखि /०८२ ०८३ सम्म | ०८३ ०८४/ देखि /०८७ ०८८ सम्म |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०७८ ७९/ | ०७९ ०८०/ | ०८० ०८१/ | ०८१ ०८२/ | ०८२ ०८३/ | | |
| **१. प्रारम्भिक बाल बिकाश तथा शिक्षा** | | | | | | | | | |
| ११. | कुल भर्नादर | ११०.६ | ११०.६ | १०८ | १०७ | १०६ | १०३ | १०३ | १०० |
| १२. | चार बर्षका बालबालिकाहरुको भर्ना अनुपात | ८२.६ | ८२.६ | ८५ | ८८ | ९० | ९५ | ९५ | ९० |
| १३. | न्यनतम योग्यता पुगेका शिक्षक प्रतिशत | N/A | N/A | ७० | ८० | ९० | ९८ | ९८ | १०० |
| १४. | आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत | N/A | N/A | ७० | ८० | ९० | ९६ | ९६ | १०० |
| १५. | कक्षा १ का नवप्रवेशी मध्ये प्रारम्भिक बालबिकाश तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत | ६७.७ | ६७.७ | ७५ | ८० | ९० | ९५ | ९५ | १०० |
| **२. आधारभुत शिक्षा** | | | | | | | | | |
| २१. | कक्षा १ मा कुल प्रवेशदर | १२७.६ | १२७.६ | १२० | ११५ | ११० | १०५ | १०५ | १०० |
| २२. | कक्षा १ मा खुद प्रवेशदर | ९८ | ९८ | ९८५. | ९९ | ९९५. | १०० | १०० | १०० |
| २३. | कक्षा १मा कुल भर्ना दर ५- | ११२.६ | ११२.६ | ११० | १०५ | १०३ | १०२ | १०२ | १०० |
| २४. | कक्षा १मा खुद भर्ना दर ५- | ९६.६ | ९६.६ | ९७ | ९८ | ९८५०. | ९९ | ९९ | १०० |
| २५. | कक्षा १८- मा कुल भर्ना दर | १०६.७ | १०६.७ | १०५ | १०४ | १०२ | १०१ | १०१ | १०० |
| २६. | कक्षा १८- मा खुद भर्ना दर | ८७.१ | ८७.१ | ९० | ९२ | ९३ | ९५ | ९५ | १०० |
| २७. | कक्षा १८- खुद भर्नादरमा लैङ्गिक समता सूचकांक | N/A | N/A | N/A | N/A | N/A | १ | १ | १ |
| २८. | कक्षा ८ मा टिकाउ दर | ७६ | ७६ | ७८ | ८० | ८५ | ८०९. | ८०९. | ९९ |
| २९. | आधारभूत शिक्षाको तह पुरा गर्ने दर | ७१.८ | ७१.८ | ७५ | ८० | ८५ | ९०. | ९०. | ९८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २१. | ५बर्ष १२- उमेरका बिद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | N/A | N/A | N/A | N/A | N/A | २ | २ | ० |
| २.११ | कक्षा १३- मा सिकाई उपलब्धि | ६२५४. | ६२५४. | ६४ | ६५ | ७० | ७२ | ७२ | ७५ |
| २१२. | कक्षा ४५- मा सिकाई उपलब्धि | ५८.९३ | ५८.९३ | ६० | ६२ | ६५ | ६८ | ६८ | ७० |
| २१३. | कक्षा ६८- मा सिकाई उपलब्धि | ४८७२. | ४८७२. | ५५ | ६० | ६५ | ६८ | ६८ | ७० |
| **३. माध्यमिक शिक्षा** | | ० | ० | | | | | | |
| ३१. | कुल भर्नादर कक्षा ९१०- | ८१.६ | ८१.६ | ८५ | ८३ | ८५ | ९० | ९० | १०० |
| ३२. | खुद भर्ना दर कक्षा ९१०- | ५८.७ | ५८.७ | ६० | ६५ | ७० | ७५ | ७५ | ९५ |
| ३३. | कुल भर्नादर कक्षा ९१२- | ९४.९ | ९४.९ | ९६ | ९७ | ९८ | ९९ | ९९ | १०० |
| ३४. | खुद भर्नादर कक्षा ९१२- | ४६.७ | ४६.७ | ५० | ५५ | ६० | ७० | ७० | ९० |
| ३५. | कुल भर्नादर कक्षा ११ १२- | N/A | N/A | ७० | ७५ | ८० | ८५ | ८५ | ८० |
| ३६. | खुद भर्नादर कक्षा ११ १२- | N/A | N/A | ७० | ७५ | ८० | ६० | ६० | ७० |
| ३७. | कक्षा १० सम्म को टिकाउ दर | ६४.४ | ६४.४ | ७० | ७५ | ८० | ८५ | ८५ | ९५ |
| ३८. | कक्षा १२ सम्म को टिकाउ दर | N/A | N/A | N/A | N/A | N/A | ५० | ५० | ८० |
| ३९. | कक्षा ११२- मा खुद भर्नादरका आधारमा लैङ्गिक समता सूचकांक | N/A | N/A | N/A | N/A | N/A | १ | १ | १ |
| ३१. | सिकाई उपलब्धि  कक्षा ९१०- | ४६९७. | ४६९७. | ५० | ५५ | ६० | ६५ | ६५ | ७० |
| ३११. | सिकाई उपलब्धि  ११ १२- | ४६९७. | ४६९७. | ५० | ५५ | ६० | ६५ | ६५ | ७० |
| **४. अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई** | | | | | | | | | |
| ४१. | ५ बर्ष माथिको साक्षरता दर | N/A | N/A | ७० | ७५ | ८० | ८५ | ८५ | ९० |
| ४२. | १५२४- बर्षको साक्षरता दर | N/A | N/A | ७० | ७५ | ८० | ८५ | ८५ | १०० |
| ४३. | १५ बर्ष माथीको साक्षरता दर | N/A | N/A | ४८ | ५० | ५३ | ७० | ७० | ७० |
| **५महिला . शिक्षक प्रतिशत** | | | | | | | | | |
| ५१. | आधारभुत तह | ४८८५. | ४८८५. | ५० | ५० | ५० | ५० | ५० | ५० |
| ५२. | माध्यमिक तह | ६४५. | ६४५. | १५ | २० | २५ | ३० | ३० | ४० |
| **६. प्राथमिकता प्राप्त न्युनतम सक्षमता )PMEC) पुरा गरेका बिद्यालय प्रतिशत** | | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **६१.** | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र | N/A | N/A | N/A | N/A | N/A | ६० | ६० | ९० |
| **६२.** | आधारभुत बिद्यालय | N/A | N/A | N/A | N/A | N/A | ७० | ७० | ९५ |
| **६३.** | माध्यमिक बिद्यालय | N/A | N/A | N/A | N/A | N/A | ६० | ६० | ९० |
| **७** | स्थानीय बजेटमा शिक्षा क्षेत्रको बजेटको प्रतिशत | ४२७. | ४२७. | ८ | १२ | १५ | १८ | १८ | २० |

# अनुसूची

## अनुसूची १ नगर शिक्षा समितिको विवरण

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| ०१ | | | |
| ०२ | | | |
| ०३ | | | |
| ०४ | | | |
| ०५ | | | |
| ०६ | | | |
| ०७ | | | |
| ०८ | | | |
| ०९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |

## अनुसूची २ सामाजिक विकास समितिको विवरण

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

## अनुसूची ३ शिक्षा क्षेत्रको योजना निर्माण समितिको विवरण

| क्र.सं. | नाम, थर | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

## अनुसूची ४ शिक्षा क्षेत्रको योजना निर्माण प्रविधिक समितिको विवरण

| क्र.सं. | नाम, थर | कार्यालय | सम्पर्क नं. |
|---|---|---|---|
| ०१ | | | |
| ०२ | | | |
| ०३ | | | |
| ०४ | | | |
| ०५ | | | |
| ०६ | | | |
| ०७ | | | |

## अनुसूची ५ शिक्षा, युवा तथा खेलकुद शाखाका कर्मचारीको विवरण

| क्र.सं. | पद | नाम, थर | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| | | | | |

## अनुसूची ६ सामुदायिक तथा संस्थागत विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुको विवरण

सामुदायिक

| क्र.सं. | विद्यालयको नाम | प्र अ को नाम, थर | सम्पर्क नं. |
|---|---|---|---|
| ०१ | | | |
| ०२ | | | |
| ०३ | | | |
| ०४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |

| | | | |
|---|---|---|---|
| १८ | | | |
| १९ | | | |
| २० | | | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |
| २७ | | | |

संस्थागत

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कक्षा | प्रअको नाम | प्रअको फोन नं |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

## सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह ( कक्षा १-३ ) पाठ्यक्रम, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौं
- शिक्षा सम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति (२०७६), कानून किताव खाना काठमाडौं
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौं योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून किताव खाना काठमाडौं
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना (२०७७),**DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय